# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ५ अङ्क ४४ पूर्णाङ्क २३४ २०७८ वैशाख २७ गते सोमबार Monday, 10 May, 2021 पृष्ठ ८ मूल्य रू. १०।–


## गीता बञ्जाडेको निधनमा श्रद्धाञ्जली व्यक्त



दाङ। नेपाल कम्युनिस्ट पार्टी दाङ जिल्ला सेक्रेटरी नरेन्द्र बन्जाडेकी जीवनसङ्गिनी गीता बन्जाडेको निधन भएको छ। घोराही उपमहानगरपालिका-३ गोग्ली निवासी पचास वर्षीय गीता विगत लामो समयदेखि विरामी रहेको र घोराही स्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भर्ना गरि उपचार गराउँदा स्वास्थ्यमा सुधार नआएपछि चितवन मेडिकल कलेजमा भर्ना गरी उपचार गराएको पारिवारिक श्रोतले जनाएको छ। उपचारकै क्रममा आज गए राती निधन भएको गीताका श्रीमान नरेन्द्र बन्जाडेले बताए।

गीताको निधनमा बाँकी ४ पेजमा

# ओली सरकारको जनविरोधी स्वास्थ्य अपराध

काठमाडौं। नयाँ भेरियन्टसहितको कोभिड-१९ (कोरोना भाइरस)को दोस्रो लहरको संक्रमण भयावह रूपमा फैलिएको छ। पछिल्लो परीक्षण परिणामलाई हेर्ने हो भने सक्रिय संक्रमितको संख्या लाख नजिक पुगिसकेको छ भने मृत्यु हुनेको संख्या पनि ४ हजार नाघ्न लागिसकेको छ। संक्रमण भुसको आगो झैं फैलिदै गर्दा अस्पतालहरू संक्रमितहरूले भरिएका छन्। बेड नपाएर सडकमै उपचार गर्न संक्रमितहरू बाध्य छन् भने कतिपयको समयमा उपचार नपाएर अकालमै ज्यान गइरहेको छ। त्यसमाथि अक्सिजन लगायत आधारभूत स्वास्थ्य सामग्रीको पनि अभाव हुँदा संक्रमितहरूले उपचार पाउन सकेका छैनन्। संक्रमितहरूका शव जलाउने ठाउँको अभाव हुन थालेको छ। यतिखेर बाग्मतीका नदी किनारहरूमा दैनिक दर्जनौंको संख्यामा संक्रमितहरूको शव जल्न थालेको छ। यस्तो अवस्थामा सरकारले अरबौं कमिसनको लोभमा निजी अस्पताल तथा मेडिकल माफियाहरूलाई पोस्ने गरी एकातिर संक्रमित जनताको उपचार गर्न नसक्ने घोषणा गरेको छ भने अर्कोतिर निशुल्क रूपमा लगाउँदै आएको खोप पनि खरिद मूल्यभन्दा चार गुणा बढीमा बेच्ने गरी निजी कम्पनीलाई जिम्मा लगाएको छ। ओली सरकार यसरी जनताको स्वास्थ्य उपचारको दायित्व जिम्मेवारीबाट पन्छिएपछि जनतासँग रोग र भोकबाट तड्पिदै मर्नुको विकल्प छैन। अचाक्कली महंगोका कारण जनसर्वसाधारणले निजी अस्पतालमा गएर कोरोनाको उपचार गराउन सक्ने स्थिति छैन।

निजी अस्पतालहरूले कोरोना संक्रिमतहरूसँग उपचारको नाममा दैनिक सात हजारदेखि ५० हजारसम्म असुल्ने गरेका विवरणहरू सार्वजनिक भइसकेका छन्। खुल्लम खुल्ला मेडिकल माफियाहरूले सार्वजनिक सुचना जारी गरेर नै विरामीसँग यसरी चर्को शुल्क असुलेका समाचारहरू सार्वजनिक भइरहँदा सरकार भने एकातिर मेडिकल माफियाहरूकै प्रतिरक्षामा लागेको छ भने अर्कोतिर सत्ता स्वार्थको खेलमा रमाइरहेको छ। सरकार मात्रै होइन प्रतिपक्षी दल लगायत सबै संसदवादी राजनीतिक पार्टी र तिनका नेताहरू सत्ता कसरी हत्याउने भन्ने खेलमा दिनरात लागिरहेका छन्। जनताको कष्टकर दैनिकीप्रति कुनै संवेदना छैन।

### संक्रमितहरूको निःशुल्क उपचार गर : क्रान्तिकारी माओवादी

यसैबीच, नेकपा (क्रान्तिकारी माओवादी)ले वक्तव्य जारी गरी ओली सरकारको जनस्वास्थ्य विरोधी रवैयाको घोर विरोध एवम् भण्डाफोर गर्दै संक्रमितहरूको निःशुल्क र निश्पक्ष उपचारको व्यवस्था मिलाउन जोडदार माग गरेको छ। वैशाख १९ मा एक वक्तव्य जारी गर्दै क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य किरणले यस्तो माग गरेका हुन्।

महासचिव किरणले जारी गरेको वक्तव्यमा भनिएको छ, "यतिबेला देशमा कोभिड-१९को दोस्रो लहर फैलिरहेको छ। प्रतिदिन संक्रमित हुने र मृत्यु हुनेहरूको सङ्ख्या डरलाग्दोगरि बढिरहेको छ। यस्तो अति संवेदनशील अवस्थामा ओली सरकारले नागरिकहरूको उपचार गर्न नसक्ने घोषणा गरेको छ। यो उपचारको नाममा निजी अस्पतालहरूलाई ब्रह्मलुट गर्न अवसर मिलाइदिनका लागि सरकारले गरेको अत्यन्त गैरजिम्मेवारपूर्ण र जनविरोधी घोषणा हो। हाम्रो पार्टी सरकारको यस्तो अभिव्यक्तिको घोर विरोध र तीव्र भर्त्सना गर्दछ।

यस्तो गंभीर स्थितिमा देशका सरकारी तथा निजी सबै अस्पतालहरूमा कोभिड नियन्त्रणका लागि आवश्यक जनशक्ति, उपचार सामग्री र अन्य साधनहरूको व्यवस्था गरी संक्रमितहरूको निशुल्क अपचार गर्न हाम्रो पार्टी सरकारसँग जोडदार माग गर्दछ। साथै लकडाउनका कारण हातमुख जोड्न समेत अप्ठ्यारोमा परेका सबैको र मुख्यतः असङ्गठित क्षेत्रमा कामगर्ने मजदुरहरूको जीवन बचाउनका लागि राहतको व्यवस्थागर्न सरकारसँग विशेष माग गर्दछ।

यस्तो गंभीर स्थितिमा संक्रमितहरूको उपचारको व्यवस्था मिलाउन र लकडाउनका कारण विचल्लीमा परेका सबैको सहयोगका लागि आवाज उठाउन हाम्रो पार्टी सामान्यतः आम जनतामा र विशेषतः पार्टीका सम्पूर्ण कमरेडहरूमा विशेष अनुरोध गर्दछ।"

### 'मेडिकल माफियाहरूमाथि कडा कारबाही गर'

२५ वैशाखमा अर्को वक्तव्य जारी गर्दै नेकपा (क्रान्तिकारी माओवादी)ले मेडिकल माफियाहरूका कारण जनताको स्वास्थ्यमाथि गम्भिर खेलवाड भएको र माफियाहरूले महामारीको समयमा विरामीसँग लुटको धन्दा चलाएको भन्दै मेडिकल माफियाहरूलाई कडाभन्दा कडा कारबाही गर्न जोडदार माग गरेको छ। पार्टीका प्रवक्ता हरिभक्त कँडेलले जारी गरेको वक्तव्यको सुरुमै भनिएको छ, "यतिबेला देशमा कोभिड-१९को दोस्रो लहरका कारण कोरोना सङ्क्रमण नियन्त्रण बाहिर गएको छ, सङ्क्रमितहरू अस्पतालका चिसो छिंडीमा अक्सिजन नपाएर छट्पटाइरहेका छन् र लासहरू सडकमा अलपत्र छिरलिएका छन्। यस्तो अत्यन्तै संवेदनशील अवस्थामा ओली सरकारले जनताको निःशुल्क उपचार गर्न नसक्ने घोषणा मात्र गरेको छैन करोडौं रुपियाको कमिसनको चक्करमा निजी कम्पनी हुकमलाई खोपको आयात गर्ने अनुमति दिएर मेडिकल माफियालाई पोस्ने र आर्थिक हैसियत कमजोर भएको श्रमजीवि वर्गलाई कोरोना महामारीको उपचारबाट बञ्चित गराउने जनविरोधी अपराध गरेको छ। हाम्रो पार्टी यसको घोर विरोध र तीव्र भर्त्सना गर्दछ।"

वक्तव्यमा मेडिकल माफियाहरूलाई कारबाही गर्न माग गर्दै भनिएको छ, "स्वास्थ्य सङ्कटको यस्तो गम्भीर स्थितिमा निजी तथा सरकारी अस्पतालहरूलाई एउटै कमाण्डमा परिचालन गरी कोरोना संक्रमितहरूलाई निःशुल्क उपचारको व्यवस्था गर्न र सङ्कटको बेला जनताको सम्पत्तिको ब्रह्मलुट गर्ने मेडिकल माफियालाई कडा भन्दा कडा कार्बाही गर्न हाम्रो पार्टी सरकारसँग जोडदार माग गर्दछ। साथै प्रायः देशैभरि निषेधाज्ञा गरिएका कारण रोजगारी गुमाई दुई छाक चलाउन गाह्रो भएका सबैको र मुख्यतः असङ्गठित क्षेत्रमा कामगर्ने मजदुरहरूको जीवन रक्षाका लागि आवश्यक राहतको व्यवस्थागर्न सरकारसँग विशेष माग गर्दछ।"

### "रोम जलिरहेछ, निरो बाँसुरी बजाइरहेछन्"

वर्तमान सरकार र अन्य सबै पार्टीहरू एकताबद्ध भएर चुनौतीको सामना गर्नु पर्ने विद्यमान परिस्थितिमा सत्ताधारी वर्गका संसदवादी पार्टीहरू सत्ता र सुविधाको भागबण्डाका लागि सत्ताको समीकरण मिलाउने काममा व्यस्त रहेका छन्। यसले 'रोम जलिरहेछ, निरो बाँसुरी बजाइरहेछन्' भन्ने भनाइलाई चरितार्थ गरेको छ। यसलाई क्रान्तिकारी माओवादीले 'प्रतिक्रियावादी सत्ता, संसदीय व्यवस्था र त्यसलाई निर्देशित गर्ने साम्राज्यवादी नवउदारवादको असली चरित्र' का रूपमा विश्लेषण गरेको छ।

वक्तव्यको अन्तमा भनिएको छ, "देश अद्वितीय स्वास्थ्य सङ्कटका बीचबाट गुज्रिरहेको छ। यो स्थितिमा हाम्रो पार्टी सरकारको जनविरोधी स्वास्थ्य नीति र मेडिकल माफियाको कालोबजारीका विरुद्ध आ-आफ्नो ठाउँबाट आवाज उठाउन, आवश्यक सतर्कता सहित कोरोना संक्रमितहरूको निश्पक्ष उपचारको व्यवस्था मिलाउन र लकडाउनका कारण विचल्लीमा परेका सबैको सहयोगका लागि अगाडि बढ्न सामान्यतः आम जनतामा र विशेषतः पार्टीका सम्पूर्ण कमरेडहरूमा विशेष अनुरोध गर्दछ।"

यसरी लुटको धन्दा चलाइरहेका छन् निजी अस्पतालहरूले बाँकी ६ पेजमा

## नेकपा (क्रान्तिकारी माओवादी)का प्रवक्ता प्रतीकद्वारा सरकारको जनविरोधी स्वास्थ्य नीति र मेडिकल माफियाको कालोबजारीका विरुद्ध आवाज उठाउन सबैमा आव्हान गर्दै प्रेस वक्तव्य प्रकाशित

**आवश्यक सतर्कता सहित कोरोना संक्रमितहरुको निःशुल्क र निश्पक्ष उपचारको व्यवस्था मिलाउन र लकडाउनका कारण विचल्लीमा परेका सबैको सहयोगका लागि अगाडि बढ्न आम जनतामा र विशेषतः पार्टीका सम्पूर्ण कमरेडहरूमा अनुरोध**

काठमाडौं। कोभिड-१९को दोस्रो लहरका कारण कोरोना संक्रमण सरकारको लापर्वाहीका कारण नियन्त्रण बाहिर गएको छ, । संक्रमितहरू अस्पतालका चिसो छिंडीमा अक्सिजन नपाएर छट्पटाइरहेका छन् र लासहरू सडकमा अलपत्र छिरलिएका छन्। यो अवस्था भनेको सरकारको लापर्वाही नै हो। यस्तो अवस्थामा जनताको जीवनमाथि खेलवाड गर्दै सरकारले जनताको निःशुल्क उपचार गर्न नसक्ने घोषणा मात्र गरेको छैन करोडौं रुपियाको कमिसन्को चक्करमा निजी कम्पनीलाई खोपको आयात गर्ने अनुमति दिएर मेडिकल माफियालाई पोस्ने काम गरेको छ। सकारको यस्तो़ जनविरोधी कार्यका विरुद्ध आवाज उठाउन आव्हान गर्दै निम्न प्रेस वक्तव्य प्रकाशित गरिएकोछ -

**प्रेस–वक्तव्य**

यतिबेला देशमा कोभिड-१९को दोस्रो लहरका कारण कोरोना संक्रमण नियन्त्रण बाहिर गएको छ, संक्रमितहरू अस्पतालका चिसो छिंडीमा अक्सिजन नपाएर छट्पटाइरहेका छन् र लासहरू सडकमा अलपत्र छिरलिएका छन्। यस्तो अत्यन्तै संवेदनशील अवस्थामा ओली सरकारले जनताको निःशुल्क बाँकी ४ पेजमा

## नेकपा (क्रान्तिकारी माओवादी) कालीकोट जिल्ला सचिव कर्णबहादुर वीसीको नेतृत्वमा कालीकोट वस्तीहरूमा भेटघाट, छलफल अभियान सञ्चालन गर्दै



कालिकोट। नेकपा (क्रान्तिकारी माओवादी)ले कोभिड १९लाई मध्यनजर गर्दै यतिवेला कालिकोटका वस्तिहरूमा मास्क, स्यानीटाइजर र प्राथमिक आत्मसुरक्षाका साथ जनताका माझमा शस्स्त्र जनविद्रोह मार्फत संघीय जनगणतन्त्रको स्थापनाका लागि संगठित हुन सम्पूर्ण क्रान्तिकारी शक्तिहरू खासगरी पूर्व जनमुक्ति सेना तथा माओवादीका क्रान्तिकारी नेता तथा समर्थकहरू, सहीद तथा वेपत्ता योद्धा परिवार र समर्थक शुभचिन्तकहरूका माझ भेटघाट, बाँकी ४ पेजमा

## कार्लमार्क्सको २०३औँ जन्मदिवसमा क्रान्तिकारी माओवादीको अपिल :

# नयाँ जनवादी क्रान्तिको कार्यदिशालाई समृद्ध तुल्याउँदै मार्क्सले देखाएको युगान्तकारी परिवर्तनको बाटोमा दृढतापूर्वक अगाडि बढौं !

काठमाडौं। नेकपा (क्रान्तिकारी माओवादी) ले कार्ल मार्क्सको २०३औं जन्मदिवस अवसरमा वक्तव्य जारी गर्दै नयाँ जनवादी क्रान्तिको कार्यदिशालाई समृद्ध तुल्याउँदै र सच्चा कम्युनिस्टहरूलाई एकताबद्ध तथा ध्रुवीकृत गर्दै मार्क्सले देखाएको युगान्तकारीपरिवर्तनको बाटोमा दृढताका साथ अगाडि बढ्न सम्पूर्ण पार्टीपंक्ति तथा आम उत्पीडित जनतामा आर्दिक आह्वान गरेको छ। पार्टी महासचिव मोहन वैद्य किरणले जारी गरेको वक्तव्यमा चनिएको छ, 'विश्वभरिका





प्रतिक्रियावादी शासकहरू तथा सबै खाले संशोधनवादका विरुद्ध निर्मम सङ्घर्ष गर्नु र नयाँ जनवादी क्रान्तिको दिशामा अगाडि बढ्नुमा नै कार्ल मार्क्सका ऐतिहासिक तथा युगान्तकारी योगदानहरूको पुनः संस्मरण र मार्क्सवादप्रति निष्ठा जाहेर गर्नुको सार्थकता निहित छ।'

**वक्तव्यको पुर्णपाठ यसप्रकार रहेको छ–**

'मई ५ तदनुसार बैशाख २२ गते कार्ल मार्क्सको २०३औं जन्म दिवस हो। विश्व सर्वहारा वर्गका महान् नेता कार्ल मार्क्स ५ मई १८१८ का दिन बाँकी ७ पेजमा

# अखिल (क्रान्तिकारी)द्वारा स्वास्थ्य माफियालाई कारवाही गर्ने चेतावनी

काठमाडौं। अखिल (क्रान्तिकारी) जसले शिक्षा र स्वास्थ्यमा भइरहेका निजीकरण, व्यापारीकरण, दलालीकरण र माफियाकरणविरुद्ध निरन्तर संघर्ष गर्दै आइरहेको छ र वर्तमानमा पनि कोभिड-१९ को खोप आउन नसक्नुमा ओली सरकारले स्वास्थ्य माफियाहरूलाई संरक्षण गर्नुका साथै स्वयं सरकार नै माफियाको जालोमा फस्न पुग्नु हो। कोभिड-१९ को पहिलो लहरमा ओम्नीजस्ता स्वास्थ्य माफियाहरूको हितमा काम गरेको र अहिले फेरी उस्तै इतिहास दोहोरिन गएको अवस्थामा कतै सरकारले नै ती माफियाहरूको नेतृत्वसमेत गरिरहेको त छैन ? भन्ने प्रश्न समेत उठेको छ। यसै सन्दर्भलाई लिएर नेपालको क्रान्तिकारी विद्यार्थीहरूको नेतृत्व गर्दै आएको अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेलव्दारा माथि उललेखित प्रेस वक्तव्य प्रकाशित गरिएको छ।

# मनाङेको माहौलमा सहिद मित्रमणिको सम्झना

❑ **सुरेन्द्र बस्नेत**

वैशाख १८ गते अन्तर्राष्ट्रिय मजदुर दिवस। सोही दिन सहिद मित्रमणि आचार्य दिवस पनि हो। तर समय धेरै नै फेरिएको छ। कतिपय मानिसलाई यतिबेला मजदुर भन्दा'मनाङे' प्रिय लाग्न थालेको छ। अहिलेको सरकारी कम्युनिस्ट पार्टीमा भएका धेरैलाई आज मित्रमणि आचार्यलाई सम्झने कुनै फुर्सद छैन। धेरैलाई त मित्रमणि कुन चरीको नाम हो भन्ने स्थिति आइसक्यो। मनाङेलाई बधाई दिनमा नै उनीहरूलाई भ्याईनभ्याई छ। दीपक मनाङेलाई बधाई दिन लालायित धेरै सरकारी अखिलका साथीलाई आज न सहिद मित्रमणि आचार्यलाई सम्झने फुर्सद छ न त मजदुर दिवस स्मरण गर्ने जांगर छ। मनाङे तिनै पात्र हुन् जसलाई लुटपाट, व्यक्ति हत्या र अन्य कयौं अपराधका दर्जनौं मुद्दा चलिरहेका छन्। आफुलाई कम्युनिस्ट दाबी गर्ने पार्टीले उनलाई हालै गण्डकी प्रदेशको युवा तथा खेलकुद मन्त्री बनायो।

सत्ता टिकाउने नाममा गरिएको यो नियुक्ति निर्लज्जताको पराकाष्ठा हो। योसंगै अब मजदुरले क्रान्ति गरेर मुक्ति ल्याउने हैन 'भगवान् राम ' मुक्तिका लागि चितवनको माडीमा आइपुगिसके भन्ने थेसिसले पनि प्रश्रय पाउन थालेको छ। बाँकी ७ पेजमा

# संसदीय व्यवस्थाको नौटंकी र नयाँ विकल्प

***संसदीय व्यवस्थाका पुराना पुजारीहरू त छँदै थिए उनीहरूले त यो व्यवस्थाको गुणगान गाउनु स्वाभाविकै हो। त्यस बाहेक, केहि वर्ष अघि मात्र 'संसदीय व्यवस्था खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने थलो हो' भन्ने भनाइ ठीक हो भनेर त्यही गीत गाउनेहरू पनि 'यही संविधान उत्कृष्ट हो। यही संसदीय व्यवस्था उत्कृष्ट हो।' भन्ने गीत गाउन थाले पछि यो संसदीय व्यवस्थाको वखान गर्नेहरूको कमी छैन***



● सी पी गजुरेल ●

अहिले नेपालमा जुन संविधान कायम छ, त्यो जारी भएको पनि पुगनपुग ६ वर्ष हुन लागे छ। एउटा व्यवस्थाले राष्ट्र र जनताका निमित्त के गर्न सक्छ भन्ने संकेत दिनका लागि यो समय अवधि कम होइन। ६ वर्षको अवधिमा कैयौ. राष्ट्रहरूमा जनताले राम्रोसँग अनुभूत गर्न सक्ने गरी, जनताका दैनिक जीवनमा सकारात्मक प्रभाव पार्न सक्ने गरी कामहरू भएको हामी देख्न सक्द छौं। नेपाली जनताले पनि आफ्नो देशमा त्यस्तै किसिमका कुनै परिवर्तन हुन्छ होला भन्ने परिकल्पना गरेका थिए। जस्ले यो संविधान बनाएको जिम्मा लिने गरेका छन्, तिनीहरूले पनि जनतालाई त्यसै किसिमको आश्वासन् र भरोसा दिलाउने काम गरेका थिए। तर, नेपाली समाजमा यी विगतका ६ वर्षमा जे जस्ता कामहरू भए, त्यसबाट नेपाली जनता छाँगाबाट खसे जस्तो भएका छन्। यती भ्रष्ट, यती बाँकी ७ पेजमा

## सम्पादकीय

### निःशुल्क उपचार र राहतको व्यवस्था गर !

कोरोना संक्रमणले सिंगै देशलाई गाँज्न पुगेको छ। सरकारको गम्भिर लापरवाहीका कारण कोरोना भुसको आगो झैं देशका ७७ वटै जिल्लामा फैलिएपछि अधिकांश जिल्लामा निषेधाज्ञा जारी गरिएको छ। निषेधाज्ञा जारी गरेपछि दैनिक मजदुरी गरेर जीविका चलाउने श्रमिक तथा गरिब वर्ग नराम्रो मारमा परेको छ। उनीहरूका लागि रोगभन्दा ठूलो भोक बन्न पुगेको छ। निषेधाज्ञाको आधा महिना बित्न लाग्दा पनि सरकारले कुनै राहतको व्यवस्था गरेको छैन। यो वर्ग अहिले बडो समस्यामा परेको छ।

पछिल्लो तथ्यांकलाई हेर्ने हो भने सक्रिय संक्रमितको संख्या लाखको हाराहारी पुगिसकेको छ। मृत्युदर पनि ह्वात्तै बढेको छ। अस्पतालमा बेड र अक्सिजनको हाहाकार छ। अस्पताल जाँदा पनि उपचार नहुने स्थिति देखिन थालेपछि संक्रमितहरूले आत्महत्या समेत गर्न थालेका घटनाहरू समेत सार्वजनिक हुन पुगेका छन्। संक्रमितहरूको मृत्युको संख्या बढ्न थालेपछि घाटमा लास जलाउन समेत ठाउँ अभाव हुन थालेको छ। कोरोना संक्रमणले स्थिति भयावह बन्दा नेपाली जनजीवन नराम्ररी अस्तव्यस्त बन्न पुगेको छ। यस्तो संवेदनशील अवस्थामा ओली सरकारले भने संक्रमित जनताहरूको उपचार गर्न नसक्ने घोषणा गरेर अमानवीय चरित्र प्रदर्शन गरेको छ। बरु उ सत्तामा कसरी टिकिरहने र सत्ता र शक्तिको चरम दुरूपयोग गरी देश र जनतालाई कसरी लुटिरहने भन्ने सत्ता स्वार्थको खेलमा टुप्पिदेखि पैतलासम्मको बल लगाएर लागि परेको छ। जनता रोगले मरुन् कि भोकले शासकहरूलाई केही मतलव छैन। बरु अरबौं कमिसनको सर्तमा निजी मेडिकल माफियाहरूको मिलेमतोमा संक्रमितहरूको उपचारको जिम्मा निजी अस्पतालहरूलाई जिम्मा लगाएको छ। सरकारी अस्पतालमा कृत्रिम अभाव समेत सिर्जना गरेर संक्रमित विरामीहरूलाई निजी अस्पतालमा जान बाध्य पारिएको छ। निजी अस्पतालहरूले यही मौका पारेर बेडको मात्रै दैनिक ७ हजारदेखि ५० हजारसम्म असुल्न थालेका छन्। जनसर्वसाधारणका लागि यो अवस्था भनेको स्वास्थ्य उपचार सेवा आकाशको फल आँखा तरी मर भनेजस्तै हो। निजी अस्पतालहरूको यो अमानवीय लुट चरित्रको सार्वजनिक रूपमा सप्रमाण आलोचना तथा उजुरी हुँदा पनि ओली सरकारले त्यसको सुनवाई गर्नुको सट्टा निजी अस्पतालहरूको बारेमा अफवाह फैलाइएको भन्दै मेडिकल माफियाहरूकै प्रतिरक्षा गरिरहेको छ। अर्कोतिर संक्रमित जनताको लागि भनेर निःशुल्क प्रदान गरिनुपर्ने खोपलाई पनि क्रय मूल्यभन्दा चार गुणा बढी रूपैयाँमा बेच्ने गरी ओली सरकारले निजी माफिया कम्पनी हुकमलाई अनुमति दिएको छ। यी घटनाक्रमले सरकार जनस्वास्थ्य विरोधी अक्षम्य अपराधमा संलग्न रहेको पुष्टि गरेको छ।

यस्तो अवस्थामा राजनीतिक पार्टीहरू, नागरिक समाज, पत्रकार लगायत सबै संघ संस्थाहरूले सबैतिरबाट जोडदार रूपमा आवाज उठाएर सरकारलाई दबाब दिन जरुरी छ कि संविधानले समेत मौलिक अधिकारको रूपमा परिभाषित गरेको स्वास्थ्य उपचारको सेवालाई सरकारले निःशुल्क बनाउनु पछ। निजी अस्पतालहरूलाई समेत आफ्नो नीति निर्देशनभित्र ल्याएर संक्रमितहरूको निःशुल्क उपचार गर्न गराउन लगाउनु पर्दछ। सिंगो देशमा स्वास्थ्य संकट उत्पन्न भएको अवस्थामा लुट धन्दा चलाउने मेडिकल माफियाहरूलाई कडा कारबाहीको दायरामा ल्याउँदै कालोबजारीमा संलग्नहरूलाई पनि खोजी खोजी कडा रूपमा दण्डित गर्न जरुरी छ।

नेकपा (क्रान्तिकारी माओवादी), नेकपा विप्लव लगायतका पार्टीहरूले वक्तव्य निकालेर सरकारको जनविरोधी स्वास्थ्य रवैया र गैरजिम्मेवारीपनको घोर विरोध एवम् भर्त्सना गर्दै संक्रमित जनताको निःशुल्क र निष्पक्ष उपचार व्यवस्था मिलाउन जोडदार माग गरेका छन्। सामाजिक सञ्जालमा पनि सरकारी रवैयाको तीव्र विरोध भइरहेको छ। जनविरोधी सरकार र मेडिकल माफियाहरूका विरुद्ध सशक्त रूपमा आवाज उठाउँदै संक्रमितहरूको निःशुल्क र निष्पक्ष उपचार व्यवस्था मिलाउन र निषेधाज्ञाका कारण दैनिक गुजाराको गम्भिर समस्यामा रहेका जनतालाई राहतको व्यवस्था गर्ने वातावरण बनाउन एकदमै टड्कारो आवश्यकता बनेको छ। यसदिशातर्फ सबैको गम्भिर रूपमा ध्यान आकर्षित होस्।


परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।

www.moolbato.com


## सन्दर्भ : २०३ औं मार्क्स जयन्ती

# कार्ल मार्क्सको कठोर जीवन यात्रा र मार्क्सवादको प्रतिपादन



● हस्तबहादुर केसी ●

***सन् १८४८–१८५२ को आसपासको अबधि फ्रान्स, जर्मनी लगायतका युरोपेली देशहरूमा वर्गसंघर्षको उथलपुथलको अबधि थियो। त्यही बेला मार्क्सलाई बेल्जियमबाट निर्वासित गरियो र त्यस पछि मार्क्स पेरिस जानु भयो। पेरिसबाट पुनः जर्मनीको कोलोनमा गई नयाँ राइन समाचार पत्रको सम्पादक बन्नु भयो। त्यहाँ मार्क्समाथि मुद्दा चलाइयो। मुद्दाबाट छुट्कारा पाएपछि उहाँलाई जर्मनीबाट पनि निर्वासित गरियो। त्यसपछि मार्क्स मृत्युप्रयन्त लण्डनमै बस्नु भयो। मार्क्सको जीवनमा पत्रकारिता, निर्वासन र क्रान्ति – प्रतिक्रान्तिका तितामिठा परिघटनाहरूका साथ गुज्रिएको थियो***

कार्ल मार्क्स मार्क्सवादका प्रवर्तक,वैज्ञानिक समाजवादका सिद्धान्तकार तथा विश्व सर्वहारावर्गका महान् गुरु हुनुहुन्छ। उहाको जन्म सन् १८१८ मे ५ का दिन जर्मनीको प्रशाप्रान्तको ट्रियर शहरको एक वकिल परिवारमा भएको थियो।

मार्क्सका पिता हेनरिख मार्क्स र हेनरियट्टा मार्क्स (हल्याण्ड) हुनुहुन्थ्यो। उहाँका पिता वकिल र यहुदी हुनुहुन्थ्यो, पछि सन् १८२४ मा उहाँले ईसाई प्रोटेस्ट्न्ट धर्म स्वीकार गर्नुभएको थियो। मार्क्सको परिवार सुखी र सुसंस्कृत थियो। परिवारमा चार दाजुभाई र पाँच दिदीबहिनी हुनुहुन्थ्यो र मार्क्स माहिला छोरा हुनुहुन्थ्यो।

ट्रियरमा विशिष्ट पाठशालाको अध्ययन पूरा गरी मार्क्स पहिले बोन र पछि बर्लिन विश्वविद्यालयमा गएर उच्च शिक्षा पढ्नु भएको थियो। त्यहाँ मार्क्सले कानुन, इतिहास र दर्शनको अध्ययन गर्नुभएको थियो।

सन् १८४१ मा मार्क्सले पिएचडी ( विद्यावारिधि ) प्राप्त गर्नका लागि ' प्रकृति सम्बन्धि डेमोक्राइट्स र एपिक्युरसका दर्शनमा भिन्नता ' शीर्षकमा एउटा शोध प्रप्रबनध लेख्नु भएको थियो।त्यसमा उहाँले प्राचीन युनानी नाटक ' बन्दी प्रमिथियस ' को क्रान्तिकारी पात्र प्रमिथियसको विशेष चर्चा गर्नु भएको थियो।

प्रमिथियस देवताहरूका विरोधी थिए। उनलाई राजद्रोहको मुद्दा लागेको थियो। आफ्नो सोधप्रबन्धमा प्रमिथयसबारे मार्क्सले भन्नुभएको थियो ' दर्शनको इतिहासमा प्रमिथियस सर्वाधिक प्रखर सहिद हुन्।' त्यसमा मार्क्सले प्रमिथियसको निर्भीकता, त्याग र बलिदानको उच्च मूल्यांकन गर्नुभएको थियो।

मार्क्स वास्तविक मार्क्स बन्नका लागि पेशाको छनोटका सन्दर्भमा सन् १८३५ मा अभिव्यक्ति धारणा र सन् १८४१ को सोधपत्रमा प्रमिथियसबारे प्रस्तुत विचार साच्चिकै महत्वपूर्ण सैद्धान्तिक आधार बन्न गएका थिए।

मार्क्स एक क्रान्तिकारी पत्रकार पनि हुनुहुन्थ्यो। उहाँले सन् १८४२ मा ' राइन समाचार पत्र ' को सम्पादक बन्नु भएको थियो।त्यसमा उहाँको क्रान्तिकारी जनवादप्रतिको आकर्षण प्रष्टै देखिन थालेको थियो। जसका कारण प्रतिक्रियावादी जर्मन सरकारले सुरुमा त्यस पत्रिकाको सेन्सरसिप गरेको थियो। प्रशासनिक दमन बढ्न थाले पछि मार्क्सले सम्पादकबाट राजिनामा दिनु भएको थियो। त्यस पछि प्रतिक्रियावादी सरकारले ' राइन समाचार पत्र ' लाई बन्द गरिदिएको थियो।

त्यस पश्चात् मार्क्स पेरिस जानु भयो र केही साथीहरूशीत मिलि आमूलवादी पत्रिका निकाल्ने योजना बनाउनु भयो। त्यहाँ फ्रेडरिक एंगेल्ससंग भेट भयो। त्यसपछि मार्क्स र एंगेल्सको सम्पादनमा ' जर्मन फ्रान्सिसी वार्षिक पत्रिका ' १८४४ मा निकालियो। त्यस पत्रिकामा मार्क्सको क्रान्तिकारी सोंच स्पष्टतः मुखरित भयो। फेरि प्रसियाली सरकारको दबावमा मार्क्सलाई पेरिसबाट पनि निर्वासित गरियो र त्यहीँबाट मार्क्स ब्रसेल्स जानु भयो।

विद्यार्थीदेखि आफ्नी प्रेमिका जेनी फान वेस्ट फालेनसित सन् १८४३ जुन १९ का दिन जर्मनीको सानो शहर क्रेश्चनाखमा मार्क्सको विवाह सम्पन्न भयो। जेनी ठूलो घरानाकी छोरी हुनुहुन्थ्यो। उहाँको दाजु तत्कालीन जर्मन प्रतिक्रियावादी सरकारको सांसद थिए।

विवाह पश्चात् जेनी मार्क्सको साथमा पेरिसमै रहनु भयो र पेरिसबाट ब्रसेल्स जाँदा पनि दुबै साथ साथै बस्नु भएको थियो।

सन् १८४२ मा जुन मार्क्सको पेरिसमा एंगेल्ससित भेट भयो र उहाँहरूको बीचमा जीवनभर अटुट मैत्री सम्बन्ध कायम रहयो।

मार्क्स सन् १८४१ देखि १८४८ सम्मको अबधिमा वामपन्थी हेगेलवादी र फायरवाख पक्षधर हुदै नयाँ विचारको खोजमा तत्कालीन हुनुभयो। ' कोल्निश जाइटुङ्ग ' पत्रिकामा मार्क्सले एक ठूलो आलेख लेख्नु भयो र त्यसमा दर्शनलाई धर्मबाट मुक्त गर्नका लागि जोड दिनु भयो र दर्शनलाई 'आफ्नो युगको बौद्धिक सारतत्व ' बताउनुभयो।

त्यसैक्रममा सन् १८४३ मा प्रकाशित आफ्नो 'हेगेलको न्याय दर्शनको समालोचनाको प्रयास ' शीर्षक लेखमा मार्क्सले भन्नुभएको थियो 'जसरी दर्शनले सर्वहारावरणगमा आफ्नो भौतिक अस्त्र भेटाउछ, त्यसरी नै सर्वहाराले दर्शनमा आफ्नो बौद्धिक अस्त्र भेटाउँछ।' - मार्क्स - एंगेल्स, संकलित रचनाहरू, भाग ३, पृष्ठ १८७।

त्यसपछि आफ्नो महत्वपूर्ण पुस्तक ' १८४४ का आर्थिक तथा दार्शनिक पाण्डुलिपिहरू ' तयार पार्नु भएको थियो। वास्तवमा मार्क्सका यी कृतिहरू मार्क्सवादको निर्माणमा कोसेढुङ्गा थिए।

त्यसैक्रममा मार्क्स र एंगेल्स मिलेर पवित्र परिवार (१८४५), जर्मन विचारधारा ( १८४५ - १८४६) जस्ता अत्यन्तै महत्वपूर्ण कृतिहरू प्रकाशित गरिए। त्यसै सिलसिलामा मार्क्सका फायरवाखसम्बन्धि निबन्ध ( १८४५ ), दर्शनको दरिद्रता ( १८४७ ) जस्ता महत्वपूर्ण कृतिहरू रचिए। त्यसै प्रक्रियामा मार्क्स र एंगेल्स एक भूमिगत संगठन ' कम्युनिस्ट लिग ' मा संगठित हुनुभयो। सन् १८४७ मा लण्डनमा कम्युनिस्ट लिगको दोस्रो काँग्रेस सम्पन्न भयो। त्यस काँग्रेसमा मार्क्स र एंगेल्सले भाग लिनु भयो। उक्त काँग्रेसले मार्क्स र एंगेल्सलाई कम्युनिस्ट घोषणापत्रको ड्राफ्ट तयार पार्ने जिम्मा दिइयो। उहाँहरूले एक वर्ष लगाएर तयार पारिएको विश्वविख्यात ' कम्युनिस्ट घोषणापत्र 'सन् १८४८ फेब्रुअरी २१ का दिन मार्क्स- एंगेल्सले लण्डनबाट जारी गर्नु भयो। कम्युनिस्ट घोषणापत्रको प्रकाशन अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको इतिहासमा एउटा युगान्तकारी परिघटना थियो।

सन् १८४८-१८५२ को आसपासको अबधि फ्रान्स, जर्मनी लगायतका युरोपेली देशहरूमा वर्गसंघर्षको उथलपुथलको अबधि थियो। त्यही बेला मार्क्सलाई बेल्जियमबाट निर्वासित गरियो र त्यस पछि मार्क्स पेरिस जानु भयो। पेरिसबाट पुनः जर्मनीको कोलोनमा गई नयाँ राइन समाचार पत्रको सम्पादक बन्नु भयो। त्यहाँ मार्क्समाथि मुद्दा चलाइयो। मुद्दाबाट छुट्कारा पाएपछि उहाँलाई जर्मनीबाट पनि निर्वासित गरियो। त्यसपछि मार्क्स मृत्युप्रयन्त लण्डनमै बस्नु भयो।

मार्क्सको जीवनमा पत्रकारिता, निर्वासन र क्रान्ति - प्रतिक्रान्तिका तितामिठा परिघटनाहरूका साथ गुज्रिएको थियो। त्यसै प्रक्रियामा मार्क्सले 'फ्रान्समा वर्गसंघर्ष '(१८५०), ' लुई बोनापार्टको अठारौं ब्रुमेर ' ( १८५२) जस्ता ऐतिहासिक भौतिकवादको विकासित सम्बन्धित महत्वपूर्ण पुस्तकहरू लेख्नु भयो। सन् १८५९ मा मार्क्सद्वारा लिखित ' राजनीतिक अर्थशास्त्रको समिक्षाको एक प्रयास 'शीर्षक रहेको विशेष महत्वपूर्ण कृति तयार भएको थियो। उक्त कृति ऐतिहासिक भौतिकवाद र राजनीतिक अर्थशास्त्रको क्षेत्रशीत सम्बन्धित रहेको छ। त्यस अबधिमा मार्क्सले राजनीतिक अर्थशास्त्रसम्बन्धी अन्य विभिन्न पाण्डुलिपिहरूको निर्माण गर्दै ' पुँजीका लागि सामग्रीहरूलाई व्यवस्थित तुल्याउनु भयो। विशेष अध्ययनका लागि त्यो अबधि मार्क्सका लागि निकै उर्वर रह्यो।

सन् १८५० यताका मार्क्सको निर्वासन् जीवन ज्यादै कठिन र चुनौतीपूर्ण रहे। त्यस अबधिमा मार्क्सले ठूलो आर्थिक समस्या झेल्नुपरेको थियो। सानो छोरी मर्दाको समयमा कात्रो किन्ने पैसा नहुनु, घर भाडा तिर्न नसक्दा घरबेटीले सामान, लत्ताकपडा घर बाहिर फ्याँकि दिनु जस्ता घटनाले ठूलो अपमान बेहोर्नुपरेको र गरीबी तथा अभावका कारण स्वास्थ्य स्थिति कम्जोर भई बालबच्चा अकाल मृत्युको शिकार बन्नु निकै दर्दनाक विषय बनेका थिए मार्क्सको जीवनमा।

मार्क्सले आफ्नै उच्च मनोबल, जीवनसंगिनी जेनी मार्क्सको अविचल साथ र एंगेल्सको न्यानो र अतुलनीय सहयोग पाएर त्यस प्रकारका जटिल समस्याको सामना गर्नु भएको थियो।

सन् १८५२ मा कम्युनिस्ट लिगको विघटन पश्चात् मार्क्स अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको तयारीमा अग्रसर हुनु भएको थियो। सन् १८६० को दशकमा मार्क्स आन्दोलन र संगठनले फाँटमा बढी क्रियाशील हुनुभएको थियो।

सन् १८६४ मा लण्डनमा मार्क्सले आफ्नै नेतृत्वमा पहिलो अन्तर्राष्ट्रियको रूपमा अन्तर्राष्ट्रिय मजदुर संघको स्थापना गरियो। उक्त संगठन भित्रका एकातिर प्रुंधो, बाकुनियनसहितको अराजकतावाद र अर्कोतिर लासालपन्थी दक्षिणपन्थी अवसरवादका विरुद्ध मार्क्सले भीषण वैचारिक संघर्ष सञ्चालन गर्नु परेको थियो। त्यसैक्रममा सन् १८७१ मार्च २८ मा पेरिसका मजदुरहरूले पुँजीपति वर्गको सत्तामाथि धावा बोल्दै पेरिस कम्युनको स्थापना गरे। पेरिस कम्युन एक युगान्तकारी परिघटना थियो।

पेरिस कम्युनसित केन्द्रित रहेर मार्क्सले 'फ्रान्समा गृहयुद्ध ' ( १८७१) जस्तो महत्वपूर्ण पुस्तक लेख्नुभएको थियो। साथै त्यसै अबधिमा मार्क्सले राजनीतिक अर्थशास्त्रको क्षेत्रमा युगान्तकारी भूमिका निर्वाह गर्ने अत्यन्तै महत्वपूर्ण कृति ' पुँजी खण्ड - १' (१८६७) तयार पार्नु भयो।

७२ दिनपछि अर्थात् सन् १८७१ मे १८ का दिन पेरिस कम्युन ढल्यो। बाकुनियनवादीहरूले खडा गरेका व्यजधानहरूका कारण अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको अस्तित्वमा गंभीर प्रकारको खतरा पैदा हुन पुग्यो। सन् १८७२ मा हेग काँग्रेसमा लगेर पहिलो अन्तर्राष्ट्रियको विघटन गरेर मार्क्सले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनलाई बचाउने काम गर्नु भयो।

मार्क्सले सन् १८४८ देखि पेरिस कम्युनसम्मका अनुभवहरूको आधारमा मार्क्सले वैज्ञानिक समाजवादको क्षेत्रमा सर्वहारा अधिनायकत्वको सिद्धान्तलाई सूत्रबद्ध गरेर स्थापित तुल्याउनु भयो। यसैक्रममा मार्क्सलृ अवसरवादको विरुद्धको संघर्षको क्रममा आफ्नो ' गोथा कार्यक्रमको आलोचना ' ( १८७५) तयार पार्नु भएको थियो र त्यस कृतिमा पुँजीवाददेखि समाजवादसम्मको संक्रमणकालिन अवधिका लागि सर्वहारावर्गको अधिनायकत्व अपरिहार्य हुने कुरा बताउनु भएको थियो। मार्क्स पश्चात् सन् १८८९ मा एंगेल्सले दोस्रो अन्तर्राष्ट्रियको स्थापना गर्नुभएको थियो।

सन् १८८२ डिसेम्बर २ का दिन मार्क्सकि जीवनसंगिनी जेनी मार्क्सको निधन भयो। त्यस पश्चात् सन् १८८३ मार्च १४ का दिन कार्ल मार्क्सको पनि निधन भयो।

यसरी मार्क्सको दुःखद निधनले विश्व सर्वहारावर्गले आफ्नो आदरनीय गुरु, एउटा असल शिक्षक गुमाउन बिवस भयो। कार्ल मार्क्सको समाधिमा भाषण दिदै १८८३ १७ मार्चका दिन फ्रेडरिक एंगेल्सले भन्नुभएको थियो ' यश ओजस्वी आत्मको महाप्रयानले जुन अभाव पैदा भएको छ, मानिसहरूले शीघ्र नै त्यसको अनुभव गर्नेछन्। '.. उनको नाम युगौयसगसम्म अमर रहनेछ, त्यसरी नै उनको काम पनि अमर रहनेछ।'

मार्क्सको निधनपश्चात् एंगेल्सले ' पुँजी ' को सम्पादन गर्नुभयो र तिनका बाँकी खण्डहरूलाई प्रकाशित गर्ने व्यवस्था मिलाउनु भएको थियो। मार्क्स कै सहयोगमा एंगेल्सले सन् १८७८ मा ड्युहरिङ्ग मतखण्डन जस्तो गहन सैद्धान्तिक कृति लेख्नुभएको थियो। मार्क्सको निधनपश्चात् एंगेल्सले ' परिवार, निजी सम्पत्ति र राज्यसत्ताको उत्पत्ति ', लुडविक फायरवाख तथा क्लासिकलजर्मन दर्शनको अन्त्य ' जस्ता महत्वपूर्ण कृतिहरू लेख्नुभएको थियो।

मार्क्सद्वारा मार्क्सवादको निर्माण र विकासमा एंगेल्सको महत्वपूर्ण भूमिका रहेको थियो। फ्रेडरिक एंगेल्स कार्ल मार्क्सको अनन्य मित्र सहयोगी हुनुहुन्थ्यो। एंगेल्सले मार्क्सका निम्ति आर्थिक सहयोग मात्र गर्नु भएन, विचारधारात्मक सहयोग पनि गर्नु भएको थियो। मार्क्स र एंगेल्सले मार्क्सवादको निर्माण, रक्षा र प्रयोगमा जीवनमरणको विचारधारात्मक संघर्ष गरेर मार्क्सवादलाई बचाउनु भएको थियो। त्यसो भएर एंगेल्सले भन्नुभएको थियो, ' सर्वहारावर्गको विकास जहाँकहीँ पनि आन्तरिक संघर्षको बीचबाट नै अगाडि बढ्छ, जस्तो कि मार्क्स र म आफैंले पनि अरु कसैसंग भन्दा बढी नक्कली समाजवादीहरू विरुद्ध जीवनमा कठिन लडाइँ लडेका थियौं।'

एंगेल्सले मार्क्सका निम्ति आर्थिक सहयोग मात्र गर्नु भएन, विचारधारात्मक सहयोग पनि गर्नुभएको थियो। मार्क्सका विचार र शिक्षाहरूलाई मार्क्सवादका रूपमा नामाङ्कन गर्ने विशिष्ट काम पनि एंगेल्सबाट नै सम्पन्न भएको थियो।

सन् १८२० नोभेम्बर २८ का दिन जर्मनीको बर्मेन शहरमा आर्थिक रूपमा एक सम्पन्न परिवारमा एंगेल्सको जन्म भएको थियो। आइरिस युवती मेरी वन्स ( विधिवत विवाह नभएको तर सहयोद्धा र जीवनसंगिनी ) को सन् १८६३ मा मृत्यु भएपछि उनकै बहिनी लिजीसंग सन् १८६४ मा विधिवत विवाह सम्पन्न भएको थियो तर सन्तान भने नभएको। एल्वरफेल्टको कलेजबाट सैन्य विज्ञानसम्बन्धि अध्ययन गर्नुभएका एंगेल्सले पछि स्वअध्ययन गर्नुभएको थियो।

सन् १८९५ अगस्ट ६ का दिन अनन्य मित्र फ्रेडरिक एंगेल्सको पनि निधन भयो। अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको इतिहासमा मार्क्स र एंगेल्सको मैत्री एक अद्वितीय परिघटना थियो।

यसरी विश्व सर्वहारावर्गका महान् नेता तथा गुरुहरू मार्क्स र एंगेल्स १२ वर्षको फरक पारेर यश धर्तीबाट अस्ताएको भए पनि उहाँहरूले जन्माएको मार्क्सवाद अस्ताएन। बरु दुबो झै गरि यश धर्तीमा मौलाएको छ।

आज मार्क्स लेनिनवाद - माओवाद हुदै विचार विकासको सिर्जनात्मक रूपले ईटा थप्दै विश्व सर्वहारावर्गको मुक्तिको पथप्रदर्शक सिद्धान्त बन्न पुगेको। त्यसैले अपराजेय सैद्धान्तिक किल्लाको रूपमा खडा हुन पुगेको मार्क्स अमर।

*बुढानिलकण्ठ नगरपालिका - २, काठमाडौं*

*(लेखक : अन्तर्राष्ट्रिय लेखक तथा पत्रकार केन्द्रका अध्यक्ष हुन् )*

## कार्ल मार्क्सको २०३औं जन्मजयन्तीको सन्दर्भमा

# मार्क्स कसरी मार्क्सवादी बने

*उनीहरूको विवाह गर्ने सम्झौताका सातवर्षपछि, मार्क्स र जेनीले १८४३को जुनमा विवाह गरे । उनीहरूको स्विट्जरलैण्डमा छोटो हनीमुन थियो जुन समयमा मार्क्सले एउटा बुकलेट लेखे जसमा उनले हेगेलबारे उनको सुरूवाती आलोचनाहरू प्रस्तुत गरेका थिए । विवाहको केही समयपछि, उनले अध्ययन सुरू गरे र पेरिसका लागि जाने तयारी सुरू गरे जहाँबाट पहिले नै भनिएको जर्मन-फ्रेन्च एअरबुक्स प्रकाशित गर्नु पर्ने थियो । यो पेरिस जाने तयारी प्रुशियन सेन्सरहरूलाई छल्नका लागि थियो । यद्धपि, त्यो जर्नल मासिक रूपले प्रकाशित गर्ने योजना थियो, यो एउटा अंक प्रकाशित पछि कोल्याप्स भयो जो १८४४ फरवरीमा प्रकाशित गरिएको थियो*



● हुकुमबहादुर सिंह ●

मे ५ अर्थात् कार्ल मार्क्सको २०३औं जन्मजयन्ती । मार्क्स र मार्क्सवादको विचार यात्रालाई सही किसिमले बुझ्न नसक्ने, बुझेर पनि नबुझेझैं गर्ने, आफ्नो व्यक्तिगत स्वार्थलाई फाइदा पुग्ने हिसाबले बुझेर जनतामा भ्रम छर्नेहरूको बोलवाला छ । जे भएता पनि समर्थक तथा विरोधी सबैमा कार्ल मार्क्स महान छन् । यिनै महान दार्शनिक, सर्वहारावर्गको मुक्तिका ज्याती कार्ल मार्क्सको मार्क्स मार्क्सवादी हुनेवेला सम्मको जीवनीलाई संक्षिप्त लेख्ने प्रयास गरिएको छ । युगले बिर्सन नसक्ने विश्व सर्वहारावर्गका महान गुरु कार्ल मार्क्स जन्मेको पनि आज २०३ वर्ष भयो ।

यो सत्य हो कुनै पनि व्यक्ति जन्मदै मार्क्सवादी हुँदैन–मार्क्ससम्म पनि हुँदैन् । त्यहाँ एउटा प्रक्रिया छ, जसको माध्यमबाट विचारहरू र दृष्टिकोणहरूको विकास गरिन्छन्, सुत्रवद्ध गरिन्छन् र एउटा आधारभूत आकार लिन्छन्, जसलाई विचार भनिन्छ । स्वभावत मार्क्सले पनि यस्तो प्रक्रियाबाट गुज्रनु परयो र त्यसरी गुज्रिएर नै उनले जसलाई हामी आज मार्क्सवाद भन्दछौ, त्यसको आधारभूत सत्यतालाई पत्ता लगाउन र पक्डन सकेको पाइन्छ । विचार विकासको यो प्रक्रिया मूलत ठोस अनुभवहरू, जसलाई मार्क्स स्वयम्ले पार गर्नु परेका थियो, त्यसद्धारा निर्धारित गरिएको थियो । त्यसकारण यसलाई गहिरो गरि बुझ्नका लागि हामीले यी महान् शिक्षकका सुरूवाती जीवनका अनुभवहरूतर्फ संक्षिप्त ध्यान दिन आवश्यक छ ।

कार्ल मार्क्सको जन्म ५ मे १८१८मा अहिलेको जर्मनको भूभाग, त्यसवेला रेनिस प्रुसियाको ट्रायर भन्ने शहरमा भएको थियो । उनका बाउ, हिएनरिक मार्क्स, जो शहरका एक जना उच्च वकिल थिए । त्यो परिवार सम्पन्न र सुसंस्कृत थियो तर क्रान्तिकारी भने थिएन् । मार्क्सका आमा र वुवा दुवै पुस्तौदी यहुदी पुजारीबाट आएका थिए । यसरी यद्धपि उनीहरू आर्थिक रूपले सम्पन्न थिए, उनीहरूले प्रुशीयाको यहुदी विरोधी वातावरणमा सामाजिक विभेदको सामना गर्नु परेको थियो । १८१६मा मार्क्सका बुवालाई बलजफ्ती क्रिष्टीयानीटी धर्म मान्न वाध्य पारियो किनभने प्रुशियन सरकारले यहुदीहरूलाई कानुन वकालत अभ्यास गर्न नपाइने कानुन ल्यायो । त्यसैगरी १८२४मा अर्को प्रुशियन कानुन पास गऱ्यो जसले नन क्रिष्टीयनहरूलाई सरकारी स्कुलहरूमा भर्ना हुनबाट बंचित गऱ्यो । यो बाट पार पाउन हेनरिक मार्क्सलाई, उनको छोरा मार्क्सलाई, उनका सबै भाइहरू र बहिनीहरूलाई ब्याप्टाइज गर्न वाध्य पारियो । यसरी, यद्धपि उनलाई संगठित धर्ममा विश्वास थिएन्, मार्क्सको बुवालाई केबल उनका बालबच्चालाई राम्रो शिक्षा र आफ्नो पेशालाई निरन्तरता दिन उनलाई नयाँ धर्म अपनाउन बाध्य पारियो । मार्क्सको गृहनगर ट्रायर जर्मनको ज्यादै पुरानो शहर थियो, जो शताव्दीऔदेखि रोमन बादशाहहरूको निवाश रहदै आएको थियो र पछि त्यो शहर र त्यस वोरपिरीको क्षेत्र एउटा धार्मिक प्रशासन सहित क्याथोलिक बिशपको निवास भयो ।

अगस्त १७९४मा फ्रेन्च फौजले त्यो शहरमाथि कब्जा गऱ्यो, आफ्नो शासन् स्थापना गऱ्यो र त्यो शहर फ्रेन्च क्रान्तिको विचार र संस्थाहरू अन्तरगत आयो । पछि यो शहर पुन प्रुशियन राजाको अधिनमा आयो, जव १८१५मा फ्रान्सको नेपोलियनको हार भयो । यसरी मार्क्सको जन्म र उहाँको युवाको समयमा यसले फ्रेन्च क्रान्तिको २१ वर्षको निस्चित प्रभावलाई अझै असर पारिहयो ।

ट्रियर एउटा सानो शहर थियो, त्यसवेला त्यसको जनसंख्या करीब १२ हजार मात्रै थियो । यो वोरीपरि क्षेत्रको वासिन्दाको लागि एउटा बजार थियो, जुन सयौ वर्षदेखि एउटा प्रशिद्ध रक्सि बनाउने क्षेत्र थियो । यहाँका वासिन्दामा सरकारी कर्मचारी, पुजारीहरू,साना खालका व्यापारीहरू र हस्तकलाका कालीगढहरूआदि थिए । यो क्षेत्र औधोगिक क्रान्तिद्वारा अछुतो थियो र यसरी आर्थिक रूपले तुलनात्मक रूपमा पिछडिएको थियो । मार्क्सको जवानीको समयमा यो शहर गरीबीको उच्च स्तरमा रहेको थियो । १८३० मा दिइएको सरकारी तथ्याङकमा यहाँको वेरोजगारी चित्र प्रत्येक चारमा एक जना थियो, यद्धपि वास्तविक चित्र त त्यो भन्दा पनि धेरै माथि थियो । भिख माग्नेहरू र वेश्याहरू सामान्य जस्तै थिए र स-साना चोरीजस्ता अपराधी काम त अति नै उच्च थिए । यसरी मार्क्स धेरै कम उमेरको समयदेखि गरीबीको मारमा परिरहेका मजदुर वर्गहरूको दुःख दर्दका साछी थिए । प्राथमिक पाठशालाको अध्यन पछि, मार्क्स १८३१मा फ्रेडरिक वीलहेम जिम्नासियम(सेकेन्डरी स्कुल) मा भर्ना भए, जहाँबाट उनले १८३५मा पास गरे । तीन हप्तामै उनलाई अरू अध्यनका लागि विश्वविद्यालयको कानुन शाखामा पठाइयो, जो बोन शहर(एउटा महत्वपूर्ण शहर जो आज जर्मनीको संयुक्त राजधानी भएको छ)को ट्रियरदेखि ४० माइल टाडा थियो । मार्क्स, जतिसक्दो सम्भव सिकाइको चाहना सहित तुरून्तै कानुन वाहेक अन्य नौ वटा कोर्षहरू जसमा कविता, साहित्य, कला आदिमा भर्ना भए । उनी पहिलेत लेक्चरहरूमा नियमित उपस्तिथ हुने गर्दथे तर क्रमस उनको चाहना हराउदै गयो खासगरी कानुनको लेक्चरमा, जसलाई उनले सुख्खा र असन्तुष्टिपूर्ण पाए । उनले पहिले नौ वटा कोर्षहरूबाट छ अनि त्यसबाट अनि चारमा घटाए । उनले आफै अध्ययन गर्ने निस्चित गरे र छिटै विद्याथीहरूको आँधीपूर्ण जीवनमा संलग्न भए, जसको उनी छिटै नेता भए ।

कविता लेख्नेमा उनको गहिरो इच्छाले गर्दा उनी विशिष्ट व्यक्तिका रूपमा, क्रान्तिकारी विद्यार्थीहरूद्धारा स्थापित युवा कविहरूको एउटा सर्कलमा संलग्न भए । सामन्ती कुलीनहरू र पुँजीपतिका छोराहरू बीचको लगातारको सङ्घर्षमा उनी छिटै पुँजीपतिका छोराहरूको समूहका नेता बने । उनी प्रायजसो मुक्केवाजमा संलग्न हुन्थे र कहिलेकाही चाकु लिएर तरवार दिने पनि गर्दथे । जसका लागि उनी एक पटक गिरफ्तार पनि भएका थिए र उनीमाथि पुलिस केश पनि भएको थियो । उनलाई एक दिन रक्सी खाएर मात्तिएको र शान्ति खलवल्याएको भन्दै विद्यार्थीको जेलमा राखिएको थियो । मार्क्स, एउटा तरवार युद्धमा उनको दाहिने आखीभौमाथि घाइते समेत भएका थिए । यसले गर्दा उनका बुवाले उनलाई बोन विश्वविद्यालयबाट झिकेर अगस्त १८३६मा ट्रियरमा फिर्ता गरे । जव उनी ट्रियरमा थिए, उनी गोप्यरूपमा एउटा विद्धान र प्रुसियन सरकारी कर्मचारी बरोन भोन वोष्टफालेनको छोरी जेनी भोन वोष्टफालेनसँग विवाह गरे । जेनी, उनीभन्दा चार वर्ष जेठी थिइन् र मार्क्स, केटाकेटी प्रेममा जसले मार्क्स अझै स्कुलमा रहदै विवाह गर्ने निर्णय गरे । तिनीहरूले मार्क्सका बुवा आमाको अनुमतिमा तर जेनीका बुवा आमाको अनुमति वेगर विवाह गरे तर त्यसको अनुमति केबल १८३७ मा मात्रै प्राप्त गरेका थिए ।

सन् १८३६ अक्टोवरमा मार्क्स बर्लिन विश्वविद्यालयमा सरे, जुन प्रुसियाको राजधानी थियो । विश्वविद्यालय बोनभन्दा ज्यादा फैलीएको थियो र शिकाइको प्रमुख केन्द्रका रूपमा प्रख्यात थियो । उनको विश्वविद्यालय कोर्षका निम्ति भर्ना भएपछि, मार्क्स तुरून्तै कामको तुफानभित्र पसे । उनी ठेलीका ठेली किताबहरूको अध्ययन गर्दै र नोटबुकहरू भर्दै अनियमित खाना, अति धुम्रपानका साथ रातभरका रातभर जागै वसे । औपचारिक कक्षाहरूको वदला मार्क्सले आफै उनको अध्ययनलाई अगाडि बढाए । आश्चर्यजनक गतिमा काम गरिहदा उनी कानुनबाट दर्शन, कविता, कलामा स्थानान्तरण गरे र अनि नाटक र कथाहरू लेख्ने र अनि पछि फेरी दर्शन र कवितामा फर्के । उनको कामको वोझले उनको स्वास्थ्यमा खराव असर गऱ्यो, खासगरी उनको फोक्सोमा टिवीले असर गऱ्यो र कहिले काही उनलाई आरामका लागि दवाव पनि दिइयो । तर उनी उनको ज्यादा काम गर्ने वानीका कारण सधै काममा फर्किन हाल्थे । प्रत्येक चीज -दार्शनिकहरू र वैज्ञानिकहरूका प्राचीन देखि अन्तिम कामहरू पढने गरे । उनको झुकाव दर्शनतीर थियो, सधैभरी सार्वभोम अर्थ पत्ता लगाउन कोशिस गरिरहनेः सधैभरी सिद्धान्त, परिभाषाहरू र अवधारणाहरूलाई पूर्णताका लागि खोजीरहने । विश्व विद्यालयको दोस्रो वर्षका दौरान उनी दर्शनका विद्याथीहरू र शिक्षकहरूको समूह जसलाई युवा हेगेलियनस भन्ने गरिन्थ्यो, सम्मिलित भए । तिनीहरू प्रशिद्ध जर्मन दार्शनिक फ्रेडेरिक हेगेल, जसले बर्लिन विश्वविद्यालयमा पढाउने गर्दथे र सन् १८३०मा मरे उनका अनुयायी थिए । तिनीहरूले हेगेलको दर्शनलाई मौलिक व्यख्या दिने कोशिस गरे र यसका लागि कहिले काही वाम हेगेलियन भन्ने गरिन्थ्यो । यो समूहमा मार्क्सका साथीमध्ये एक जना, यो समूहका बुद्धिजीवी नेता, प्रोफेसर थिए, जसलाई ब्रुनो बाउर भनिन्थ्यो । उनी एक जना लडाकु अनिस्वरवादी थिए, जसले लगातार चर्चको पढाइमाथि आक्रमण गर्दथे । यस्ता आक्रमणहरू,साथै युवा हेगेलियनहरूका उग्र राजनीतिक विचारहरूले उनीहरूलाई प्रुशियन अधिकारीहरूका आँखाका कसिंगर बनाएको थियो । यसरी जव मार्क्सले उनको डक्टोरल थेसिज पुरा गरे उनले र्बिलन विश्वविद्यालय, जो प्रुशियन सरकारका प्रतिक्रियावादी नियुक्तिमा दवावका कारण त्यसबाट उनले डिग्री प्राप्त गर्न सकेनन्, । बर्लिनमा उनको अध्यन पुरा गरेपछि, उनले आफ्नो थेसिज बुझाए र जेनाको उदारवादी विश्वविद्यालय जो प्रुशियन नियन्त्रणभन्दा बाहिर थियो, त्यसबाट अप्रिल सन् १८४१मा पिएच.डि. प्राप्त गरे । पिएच.डि डिग्री प्राप्त गरेपछि उनको आशा बोन विश्वविद्यालयमा एउटा लेक्चरर बन्ने थियो जहाँ ब्रुनो बाउर सन् १८३९मा स्थान्तरण भएका थिए । तर बाउर आफै समस्यामा थिए किनभने उनको धर्म विरोधी लेकचररका कारण विद्यार्थी डिस्टरवेन्सेज थियो । अन्त्यमा राजा आफैले बाउरलाई बोन विश्वविद्यालयबाट हटाउन आदेश दिए । यसको अर्थ बाउरको शिक्षण पेशाको अन्त्यको साथै मार्क्सका लागि पढाउने नोकरीको आशा पनि अन्त्य थियो । मार्क्सले पत्रकारितामा ध्यान केन्द्रीत गर्न सुरू गरे, जुन उनले विश्वविद्यालय छाडेपछि तुरून्तै सुरू गरेका थिए । यसले पनि उनलाई तीव्र गतिमा बढिरहेको प्रजातान्त्रीक प्रतिपक्ष आन्दोलनमा अति नै गहनरूपले भागलिन अनि उनको राइने भूभाग प्रदेश र वेष्टफालियाको छिमेकी प्रदेशमा विकास गर्दै जानकालागि मद्त गऱ्यो । यी प्रदेशहरू जोसँग फ्रेन्च सामन्ती सुधार विरूद्ध स्वतन्त्रता अनुभव थियो प्रुशियन राजाका प्रमुख विरोधी केन्द्रहरू थिए । औधोगिकीकरणले पनि पुँजीपतिको खासगरी कोलोग्नेमा, राइने भूभागको सबैभन्दा धनि शहर, विकासका लागि नेतृत्व गरेको थियो । यसको अर्थ उद्योगपतिहरूद्धारा जो सामन्तहरूको अनावश्यक नियन्त्रणसित अघाइसकेका थिए, परिवर्तशील क्रान्तिकारी प्रतिपक्ष आन्दोलनका निम्ति बलियो मद्त हो ।

मार्क्सले प्रथम लेख्न सुरू गरे, र अनि, १९४२ अक्टोबरमा यस्ता उद्योगपतिहरूद्धारा मद्त गरिएको एउटा दैनिक पत्रिका द राइनीस्चे जेइटुङका प्रधान सम्पादक भए । मार्क्सको हातमा भएको पत्रिकाले छिट्टै उग्र प्रजातान्त्रीक अधिकारहरूका निम्ति एउटा लडाकु बन्यो । यसले यद्धपि मार्क्सलाई प्रुशियन सेन्सरहरू, जो अति नै दमनकारी थिए, का विरूद्ध लगातार संघर्ष गर्नु पऱ्यो । अन्त्यमा, जब पत्रिकाले रसियन जारको निरंकुशता विरूद्ध एउटा आलोचना प्रकाशित गऱ्यो, जार आफैले प्रुशियन राजामाथि कार्यवाहीका लागि दवाव बढायो । पत्रिकालाई गैरकानुनी घोषणा गरियो र सन् १९४३को मार्चमा वन्द गर्नु परेको थियो । मार्क्सले त्यसपछि आफूलाई एउटा नयाँ पत्रिका द जर्मन-फ्रेन्च एअर बुक्स प्रकाशित गर्न संलग्न गराए ।

सन् १८४१ देखि सन् १८४३ को यो अवधिभर मार्क्स त्यस समयका तुफानी राजनीतिक जीवनमा गहिरोगरी संलग्न बने । यद्धपि उनी आधारभूत रूपले एउटा उग्र प्रजातन्त्रवादी थिए र त्यो समयमा कम्युनिस्ट दृष्टिकोण अवलम्वन गरेका थिएनन् । दर्शनको स्तरमा उनको महत्वपूर्ण रूपान्तरणको अवधि सन् १८४१मा, जव उनले लुडविक फायरवागद्धारा लिखित किताब द इसेन्स अफ कृष्चीयानीटि पढे, त्यसपछि भयो, जसले धर्मको आलोचना भौतिकवादको दृष्टिकोणबाट प्रस्तुत गरेको थियो । यो किताबले मार्क्सको विचारलाई युवा हेगेलियन समूहको आदर्शवादबाट भौतिकवादमा सिफ्ट हुन महत्वपूर्ण भूमिका खेल्यो । सन् १८४१ ९त्जभ भ्गचयउभबल त्वष्बचअजथ० को अर्को दार्शनिक काम जसले मार्क्सलाई प्रभावित पारेको थियो उनका साथी, मोशेस हेस, जसको मद्तले वाम हेगेलियन विचारहरू र फ्रेन्च समाजवादलाई मिलाएर एउटा कम्युनिस्ट दर्शन विकासको प्रयास गरेका थिए ।

यद्यपि त्यो समयमा मार्क्ससँग अझै समाजवादीहरू र कम्युनिस्टहरूका विचारहरूको एउटा सिमित ज्ञान मात्रै थियो । उनको पहिलो सम्पर्क १८४२मा भयो जव उनले लिडिङ फ्रेन्च समाजवादी सिद्धान्तकारहरूका अनगिन्ति कामहरूलाई ज्यादै चाखकासाथ अध्यन गरे । उनी तै पनि ती पढाइद्धारा समाजवादी अथवा साम्यवादी भएनन् । यो जव उनी सर्वहारावर्ग कम्युनिस्ट समूहहरूसित सम्पर्कमा आए र राजनीतिक अर्थतन्त्रको अध्यनमा लागे अनि उनमा त्यसले परिवर्तन ल्यायो । यी दुवै त्यसवेला भयो जव उनी १८४३को अन्त्य तीर पेरिसमा वस्न थाले

उनीहरूको विवाह गर्ने सम्झौताका सातवर्षपछि, मार्क्स र जेनीले १८४३को जुनमा विवाह गरे । उनीहरूको स्विट्जरलैण्डमा छोटो हनीमुन थियो जुन समयमा मार्क्सले एउटा बुकलेट लेखे जसमा उनले हेगेलबारे उनको सुरूवाती आलोचनाहरू प्रस्तुत गरेका थिए । विवाहको केही समयपछि, उनले अध्ययन सुरू गरे र पेरिसका लागि जाने तयारी सुरू गरे जहाँबाट पहिले नै भनिएको जर्मन-फ्रेन्च एअरबुक्स प्रकाशित गर्नु पर्ने थियो । यो पेरिस जाने तयारी प्रुशियन सेन्सरहरूलाई छल्नका लागि थियो । यद्धपि, त्यो जर्नल मासिक रूपले प्रकाशित गर्ने योजना थियो, यो एउटा अंक प्रकाशित पछि कोल्याप्स भयो जो १८४४ फरवरीमा प्रकाशित गरिएको थियो ।

मार्क्सको पेरिसमा रहदाको अवधि धेरै महत्वपूर्ण नयाँ अनुभवहरूद्धारा प्रशिद्धि थियो । सबैभन्दा उच्च महत्व भनेको विभिन्न समाजवादी र कम्युनिस्ट समूहहरूसित प्रत्यक्ष सम्पर्क थियो, जसका लागि पेरिस एउटा महत्वपूर्ण केन्द्र थियो । ठूलो संख्यामा सिद्धान्तकारहरू र क्रान्तिकारीहरूसँगको भेटघाटको अलवा मार्क्सलाई पेरिसमा घेरै मजदुर वर्गीय क्रान्तिकारीहरूसितको नियमित सम्पर्कबाट निकै फाइदा भयो । सोही समयमा मार्क्सले राजनीतिक अर्थतन्त्रको अध्ययन सुरू गरे जसमा उनले प्रसिद्ध अग्रेज अर्थसास्त्रीहरूका कामहरूको बारेमा सबै जसो पढे । क्रान्तिकारीहरूसँगका सम्पर्कहरू र अरू अध्ययनको उनमा प्रभाव पऱ्यो । यी सबै मार्क्सका लेखाइहरूमा प्रतिविम्वित हुन्थे ।

एअरबुक्स पत्रिकाको एउटा मात्रै अंक पनि निर्णायक महत्वको थियो किनभने यसमा मार्क्सको इतिहासको एउटा मार्क्सवादी भौतिकवादी बुझाईको पहिलो विस्तृत सामान्यीकरण थियो जसलाई हेगेलको दर्शन सम्वन्धी आलोचना गर्दै एउटा लेख छापिएको थियो । यहि लेख थियो जसमा मार्क्सले सर्वहारावर्गको ऐतिहासिक भूमिका सम्वन्धमा उच्च महत्वपूर्ण विधि बनाएका थिए । उनले यहाँ उनको प्रशिद्ध मान्यता पनि बनाए कि धर्म मानिसको अफिम हो । सोही अंकमा ऐगेल्सद्धारा राजनीतिक अर्थतन्त्रमाथि लिखित एउटा लेख पनि थियो, जसले आधुनिक पुँजीवादको विकास सम्वन्धी एउटा भौतिकवादी बुझाइ पनि दिएको थियो ।

यहि नै ऐगेल्सका लेखहरूमा मार्क्सको रूची थियो जसले १८४४को अगस्त २८ र सेप्टेम्वर ६बीचका समयमा उनीहरू भेटघाट भए । यो एउटा यस्तो ऐतिहासिक भेटघाटमा वदलियो जसले यी दुई महान् विचारकरूलाई उनीहरूका विचारहरूलाई स्पष्ट पार्न मद्त गऱ्यो र मार्क्सवादको पहिलो जग बसाल्यो । यद्धपि तिनीहरू दुवै जनाले पहिले नै स्वतन्त्र रूपले उहि निष्कर्षमा आइसकेका थिए, यो भेटघाटले उनीहरूलाई समग्र सैद्धान्तिक सम्झौतामा पुग्न मद्त गऱ्यो । यहि भेट नै थियो जसले उनीहरू इतिहासको भौतिकवादी अवधारणा सम्वन्धमा स्पष्ट एउटै बुझाईमा आए । यसरी कार्ल मार्क्सको मार्क्सवादी यात्रा उनको अन्तिम दिनसम्म अविचलित रह्यो ।

*singhhukum683@gmail.com*



# मेडिकल माफियाको कब्जामा ओली सरकार, नि:शुल्क लगाउन सकिने खोप निजी कम्पनीलाई चार गुणा महँगोमा बेच्ने अनुमति

काठमाडौं । ओली सरकार मेडिकल माफियाको कब्जामा परेका केही दृष्टान्तहरू सामुन्नेमा आएका छन् । सरकारले खोप ल्याउन अवरोध गरेको भनेर दण्डित हुनुपर्ने कम्पनी हुकमलाई पुरस्कृत गर्दै चार गुणा बढी मूल्यमा खोप बेच्न अनुमति दिएको छ । तर, सोही मूल्यमा आउने भए पनि चिनियाँ खोपलाई भने सरकारले अनुमति दिएको छैन ।

सरकारले भारतको सेरम इन्स्टिच्युट अफ लाइफ साइन्सबाट प्रतिडोज चार डलर अर्थात् चार सय ७२ रूपैयाँमा खोप ल्याएको थियो । तर, अब भने जनसर्वसाधारणबाट प्रतिडोज १७ सय नौ रूपैयाँ शुल्क उठाउन हुकमले स्वास्थ्य सेवा विभागबाट अनुमति लिएको छ ।

सरकारले सस्तोमा ल्याएर जनतालाई निःशुल्क दिन सकिने खोप मेडिकल माफियालाई पोस्न खोप ल्याउन रोकेको रहेछ भन्ने प्रमाणित भएको छ । अब सेरमकै दुई डोजका लागि नेपाली नागरिकले निजी कम्पनीलाई ३४ सय १८ रूपैयाँ भुक्तान गर्नुपर्नेछ ।

औषधि व्यवस्था विभागका सूचना अधिकारी सन्तोष केसीका अनुसार सेरमको कोभिसिल्डसँगै भारत बायोटेकको कोभ्याक्सिन्लाई पनि व्यावसायिक प्रयोजनका लागि विभागले अनुमति दिएको छ । कोभ्याक्सिन् ल्याउन इब्राल्ड फर्मास्युटिकल्सले अनुमति पाएको छ ।

कोभ्याक्सिनको मूल्य एकै डोजको २६ सय छ भने दुई डोज लगाउँदा ५२ सय रूपैयाँ पर्नेछ । स्पुतनिक 'भी'को मूल्य दुई डोजको मूल्य ३८ सय ८५ रूपैयाँ कायम गरिएको छ । तर, यो भ्याक्सिन् बेच्न अनुमति प्रदान गरिएको छैन ।

यता ह्याम्स, केएमसी, ग्र्याण्डी, मेडिसिजी, बिएण्डबी लगायतका अस्पतालहरूलाई एक दिनको ५० हजार सम्म असुल्ने गरी कोभिडको उपचार गर्न पनि सरकारले छुट दिएको छ । सरकारी अस्पतालले भन्दा ५० प्रतिशत बढीमा उपचार गर्न निजी अस्पतालहरूलाई छुट दिएको ओली सरकार खुल्लेआम ब्रम्हलुट मच्चाएका प्रमाणहरू सार्वजनिक हुँदा पनि निजी अस्पतालहरूका बारेमा अफवाह फैलाइएको भन्दै मेडिकल माफियाहरूकै प्रतिरक्षामा लागेको छ । महामारीमा लुट धन्दा चलाउने निजी अस्पतालहरूलाई नै पोस्नका लागि सरकारले संक्रमितको उपचार गर्न नसकिने घोषणा गरेको थियो । जनताको स्वास्थ्य उपचारको दायित्वबाट पन्छिएको ओली सरकार कमिसन्को लोभमा जनसर्वसाधारणको मृत्युको व्यापार गर्न थालेको छ । सरकारले सरकारी अस्पतालमा अभावै अभाव देखाएर संक्रमितहरूको उपचार गर्न छाडेपछि मृत्युदर ह्वात्तै बढेको छ । करोडपतिहरूले समेत उपचार गराउन नसक्ने निजी अस्पतालहरूले कसरी उपचार गराउन सक्छन् ? जनसर्वसाधारणका लागि गम्भिर स्वास्थ्य संकट उत्पन्न हुन पुगेको छ ।

# निषेधाज्ञाको घोषणा गर्ने जिल्ला ६० पुगे




काठमाडौं । कोरोना महामारीको दोस्रो लहर व्यापक रूपमा बढ्दै जान थालेपछि देशका अधिकांश जिल्लामा निषेधाज्ञा घोषणा गरिएको छ । शुक्रबारसम्म निषेधाज्ञा घोषणा गर्ने जिल्लाहरू ६० पुगेका छन् ।

नयाँ भेरियन्टको कोरोना रोकथाम तथा न्यूनीकरण गर्ने उद्देश्यले भारतीय सिमानासँग जोडिएको बाँके जिल्लामा संक्रमणदर बढेपछि बाँकेबाट सुरु भएको निषेधाज्ञा अहिले देशका अधिकांश जिल्लासम्म पुग्को छ । महामारी र संक्रमणको चेन ब्रेक गर्न सरकारले प्रमुख जिल्ला अधिकारीले आवश्यक आदेश जारी गर्नसक्ने अधिकार पछि धेरै वटा जिल्लाले निषेधाज्ञा जारी गर्दै गएका छन् । काठमाडौं उपत्यकामा निशेधाज्ञाको दोस्रो साता शुरु हुँदा देशभर निषेधाज्ञा जारी गर्ने जिल्ला ६० पुगेका हुन् ।

बैशाख १६ गते काठमाडौं उपत्यकालगायत कैलाली, पर्सा, कञ्चनपुर, चितवन, रूपन्देही र दार्चुलाका केही गाउँपालिकामा निषेधाज्ञा जारी गरिएको थियो । लगत्तै सुर्खेत, कास्की, दाङ, कञ्चनपुर, पाल्पा, बर्दिया, सल्यान, सुनसरी, दार्चुला, जाजरकोट, रुकुम पश्चिम,डडेल्धुरा, झापा, मोरंग, गुल्मी, प्युठान, काभ्रेपलाञ्चोक, गोर्खा, बाजुरामा पनि निषेधाज्ञा जारी गरियो ।

त्यसैगरी निषेधाज्ञा लागू भएका जिल्लाहरूमा उदयपुर, पर्वत, मकवानपुर, बझाङ, कालीकोट, स्याङ्जा, कपिलवस्तु, रामेछाप, नुवाकोट, ताप्लेजुङ्ग, धनुषा, अर्घाखाँची, बैतडी, दैलेख, महोत्तरी, डोल्पा, डोटी, नवलपरासी पूर्व, रोल्पा, म्याग्दी, मुगु, तनहुँ, बारा, सिरहा, नवलपरासी पश्चिम, इलाम, दोलखा, सिन्धुपाल्चोक, धनकुटा, अछाम, हुम्ला, धादिंग, बागलुङ रहेका छन् ।

# कोरोनाविरूद्धको भ्याक्सिन अभाव, १५ लाख जनसंख्यालाई दोस्रो डोजको चिन्ता, लगाउन नपाए के हुन्छ

## कोभिशिल्ड नआए अर्को खोपको दोस्रो डोज दिन मिल्छ कि मिल्दैन

काठमाडौं । गत फागुन २३ गते पछाडि दोस्रो प्राथमिकतामा परेर कोरोनाविरुद्धको खोप लगाएका करिब १५ लाख नागरिकलाई दोस्रो डोज खोपको चिन्ता बढेको छ । पहिलो खोप लगाएको ८ देखि १२ हप्ताभित्र दोस्रो डोज खोप लगाउनुपर्ने भएपनि खोपको व्यवस्था नहुँदा करिब १५ लाख जनसंख्यालाई दोस्रो डोजको चिन्ता बढेको हो ।

यसअघि भारतबाट १० लाख डोज अनुदान,१० लाख डोज खरिद र कोभ्याक्स सुविधा अन्तरगतको ३ लाख ४८ हजार डोज गरी कूल २३ लाख ४८ हजार डोज खोप नेपाल आएको थियो ।

जसमध्ये पहिलो प्राथमिकतामा परेका करिब ४ लाखले दोस्रो डोज खोपसमेत लगाइसकेका छन् । बाँकी पहिलो चरणको दोस्रो प्राथमिकताका परेका करिब १५ लाख जनसंख्यालाई वैशाख २३ गतेदेखि जेठ २३ गतेभित्रै दोस्रो डोज खोप दिनुपर्ने हुन्छ । कतिपयले चैतको ३ गतेसम्म पनि खोप लगाएको हुनाले ढिलामा पनि असारको ३ गतेभित्रै १५ लाख जनसंख्याले दोस्रो डोज खोप लगाइ सक्नुपर्नेछ ।

यी सबै खोप भारतमा उत्पादित कोभिशिल्ड खोप भएको कारण पहिलो चरणको दोस्रो प्राथमिकतामा परेका करिब १५ लाख नागरिकले दोस्रो डोज पनि सोही खोप लगाउनुपर्ने हुन्छ । तर सरकारसँग न दोस्रो डोजका लागि खोपको मौज्दात छ,न त दोस्रो डोजका लागि समयमै दिने प्रतिवद्धता उत्पादक देश र कम्पनीले गरेको छ । जसका कारण पहिलो चरणको खोप अभियानको दोस्रो प्राथिमकतामा परेका करिब १५ लाख जनसंख्यालाई दोस्रो डोजका लागि अन्योल बढेको छ ।

कोरोनाविरुद्धको खोप पहिलोपटक लगाएको ८ देखि १२ साताभित्र अर्को खोप लगाउनुपर्ने हुन्छ । सो समयावधिमा लगाएको खोपको प्रभावकारिता बढी हुने अनुसन्धानले देखाएको छ । त्यसकारण पहिलो चरणको दोस्रो प्राथमिकतामा परेर खोप लगाएकाहरूले वैशाखमा २३ गतेदेखि ढिलोमा असारको ३ गतेभित्रै खोपको दोस्रो डोज लगाइसक्नुपर्छ ।

***दोस्रो डोज लगाउन नपाए के हुन्छ***

कोरोनाविरुद्धको पहिलो खोप लगाएको ८ हप्तादेखि १२ हप्तासम्म दोस्रो डोज लगाएमा प्रभावकारीरूपमा काम गर्ने जनस्वास्थ्य वैज्ञानिक डा. समीरमणि दीक्षित बताउँछन् । पहिलो डोज लगाएको कम्तीमा ३ महिनाभित्र दोस्रो डोज लगाउनै पर्ने हुन्छ ।

पहिलो डोज लगाएको ३ महिनाभित्रै दोस्रो डोज लगाउन नसकेको खण्डमा पहिलो डोजको प्रभावकारिता घट्ने दीक्षित बताउँछन् । यद्यपि खोपको पहिलो डोजमात्रै लगाएर दोस्रो डोज नलगाए पनि शरीरमा त्यसले असर भने नगर्ने उनको भनाइ छ ।

***कोभिशिल्ड नआए अर्को खोपको दोस्रो डोज दिन मिल्छ कि मिल्दैन***

विज्ञहरूका अनुसार कोरोनाविरुद्धको खोपको पहिलो डोज कोभिशिल्ड लगाएका व्यक्तिले दोस्रो डोज पनि त्यही लगाउनुपर्छ । किनभने,औषधिको उत्पादन गर्दा नै त्यही अनुसारको पदार्थ र एन्टीबडी बनाइएको हुन्छ । यो खोप आफैं ट्रायल पिरियडमा रहेको छ । जसका कारण अर्को खोपसँग तत्कालै ट्रायल गर्नसक्ने अवस्था पनि छैन । तर,यदि पहिलो डोज लगाएको खोप उपलब्ध नभएमा दोस्रो डोजका लागि अर्कै खोप लगाउन मिल्छ कि मिल्दैन भन्ने कुरा अहिलेसम्म न अध्ययन भएको छ,न कसैले ट्रायल गर्ने साहस नै गरेका छन् ।

खोप निर्माण गर्ने कम्पनीले पहिलो चरणको खोप मानौं कोभिशिल्ड खोप र दोस्रो चरणको खोप सिनोफार्मले उत्पादन गरेको खोप लगाउँदा के हुन्छ भनेर अध्ययन नगरेकाले तत्काल दुई चरणमा दुई थरी खोप लगाउँदा के हुन्छ भन्न नसकिने बताउँछन्,शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका विशेषज्ञ डाक्टर शेरबहादुर पुन ।

स्वास्थ्य मन्त्रालयका सहायक प्रवक्ता डाक्टर समीरकुमार अधिकारी पनि फरक-फरक कम्पनीका खोप लगाउन हुन्छ कि हुँदैन भन्ने बारेमा अध्ययन नभएकाले के हुन्छ भनेर अहिले नै भन्न नसकिने बताउँछन् ।

यसको अर्थ के हो भने चीन सरकारले दिने वा चीनको सिनोफार्ममा उत्पादन भएको खोपलाई दोस्रो डोजका रूपमा प्रयोग गर्न सकिने अवस्था छैन । कतिपयले चीनबाट आउने खोप लगाए भइहाल्छ नि भने पनि त्यस्तो ट्रायल गर्न सकिने अवस्था छैन ।

त्यसकारण, यदि भारतले खोप नदिएमा वा अक्सफोर्ड-एस्ट्राजेनेकाको खोप नेपालमा ल्याउन नसकेको अवस्थामा तत्कालै करिब १५ लाख जनालाई दोस्रो डोज लगाउन खोपको अभाव हुने देखिन्छ ।

***खोप जसरी पनि आउँछ : स्वास्थ्य मन्त्रालय***

पहिलो चरणको दोस्रो प्राथमिकतामा परेका करिब १५ लाख जनसंख्यालाई खोप लगाउन सुरु गर्नुपर्ने समय आइसकेको भएपनि खोपको मौज्दात नहुँदा सरकारले सूचनासमेत निकाल्न सकेको छैन । तत्कालै करिब १५ लाख डोज खोप आवश्यक पर्ने भएपनि न सेरम इन्स्टिच्युटले खोप दिने प्रतिवद्धता जनाएको छ,न कोभ्याक्स सुविधाको खोप आउने छाँटकाँट नै छ । तर स्वास्थ्य मन्त्रालय भने पहिलो चरणको दोस्रो प्राथमिकतामा परेका सबैले समयमै दोस्रो डोज खोप पाउने दाबी गर्छ । स्वास्थ्य मन्त्रालयका प्रवक्ता डाक्टर जागेश्वर गौतम अहिले नेपाल सरकारले खरिद गरेको १० लाख डोज र कोभ्याक्स सुविधाबाट आउनेमध्ये ५ लाख डोज खोप तत्कालै उपलब्ध गराइदिन पहल भइरहेको बताउँछन् ।

खोप आयातका लागि अहिले कुटनीतिक पहल भइरहेको भन्दै अहिले तत्कालका लागि १५ लाख डोज खोप ल्याउने गरी काम गरिरहेको उनको भनाइ छ । खोप आएपछि जेठको अन्तिम सातादेखि असारको पहिलो साताभित्रै १५ लाख जनसंख्यालाई दोस्रो डोज खोप दिने गरी पहल भइरहेको प्रवक्ता गौतमको भनाइ छ ।

यद्यपि शुक्रबार साँझसम्म पनि खोप आउनेबारे निश्चित भने भइसकेको छैन । अहिले कुटनीतिक पहल गरेरै खोप ल्याउने तयारी गरिरहेको मन्त्रालयले जनाएपनि उत्पादक कम्पनीले खोप दिने प्रतिवद्धता नजनाएसम्म दोस्रो डोज लगाउनुपर्ने १५ लाख जनसंख्या ढुक्क बन्ने अवस्थामा भने छैनन् ।

# राष्ट्रपतिले एकै दिन जारी गरिन् सात अध्यादेश



काठमाडौं । राष्ट्रपति विद्यादेवी भण्डारीले सरकारले सिफारिस गरेका ७ वटा अध्यादेश जारी गरेकी छन् । भण्डारीले नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा विभिन्न् सात वटा अध्यादेश जारी गरेकी हुन् ।

उनले यौन हिंसाविरूद्धका केही ऐन संशोधन, संवैधानिक परिषद सम्बन्धी, फौजदारी कसुर तथा फौजदारी कार्यविधिलगायत अध्यादेश जारी गरेको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

## आवश्यक...

उपचार गर्न नसक्ने घोषणा मात्र गरेको छैन करोडौं रुपियाको कमिसन्को चक्करमा निजी कम्पनी हुकमलाई खोपको आयात गर्ने अनुमति दिएर मेडिकल माफियालाई पोस्ने र आर्थिक हैसियत कमजोर भएको श्रमजीवि वर्गलाई कोरोना महामारीको उपचारबाट बञ्चित गराउने जनविरोधी अपराध गरेको छ । हाम्रो पार्टी यसको घोर विरोध र तीव्र भर्त्सना गर्दछ ।

स्वास्थ्य सङ्कटको यस्तो गम्भीर स्थितिमा निजी तथा सरकारी अस्पतालहरूलाई एउटै कमाण्डमा परिचालन गरी कोरोना संक्रमितहरूलाई निःशुल्क उपचारको व्यवस्था गर्न र सङ्कटको बेला जनताको सम्पत्तिको ब्रह्मलुट गर्ने मेडिकल माफियालाई कडा भन्दा कडा कार्बाही गर्न हाम्रो पार्टी सरकारसँग जोडदार माग गर्दछ । साथै प्रायः देशैभरि निषेधाज्ञा गरिएका कारण रोजगारी गुमाई दुई छाक चलाउन गाह्रो भएका सबैको र मुख्यतः असङ्गठित क्षेत्रमा कामगर्ने मजदुरहरूको जीवन रक्षाका लागि आवश्यक राहतको व्यवस्थागर्न सरकारसँग विशेष माग गर्दछ ।

वर्तमान सरकार र अन्य सबै पार्टीहरू एकताबद्ध भएर चुनौतीको सामना गर्नु पर्ने विद्यमान परिस्थितिमा सत्ताधारी वर्गका संसदवादी पार्टीहरू सत्ता र सुविधाको भागबण्डाका लागि सत्ताको समीकरण मिलाउने काममा व्यस्त रहेका छन् । यसले 'रोम जलिरहेछ, निरो बाँसुरी बजाइरहेछन्' भन्ने भनाइलाई चरितार्थ गरेको छ । यो प्रतिक्रियावादी सत्ता, संसदीय व्यवस्था र त्यसलाई निर्देशित गर्ने साम्राज्यवादी नवउदारवादको असली चरित्र हो ।

देश अद्वितीय स्वास्थ्य सङ्कटका बीचबाट गुज्रिरहेको छ । यो स्थितिमा हाम्रो पार्टी सरकारको जनविरोधी स्वास्थ्य नीति र मेडिकल माफियाको कालोबजारीका विरुद्ध आ-आफ्नो ठाउँबाट आवाज उठाउन, आवश्यक सतर्कता सहित कोरोना संक्रमितहरूको निश्पक्ष उपचारको व्यवस्था मिलाउन र लकडाउनका कारण विचल्लीमा परेका सबैको सहयोगका लागि अगाडि बढ्न सामान्यतः आम जनतामा र विशेषतः पार्टीका सम्पूर्ण कमरेडहरूमा विशेष अनुरोध गर्दछ ।

मिति : बैशाख २५, २०७८

*प्रतीक*
*प्रवक्ता*
*नेकपा (क्रान्तिकारी माओवादी)*

## गीता...

नेकपा क्रान्तिकारी माओवादी तथा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल दाङ जिल्ला समितिले छुट्टाछुट्टै बक्तव्य जारी गर्दै श्रद्धाञ्जली दिएका छन् । बक्तव्यमा भनिएको छ- 'हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)का दाङ जिल्ला सेक्रेटरी कमरेड नरेन्द्र बन्जाडेकी जीवनसङ्गिनी तथा पार्टी सदस्य, अनेमसङ्घ क्रान्तिकारीकि दाङ जिल्ला सदस्य कमरेड गीता बन्जाडेको चितवन मेडिकल कलेजमा उपचारका क्रममा गए राति निधन भएकाले अत्यन्तै दुखित र स्तबध बनाएको छ । मृतक कमरेड गीताप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । शोकसन्तप्त कमरेड नरेन्द्र बञ्जाडे, उहाँका दुई छोरा, दुई बुहारी र छोरी तथा आमा एवम् समस्त बन्जाडे परिवारमा गहिरो समवेदना प्रकट गर्दछौं ।' जिल्ला इञ्चार्ज समीर केसीद्वारा प्रेशित श्रद्धाञ्जली बक्तव्यमा अगाडि भनिएको छ- '२०२८ भदौ २८ गते अर्घाखाँचीमा जन्मनु भएकी कमरेड गीताले जनयुद्धकालदेखि नै पार्टीमा महत्वपूर्ण सहयोग गर्दै आउनु भएको थियो । अत्यन्तै मिलनसार, मृदुभाषी, लगनशील र पार्टी सङ्गठनप्रति वफादार सदस्यको निधनले हाम्रो पार्टी र आन्दोलनमा अपुरणीय क्षति भएको छ ।'

यसरी गीताको निधनमा श्रद्धाञ्जली बक्तव्य जारी गर्नेहरूमा दाङ जिल्लाका पूर्व इञ्चार्ज तथा नेकपा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य हिरामणि दुःखी, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घका केन्द्रीय अध्यक्ष ईश्वर तिमिल्सिना, देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल, दाङका अध्यक्ष ईश्वरीप्रसाद गैरे, अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी लुम्बिनी संयोजक तेजकुमारी थापा रहेका छन् ।

## नेकपा...

छलफल गर्दै अगाडि बढीरहेको छ ।

नेकपा (क्रान्तिकारी माओवादी) कालीकोट जिल्ला सचिव कर्णबहादुर वीसीको नेतृत्वमा सो भेटघाट अभियानको सञ्चालन भइरहेको छ । सो अभियानमा कर्णाली प्रदेश सचिवालय सदस्य विपिन, कान्तिकारी युवा लिग नेपालका केन्द्रीय महासचिव दिलबहादुर कठायत लगायत पार्टीका स्थानीइ नेता तथा कार्यकताहरूको टोली वर्तमान अवस्थालाई मध्यनजर गर्दै आफ्नो पार्टीको विचार निरन्तर रूपमा दिंदै यतिखेर नीर्वाचन क्षेत्र 'ख'का वस्ती वस्तीमा अगाडि बढीरहेको जानकारी जिल्ला सचिव कर्णबहादुर वीसीमार्फत प्राप्त भएको छ ।


स्वास्थ्य नै ठूलो धन हो

कोभिड-१९ को संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं,
सत्य, तथ्य खबर र यथार्थ सूचना प्रवाह गरौं ।

- प्रत्येक नागरिकको सत्य, तथय सूचना जान्न/बुझ्न पाउने अधिकारको सम्मान गरौं ।
- कोभिड-१९ को संक्रमणबाट बच्न सरकारले गरिरहेको प्रयासको बारेमा सत्य, तथ्य र यथार्थमा आधारित सूचना प्रवाह गरौं ।
- सचेतनाको माध्यम नै यस महामारीबाट बच्ने उत्तम उपाय भएकोले सत्य/तथ्य बुझेर मात्र सामाजिक सञ्चालमा रहेको सूचनाहरूको प्रयोग गरौं ।
- सामाजिक सञ्जाल सूचना प्रवाह गर्ने उत्तम माध्यम भएकोले सही सूचना र जानकारी मात्र प्रवाह गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# नेपालमा किन क्रान्ति सफल हुँदैन ?

● गोरे

विश्वमा कुनै पनि क्रान्ति एउटा खास उद्देश्य प्राप्तिका लागि गरिएका हुन्छन् । क्रान्ति सफल भए पश्चात देशको भौगोलिक, सामाजिक, आर्थिक, शैक्षिक, जातीय, क्षेत्रीय, भाषिक, साँस्कृतिक समग्र पक्षलाई समेटेर राज्य सञ्चालन गर्ने र सोहि अनुसारको ऐन, नियम, नीति, निर्देशिका बनाइन्छन् र लागू गरिन्छन् । यी सबै विषय प्राप्तिका लागि सबभन्दा पहिला कानुनी राज्य वा विधिको शासन् वा न्यायमा आधारित समतामूलक शासन्को सिद्धान्त अपनाइएको हुन्छ । अर्थात यसको अर्थ के हो भने कानुनभन्दा माथि कोहि पनि छैन । विश्वको शासन् सञ्चालन विधिलाई केलाएर हेर्ने हो भने यहि नीति अवलम्बन गरेको देखिन्छ । चाहे त्यो नवउदारवादी प्रजातान्त्रिक सिद्धान्तमा आधारित शासन् होस् या राजतन्त्रात्मक शासन् प्रणाली या मिश्रित प्रजातान्त्रिक शासन् प्रणाली या समाजवादी विचारबाट सञ्चालित प्रणालीमा आधारित होस् सबैमा कानुनको पालना अनिवार्य जस्तै छ । कानुनको नजरमा कोहि भन्दा कोहि सानो ठुलो छैन । त्यसैले त राष्ट्र प्रमुख या कार्यकारी प्रमुख प्रधानमन्त्रि जस्तो सम्माननीय व्यक्तिले समेत जेलसजांय भोगिरहेको इतिहांस जिउंदै प्रमाणको रूपमा देखाउन सकिन्छ । यहि कारण ती देशहरूमा एकपटक क्रान्ति पश्चात सानातिना घटना या अपबाद बाहेक शासन् नै फेर्नु पर्ने गरि क्रान्ति गर्नु परेको छैन । तर नेपाल मात्र यस्तो देश रह्यो कि देशको विकास र नेपाली जनताको भविश्यमाथि लात हान्ने क्रुर, तानाशाहर सामन्त शोषकहरूको पक्षपोषक भनेर राजालाई गलहत्याउंदा पनि खै त किन उस्तै रह्यो त देशको अवस्था ? अझ नेपाली जनताले सबभन्दा आशा गरेको दश वर्षे द्वन्द्वबाट प्रभावित नेपालका ग्रामिण जनता जो दैनिक गुजाराको लागि खेति किसानी नै प्रमुख आर्थिक मेरुदण्ड थियो, त्यहि पेशा व्यवसाय आज मृतप्रायः हुदा पनि निशव्द भएर बस्न बाध्य छन् । मानौं तिनीहरूको ब्रेनमा ठूलै झट्का परेको छ र जसको कारण ब्रेन प्यारालाइसिस भएर बोलि नै बन्द भएको छ अथवा भनौं मानसिक रोगी भएका छन् ।

***१. नेपालको भौगोलिक अवस्था र नेपाली समाजः***

नेपालको भूबनावट अनुसार हिमाली क्षेत्र १७ प्रतिशत, पहाडी क्षेत्र ६८ प्रतिशत र तराई क्षेत्र १५ प्रतिशत रहेको छ । यसरी नेपालको भूवनोटलाई केलाउंदा के देखिन्छ भने हिमाली क्षेत्रमा धेरैजसो भागमा हिउं पर्ने भएको कारण खेतिपाती कम हुन्छ । त्यहांको मुख्य आयको रूपमा जौं, गौं, आलु र फापर देखिन्छ र चौंरी, भेंडा, च्यांग्राबाट राडीपाखी बुन्ने, चौंरीको दूधबाट चीज र छुर्पी आदिको आम्दानीबाट जीवन निर्वाह गर्नु पर्ने अवस्था छ । त्यहांको अर्को आम्दानीको स्रोत भनेको जडिवुटि रहेको देखिन्छ । अर्को नेपालको ठूलो क्षेत्रफल ओगटेको पहाडी क्षेत्रको मुख्य पेशा, व्यवसाय पनि खेतिकिसानी र पशुपालन नै हो । यस पहाडी क्षेत्रमा विशेष गरि प्राचिन समयदेखि पंचायती व्यवस्था रहंदासम्म पनि केहि समयसम्म नगदे वाली सुर्ति, गांजा, भटमास आदि प्रमुख देखिन्छन् । त्यसैगरि अन्य रैथाने उत्पादनहरू खुर्सानी, अदुवा, वेसार, लट्टे, जुनेलो, फिलिङ्गो, सिमि, बोडी, मस्याङ्ग आदि प्रसष्ट मात्रामा हुने गर्थे । खेतिकिसानीको अलावा तामा, फलाम खानी सञ्चालन गरी त्यसबाट राम्रो आम्दानी हुने गरेको इतिमांस पढ्नेले र केहि बुढापाकाबाट घुर्मिलो जानकारी पाउन सकिन्छ । प्रमुख वालीहरू मकै, कोदो, धान, गहुं आदिबाट बिहान बेलुकीको गुजारा चलेको देखिन्छ भने नगदे वाली र तामा, फलाम खानीबाट नेपालमै रोजगारीको सिर्जना भई आत्मनिर्भर रहन सकेको देखिन्छ । त्यसैगरि नेपालको तराई क्षेत्र जसलाई नेपालको अन्नभण्डारको रूपमा लिइन्छ, जसबाट उत्पादित धान, गहुं, दलहन आदिको उत्पादनले नेपाललाई मात्र पालेको थिएन, विदेशमा समेत निर्यात गरेर आम्दानी गरेको इतिहांस सगर्ब भन्न सकिन्छ । त्यति मात्र होइन सन्पात, सुर्ति, उखु जस्ता नगदे वालीबाट नेपालका उद्योगहरू विराटनगर जुट मिल, सुर्य टोवागो, विभिन्न चिनी मिलहरू सञ्चालनमा रहेको र त्यसबाट धेरै कृषकहरूको आम्दानीको श्रोत बनेको मात्र होइन, केहि हदसम्म नेपालमै रोजगारको समेत श्रृजना गर्न सकेको थियो । जसबाट नेपालका केहि भाग्यमानी नेताहरूले राजनीतिक छबिलाई उचाइमा पु(याउने अवसर समेत प्राप्त गरेका थिए ।

नेपाली समाज अन्य देशहरूको तुलनामा अलि फरक किसिमको छ । यहांका रैथाने जातिहरू जो शताव्दिऔंदेखि आफ्नै भाषा, धर्म संस्कृति, पेशा व्यवसायमा रमाउने स्वभावका छन् र यहींको भौगोलिक वातावरणअनुसार आफूलाई बाँच्न सक्ने बलियो आधारसमेत बनाउन सफल भएको देखिन्छ । यिनीहरूमा केही लडाकु स्वभाव, सोझोपन, छलकपतरहित, सरल व्यबहार रहेको छ । यहि सोझो र अरूप्रति छिटो विश्वास गर्ने प्रवृत्तिका कारण मध्यकालमा आएर आफु आफुमै मारकाट गर्ने र एकले अर्कोलाई सिध्याउनको लागि अरुलाई उपयोग गर्ने गलत प्रवृत्तिको सिकार आफु मात्र भएनन् आफ्ना सन्ततिलाई समेत सदिऔं वर्ष पीडामा धकेले । यहि सोझो प्रवृत्ति र अरुले उचाल्दा उचालिने स्वभावको फाइदा नेपालका ताठाबाठाहरूले मात्र उठाएनन्, त्यसको फाइदा ब्रिटिश र भारत लगायत धेरै देशहरूले समेत उठाएको देखिन्छ । यो संस्कार अझै पनि निरन्तर चलि नै रहेको छ । यिनीहरूको प्राकृतिक वा पुर्खौली पेशा व्यवसाय त्यतिबेलासम्म आत्मनिर्भर रहेको देखिन्छ, जतिबेला वस्तु विनिमयको रूपमा वस्तु साटासाटको परम्परा कायम थियो । यो उनिहरूको पुर्खौली सीप र पेशा विनिमयको रूपमा नगदको रूपमा कारोवार गर्ने प्रचलन शुरु भएता पनि त्यति धेरै असर गरेको थिएन । यो पेशा त्यतिखेरदेखि धराशायी हुदै गएको देखिन्छ, जतिखेर नेपाल विश्व व्यापार संगठनमा प्रवेश मात्र गरेन कि संगसंगै निजीकरणको नाममा कृषकहरूले उत्पादन गरेका सन्पात, सुर्ति, उखु जस्ता नगदे वालीहरूको खपत गर्ने उद्योगहरू तहसन्हस पारियो र लगातार नेपालका राम्रा उद्योगहरू जसले नेपाली जनतालाई प्रत्यक्ष रोजगारी सिर्जना गर्न सक्ने र नेपालको अर्थतन्त्रलाई ठूलो प्रभाव पार्न सक्ने थिए । नेपालमा सञ्चालित यी राम्रा उद्योगहरू धराशायी बनाउनु नै नेपाली ग्रामिण जनताहरूको असली दुःख, पीडाका दिनहरू शुरु भए । नेपाली जनताले उत्पादन गरेका वस्तुहरूले वजार पाउन छाड्नु र रोजगारको लागि खाडी मुलुक खुला हुनु पनि नेपाली ग्रामिण अर्थतन्त्रमा कालो बादल मदारिनु हो ।

नेपालमा जातिय, भाषिक, राजनीतिक, आर्थिक, धार्मिक, क्षैत्रिय, लंगिक, शैक्षिक सबै क्षेत्रमा उत्पिडन छ । यहि उत्पिडनको कारणले हुन सक्छ, नेपालमा कम्युनिस्टप्रति अत्यधिक लगाव रहेको देखिन्छ । भनिन्छ, नेपालमा ७० प्रतिशत जनता कम्युनिस्टप्रति आस्था राख्छन् । यसो हुनुमा कम्युनिस्ट विचारधारा बुझेर होइन, क्रान्तिकारी र उनिहरूको पीडाको कुरा बोलिदिएको कारण हो । यहि क्रान्तिकारी र अग्रगमनको भावनासंग मेल खाने केहि जातिहरू लडाकु स्वभाव भएकै कारण पनि नेपालमा कम्युनिस्टप्रति बढि झुकाव देखिएको हो । नेपाली कम्युनिस्टमा यति धेरै टुट्फुट र विचलन आउंदा पनि नेपाली जनतामा कम्युनिस्टप्रति अगाढ प्रेम छ किन भने नेपालमा अत्यधिक उत्पिडन छ । नेपालको कम्युनिस्टमा कस्तोसम्मको रोग देखिएको छ भने एउटा पार्टी संगठनमा सिंगै एकजना अध्यक्ष मात्र पनि देखिने गरेको छ । नेपालको भौगोलिक परिवेश, क्रान्तिकारी जनता, उत्पिडनको चरम श्रंखला, नेपालकै उत्पादन र परम्परागत सीप, कलाको उच्चतम प्रयोगबाट आत्मनिर्भर अर्थतन्त्रको सम्भावना, इमान्दार र मिहिनेती जनता, प्रचुर मात्रामा प्राकृतिक स्रोतसाधन, प्राकृतिक सोन्दर्य र बिबिध सस्कृति तथा परम्पराबाट पर्यटनको सम्भावना बोकेको देशका जनता आज माग्ने अवस्थामा पुग्दा समेत हामी राजनीतिक गफ हांकेर नथाक्ने र भाषणमा उत्पात क्रान्तिकारी राजनीतिक दलहरू नै नेपालको सबभन्दा घारो सिद्ध भएको घाम झैं छर्लंग भैसके जस्तो लाग्दैन ? भनेर प्रश्नको जवाफ खोज्न नेपाली जनता कता जाने ? नेपाली जनतामा यति बिघ्न निराशा किन पनि आएको हो भने नेपालको वास्तविक अर्थतन्त्रको मेरुदण्ड मानिने किसानले उत्पादन गरेका अन्नवाली र तरकारी, फलफूलहरूले वजार नपाउनु मुख्य रहेको छ । त्यसको अलावा गाउंका स्थानीय रूपमा घरेलु उद्योगका रूपमा जांड रक्सि, गांजा खेति, तामा तथा फलाम खानी आदि बन्द गरिनु नै जीविकामाथि कुथाराघात थियो । बाँच्न पाउने र रोजगारको हकमाथि नांगो हस्तक्षेप थियो । राज्य सत्तालाई राम्रोसंग थाहा थियो, यदि यिनीहरूको पुर्खौली पेशालाई अबैधानिक घोषणा गरेर बन्द नगरिदिने हो भने सरकारभन्दा बलिया हुनेछन् । यहि डरले ती पुर्खौली पेशाहरूलाई अबैधानिक घोषणा गरि बन्द गरिएको हो भन्ने कुरा ती निरिह स्थानीय गाउंलेहरूको जीवनशैली र रहनसहनलाई हेरेर प्रष्ट हुन्छ । त्यसैको सिको आज गणतन्त्रसम्म आइपुग्दा पनि उस्तै रहनु सांच्चै यो व्यबस्थालाई गिज्याए जस्तो लाग्दैन र ? यी संसदवादी गणतन्त्रवादी त पश्चगामी भए रे, अनि हामी प्रगतिवादी र अग्रगमनका पक्षधरचांहि यस विषयमा कहां छौं त ? के त्यसको लागि पहल गर्नु पर्दैनथ्यो ?

***२. नेपालको मध्यम वर्ग र नेपालका राजनीतिक ठालुः***

नेपालमा सर्बशक्तिमान् छ भने यहि मध्यम वर्ग नै छ । यो सँगसँगै जोडिए आउने अर्को शब्द राजनीतिक ठालु हो, यो दुई वटै वर्ग एउटै पाटाका दुई सिक्का हुन् भन्दा फरक नपर्ला । जसको बारेमा कहि पनि लिखित दस्तावेज छैन । नेपालको राजनीतिमा यसैले प्रमुख भूमिका खेलेको देखिन्छ । यसको स्वभाव कस्तो देखिन्छ भने अग्रगमनतिर जानै नदिने । यसलाई सिधा अर्थमा भन्नु पर्दा यथास्थितिमा रमाउन चाहने । चाहे कुनै पनि संगठन किन नहोस्, त्यहां आफ्नो भविश्य सुरक्षित छ छैन पहिला हेरिन्छ अनि निर्णय गरिन्छ । अन्यथा त्यो विषय अगाडि बढ्न सक्दैन । यो प्रवृत्ति कतै बांकी छ भने त्यहि गरिबी, निमुखा, असह्य, निहत्था, जहां गएर केहि पाउन सकिदैन । यहांभित्रबाट पनि जब आरक्षणमार्फत वा तिनीहरूको समुदायभित्रबाट पनि अलि जान्ने सुन्ने भई तोपल्छ अनि उ पनि त्यहि व्यहोरा देखाइहाल्ने । नपत्याए, नेपालमा रहेका कुनै पनि संघ/संगठन/पेशा व्यवसाय/सेवा सुबिधा मात्र होइन एउटा सानो क्षेत्रमा काम गर्ने जिम्मेवारी लिएको पदमा समेत त्यो प्रवृत्ति प्रष्ट देख्न सकिन्छ । मानिलिउं, जिम्मा लिएको छ कुनै गरीवि निवारण संगठनको । जहां गरीवि उन्मुलनका लागि कार्यक्रम गरिन्छ, त्यहां तिनै गरीवहरूलाई जम्मा पारेर भाषण गरिन्छ र पांच वर्षभित्र सबैले गरीविबाट उन्मुक्ति पाउने क्रान्तिकारी भाषण गरिन्छन् तर कार्यान्वयन हुदैन । कागजी गरीवि निवारण भैसकेको हुन्छ । जागिर र सेवा सुबिधा पाउने पनि उनिहरूकै वरिपरिका मात्रै हुन्छन् । ती वास्तविक गरीविमा पिल्सिएकाहरूले पत्तोसम्म पनि पाउँदैनन् । यो कुनै मनगढन्ते र हावादारी गफ गरिएको र लेख्नको लागि मात्र लेखिएको होइन । यदि विश्वास लाग्दैन भने ठूला संगठनमा त थाहा भइरहेकै हुन्छन्, साना भन्दा साना र उत्पीडनमा परेका भनिएका संगठनहरूमा समेत प्रवेश गरेर अध्ययन गर्न सकिन्छ कि वास्तविकता के रहेछ भनेर । अध्ययनतिर नलागौं, यस विषयलाई राम्रोसंग बुझ्नको लागि सरकारले वितरण गरेका गरिबी परिचय पत्र, सुकुम्वासी परिचय र सरकारले वितरण गर्ने विभिन्न अनुदान र सुबिधा हेरे मात्र पनि प्रष्ट भैहाल्नेछ ।

राजनीतिक दलभित्र प्रवेश गरौं न । त्यहां पनि त्यहि प्रवृत्ति छ । यति धेरै घृणित र कुकृत्यहरू भैरहेको झलझली नेपाली जनताहरू देख्न र सुन्न विवस छन् । तिनलाई कसले कार्यवाही गर्नु । सबै कुरा उनीहरूकै हातमा भएपछि कसले छुन सक्छ र ? एउटा वडाध्यक्षले पुरै गाउं नै उसको अधिनमा राख्छ । उसले जे भन्यो त्यहि सदर । एउटा देशमा सुशानको कुरा आउंदा सबभन्दा पहिले त्यहां कानुनी व्यवस्था कस्तो छ भनेर बुझ्नु पर्ने हुन्छ । शासन् जे जस्तो भएता पनि यदि कानुनी राज्यको उचित प्रबन्ध गरिन्छ र सबैले कानुनको पालना गरिन्छ भने त्याहां स्वतः अमनचयन कायम हुन्छ । विडम्बना, नेपालमा हेरौं त, अन्य विषयमा त के कुरा, लिखित संबिधानको बर्खिलाप खुलमखुल्ला व्याख्या गरिन्छ र संबिधानका बिपरित कार्यहरू गरिन्छन् । त्यो पनि कानुनको व्याख्या र विश्लेषण गर्नेहरूबाटै । नेपालका राजनीतिक दलहरूले गरेका यहि कुकृत्य र गलत कार्यको सिकार निमुखा नेपाली जनता हुन बाध्य छन् । नेपालको बिगतदेखि बर्तमानसम्मको राजनीतिक परिवेशलाई केलाउँदा यहाँ पश्चिमाजगतका आधुनिक राजनीतिक विचारक निकोलो मेकियावेलिका राजनीतिकसम्बन्धी दर्शनको दृष्य अगाडि तेर्सिन आइपुग्छ । उनको विचारमा राज्य शक्ति प्राप्त गर्न, त्यसलाई टिकाइराख्न नैतिक वा अनैतिक जस्तो कार्य गर्न पनि पछि पर्न नहुने सल्लाह दिएका छन् राजनीतिज्ञहरूलाई । मलाई के लागेको थियो भने हुदै नभएको विचार हाम्रा नेताहरूलाई कसरी आए होला भन्ने ? तर त्यो खुलदुली राजनीतिक दर्शन अध्ययन गरेपछि मात्र थाहा भयो कि यिनीहरूले यति धेरै ज्ञान कहांबाट प्राप्त गरे भनेर । पश्चिमा जगतका प्लेटो, अरस्तु देखि लिएर आधुनिक मेकियावेलीसम्मका राजनीतिक गुरुहरूका विचारबाट प्रभावित हाम्रा नेपाली राजनीतिक दलहरू पनि के कम ? प्लेटोको आदर्शवादी कानुनी राज्यभित्र नैतिकता र परिवारमा समाजवादबाहेक सबै जायज नेपाली राजनीतिक दलहरूलाई । यिनै विचारहरूबाट प्रभावित राजनीतिक गुरुहरू र मध्यम वर्गीय सोंचभन्दा माथि उठ्न नसकेकै कारण हो आजको दिनसम्म पनि नेपाली जनताले न्यायमूलक र समतामूलक राज्य सत्ताबाट सधैंको लागि बिमुख हुनु परेको । अहिलेसम्मको घटना, परिवेशलाई मूल्यांकन गरेर हेर्दा के प्रष्ट हुन्छ भने भोलिका दिनमा हुन सक्ने परिवर्तनले पनि नेपाली जनता र समग्र नेपालको भलो वा हित गर्ला भनेर विश्वास गर्ने ठाउं कतै अन्तर कुन्तरमा लुकेर बसेको छ जस्तो लाग्दैन ।

यदि यस्तो हुँदैन थियो भने यो उदाहरण पनि हुन सक्थ, अन्य बिभिन्न फ्लालेमाको सिद्धान्त बोकेका पार्टिका कुरा नगरौं एउटा निश्चित र स्पष्ट विचार बोकेका नेतृत्व क. प्रचण्ड, क. लालध्वज कसरी छेपारो जस्तो रंग बदल्न सकेको ? दश वर्षे द्वन्द्वपछि शान्ति प्रकृयामा अवतरण पश्चात अलिकति थोरै राजनीनिक भाषा बुझ्नेले पनि अनुमान लगाउन सकिन्थ्यो कि कांग्रेस, एमाले लगायत पश्चिमा जगत सबैले गलाएर, धम्क्याएर, तर्साएर जसरी भए पनि संसदीय भुमरिमा पार्ने षडयन्त्रण रच्दै छन् भन्ने प्रष्ट हुन्थ्यो । ती दुई पात्र त ठीक छ फसिसकेका थिए, त्यहां भित्र रहेका क्रान्तिकारी विचारका ती नेतृत्व र युवाहरू के कसैलाई पनि यो कुरा ज्ञात थिएन होला कि नेतृत्व गलत बाटोमा जांदैछन् भन्ने ? किन त्यसलाई कसैले पनि रोक्ने कोसिष समेत गरेन ? त्यसपछिका घटनाक्रमलाई केलाउंदा पनि अग्रगमनलाई भित्रैदेखि स्वीकार गरेको जस्तो लाग्दैनन् । जस्तो एक जना हस्ति जो द्वन्द्वकालमा जनसरकार प्रमुख समेत भएका थिए । उनि नेतृत्वदेखि निराश भए होलान तर मार्क्स, लेनिन र माओ विचारधारा बोकेर त्यत्रो दुःख भोगेको मान्छेले चटक्क त्यो विचारलाई त्यागेर कसरी व्यक्तिगत कम्पनी सञ्चालन गर्न पुगे ? हो, माओको विचारमा राष्ट्रिय पुंजी निर्माण गर्नुपर्छ तर पुँजीवादमा जस्तो व्यक्तिगत वा निजी स्वार्थलाई मात्र फाइदा पुग्ने गरी गर्नु हुदैन भनिएको छ । उनले त अहिले सुरु गरेका व्यवसाय नै रोल्पाका समेत्न सक्ने जति समुदायलाई समेटेर सहकारीताको माध्यमबाट गर्नु पर्थ्यो । माओले भने जस्तै जनवाद नै समाजवादको प्रवेशद्वार हो भन्ने सिद्धान्तलाई आत्मसात गरेर अगाडि बढ्न सक्नुपर्थ्यो । अब मेरो दिमागमा एउटा प्रश्नको उत्तर कोबाट पाउने होला भन्ने व्यग्रता चलिरहेको छ, त्यो हो अब बादल दाजुको राजनीतिक भविश्य के होला ?

***३. नयां जनवाद शहरबाट होइन, गाउंबाट भागिन्छः***

कार्ल मार्क्सले जुन परिस्थितिको मूल्यांकन गरेर कम्युनिस्ट पार्टीको घोषणा गरेका थिए, त्यो भनेको औधोगिक मजदुरहरूको चरम शोषणलाई शक्तिमा बदलेर उनिहरूकै हातमा राज्य सत्ताको पहुँच गराउनु थियो । यसैको उपज नै उनको वैज्ञानिक समाजवादी विचारको प्रतिपादन थियो । जहां सांचो अर्थमा भन्नु पर्दा मजदुर, उत्पिडित जाति, क्षेत्र, लिङ्ग, किसानको लागि राज्य सत्ता थियो भने शोषक, सामन्त र उद्योगी, पुँजीपति वर्गहरूको विरुद्ध दमन । यसरी शुरु भएको समाजवादी क्रान्ति चिनमा गएर माओले फरक ढंगले चिनको विशेषता अनुसारको क्रान्तिको मोडल तयार पार्न सफल भए । मार्क्सको विचारधारा अनुसार पुँजीवादी समाजमा मात्र क्रान्ति सफल हुन्छ भन्ने विचार विपरित अर्धसामन्ति, औपनिवेशिक वा अर्धऔपनिवेशिक देशमा पनि क्रान्ति सफल हुन्छ भन्ने धारणा अघि सारे । उनले क्रान्ति पुरा गर्नको लागि गाउंदेखि शहर घेर्ने, बिभिन्न राजनीतिक शक्तिसंग सहयोग र संयुक्त कार्यगत एकता, आवश्यक पर्दा सरकारसंग पनि साझेदारी गर्दै समय र परिस्थिति अनुसार क्रान्ति सफल बनाउन सफल भएको देखिन्छ । उनले शक्ति प्राप्तिका लागि जनतालाई नै सबभन्दा नजिकका मित्र मानेका छन् । अर्थात जनता नै शक्तिको श्रोत मानेर पार्टीका हरेक विचार जनतासंग छलफल र जनतामा लागु गरेर मात्र सफल हुन्छ भन्ने मुलमन्त्र प्रयोग गरेको देखिन्छ । सोहि नीति अनुसार उनले शहरबाट प्राध्यापक, इन्जिनियर, विद्यार्थी, शिक्षक, कार्यकर्ता गाउंमा सिक्न पठाएका थिए । उनको विचार के थियो भने जनता र राजनीतिक पार्टीको विचार एकआपसमा मिल्न गयो भने मात्र क्रान्ति सफल हुन्छ ।

नेपालमा भने ठीक उल्टो गाउंका जनताले थाहा पाउला जसरी गाउंका नेतासमेत शहरमा आएर पार्टीमा राजनीतिक विचारभन्दा पद पाउन चाकडी गर्ने वा नेताको वरिपरि घुम्ने र नेतृत्वले केहि गर्न नसकेको गुनासो पोख्दै गनगन गर्दै हिडिरहेको देख्नु परेको पीडा ओकल्नु परेको छ । नेतृत्वले पनि प्रष्टसंग जनतासंग जोडिन कार्यकर्तालाई जोडबल नगरे जस्तो देखिनु नेतृत्वको चाहना पनि त्यहि हो या विचार र सिद्धान्तले मेल खाएको हो त्यो प्रष्ट हुन सकेको देखिदैन । नेपालको सन्दर्भमा पनि चिनकै जस्तो अर्धसामन्त, अर्धऔपनिवेशिक परिस्थिति रहेको र त्यो भन्दा पनि पीडादायक भूपरिवेस्थित देश हुनुको पीडा नेपाली जनताले भोगेको कसलाई पो ज्ञान नहोला र ? त्यसमाथि नेपाली राजनीतिक दलका प्रायः नेतृत्वहरू आफ्नो शक्ति र सत्ता बचाउनको लागि जे पनि गर्ने परम्परा जस्तो देखिन्छ । विशेषगरि भारत बेलायतको राजनीति सिद्धान्तभन्दा बाहिर निस्कन नसक्नु र नेपाल पनि भारतको राजनीतिभन्दा बाहिर निस्कन नसक्नु नेपाली जनताको लागि ठूलो ग्यास्टिक रोग बनेर बसेको छ । यसबाट मुक्ति पाउनको लागि त पहिला नेपालको परम्परागत नीति, नियम, धर्म संस्कारलाई विकसित गर्दै सोहीअनुसारको अर्थनीति अपनाउन सक्नु पर्छ । त्यो भनेको नेपालको उत्पादनलाई हरतरहले सुरक्षा गर्नु पर्छ । नेपाली उत्पादनलाई बढावा दिने गरी नीति, निर्देशन र उत्पादित वस्तुहरूले सहज वजारमा पहुंच र वजारमा खपत हुन नसक्ने आई परेमा त्यसको व्यवस्थित र उचित भण्डारणको व्यवस्था लागु गर्नु पर्छ । नेपालमा बढी भएका वस्तुहरूको विदेशमा समेत सहज पहुच बनाउन सक्ने शक्तिशाली विचार बोकेको सांच्चिकै क्रान्तिकारी पार्टीको खांचोको महसुस नेपाली जनताले गरेका छन् । त्यस्तो व्यक्ति त माओ मात्र थिए तर के नेपालमा पनि माओ जस्तै विचारलेयुक्त व्यक्तिको जन्म हुन सम्भव होला ?

***४. अबको निकास, जनताले सुनिश्चित भविश्यको ग्यारेन्टी चाहेका छन्***

नेपाली जनता त्यस्तो क्रान्ति नायकको खोजीमा छन् जसले बिगतदेखि बर्तमानमा रहेका नेतृत्वहरूले भ्यागुता जस्तो उफ्रने विकास गर्ने, घरघरमा ग्यांसको पाइप पु(याउने र पानी जहाज चलाउने, काठमाडौं शहरलाई सिंगापुर, स्वीट्जरल्याण्ड जस्तो बनाउने खोजेका छैनन् र खोजेका छन् त नेपालको माटो सुहाउंदो र नेपालको मौलिक, प्राकृतिक, नेपाली परम्परा अनुसारको विकासको मोडल खोजेका छन् । त्यो पनि उधारो होइन, हाताहाती । किन उधारोमा विश्वास गर्न छोडे भने नेपाली जनताले धेरै धोखा खाइसके । हो, नेपाली जनताले ती शहरीय नेतृत्वहरूले गाउंका कुना कण्दरामा रहेका परापुर्वकालदेखि बांच्न सिकेका सीप, कलालाई अझ परिस्कार गर्दै र तिनीहरूको संरक्षण गर्दै सोहि अनुसारको विकासको मोडल तयार पार्न सक्ने नेतृत्व खोजेका छन् । ती निमुखा जनताहरूले हाम्रो मात्र होइन, समग्र देशको विकास गरोस् भनेर चुनेर पठाएका भाइभतिजा, आफन्ति सबै व्यक्तिगत स्वार्थमा लागेकै कारण उनिहरू र उनिहरूको सन्तानले त त्यसै दुःख पाइरहेकै छन्, त्यसको साथसाथमा समग्र नेपाल र नेपाली जनताले समेत दुःख भोग्न बाध्य भएका छन् । अब नेपाली जनताले माओले भने जस्तै गरीव, किसान, मजदुर, हलिया, सुकुम्वासी, उत्पिडित जाति, क्षेत्र, लिंङ्ग सबैको स्वामित्व रहने गरि विकासको मोडल खोजेका छन् जहां सबैको अपनत्व होस् । यिनीहरूकै नेतृत्व रहने गरि राज्य सिद्धान्त र राज्य निर्माणको एउटा बलियो र शसक्त राजनीनिक विचारको दर्शन निर्माण लाग्नु जरुरी रहेको छ । जसले समग्र नेपाली जनताकोमा मात्र होइन, विश्व सर्वहारा वर्गको विश्वासिलो राजनीतिक विचार सिद्धान्त बन्न सफल होस् ।

नेपालीहरूले भाग्यमा विश्वास गर्ने कि नेपालमा शासकहरूका रूपमा प्रकट महान राजनीतिक नेतृत्व र सरकारको कार्यपालिकाहरूको विभिन्न अंग जसले नीति, नियमहरूको कार्यान्वनमा सहयोगी भूमिका निभाउने कर्मचारी, प्रहरी प्रशासनहरूले गरेका गलत कर्तुतहरूको सजांय नेपाली जनताले भोग्न बाध्य र विवस छन् भनेर विश्वास गरेर बस्ने । अब नेपाली जनताले भाग्यलाई दोष दिएर र नेपाली राजनीतिक दलहरूका नेतृत्वलाई दोष दिएर आफैलाई धिक्कारेर बस्ने समय छैन । अनि यिनै मध्यम वर्गहरूको यथास्थिति मनस्थिति जस्तो राजनीतिक ठालुहरूले थोपारेको गोवर जसरी थुप्रोलाई सत्तोसराप गरेर बस्नु उचित छैन । चिनमा माओले सांस्कृतिक क्रान्ति चलाए जस्तो यिनै यथास्थितिवादीहरूलाई तह लगाउनु परे पनि पछि हट्नु हुदैन । अन्यथा हामी त सधैं पिडित भैरहेकै छौ, हाम्रा सन्ततिहरूले समेत हामीलाई धिक्कार्ने छन् र भन्ने छन् यति जाबो सानो काम पनि गर्न नसकेर हामीलाई दुःखमा फसाएछन् । यो काम गर्नलाई नेपालमा त्यति धेरै कठिन छैन । यहां उत्पिडितहरूको कमि छैन । त्यसैले उत्पिडितहरूको एउटा बलियो संगठन बनाउन सक्यौं र हामीबीचमा एउटा बलियो उत्पादनको संयन्त्र बनाएर आफ्नै बलियो वजार बनाउन सकियो भने क्रान्तिको जेहाद छेद्न र हामीले चाहेजस्तो राज्य सत्ता प्राप्ति गर्न कत्ति पनि समय लाग्ने छैन । यदि यसको नेतृत्व गर्न अहिलेका राजनीतिक ठालु र मध्यमवर्गीय समुदाय सांच्चै इमान्दार हो भने चिनमा माओले गरेजस्तै नेपालको मेरुदण्डको रूपमा रहेको कृषकहरूले उत्पादन गरेका अन्न, तरकारी तथा फलफूलहरूले वजारको सुनिश्चित गर्ने कुन बाटो अपनाउनु पर्ने हो सो को पहल गर्न ढिलाई गरिनु हुन्न र जो उत्पादन गर्नको लागि साधन र स्रोत छैन तिनीहरूलाई समेत संलग्नता हुने गरि उत्पादन कार्यलाई जोड्दै नेपालमै रोजगारको बाटो सृजनाको पहलकदमी लिनु पर्छ र यी कार्यमा आइपर्ने समस्यासँग जुध्न सक्ने शक्तिको विकास गर्नु समयको माग हो ।

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# जनयुद्धको सजीव शब्दचित्र 'रातो सिपाही'



● हिरामणि दुःखी ●

मैले 'रातो सिपाही' पढेँ। 'रातो सिपाही' जनमुक्ति सेनाको एकजना होनहार योद्धा हो। ऊ निडर, साहसी एवं कुशल र सक्षम लडाकू हो। रातो सिपाही पढेपछि मलाई दसवर्षे भीषण लडाईको जीवन्त अनुभूति भयो। मलाई अहिले पनि कुनै युद्धमोर्चाको प्रत्यक्ष दृश्यावलोकन गरिरहेको छ भन्ने अनुभूति 'रातो सिपाही'ले गरायो। त्यसैले 'रातो सिपाही' जनयुद्धको सजीव चित्रको रूपमा प्रस्तुत भएको छ। 'रातो सिपाही' पढेपछि एकपटक सबैलाई भावुक बनाउनेछ, द्रविभूत बनाउनेछ र लडाइँका मोर्चाहरूको घटनाप्रति सम्वेदित बनाउनेछ। साथै यसले युद्धका बेला खाएका बाचा, कबोल र प्रतिवद्धताहरूप्रति एकपटक सोच्न घच्घच्याउने छ।

'रातो सिपाही'का लेखक खगेश्वर भण्डारी एक उदाउँदा युवा प्रतिभा हुन्। विद्यार्थी जीवनदेखि नै फुटकर कविता लेख्नमा उत्रिएका खगेश्वर भण्डारी नेपाली प्रगतिवादी साहित्यिक आन्दोलनका योद्धा पनि हुन्। उनका फुटकर रचनाहरूमा विशेषतः वर्तमान यथार्थताको व्यङ्ग्यपूर्ण अभिव्यक्ति पाइन्छ। सामाजिक परिवेश, सत्ताधारी वर्गका लुट, खसोट, हत्या, आतंक एवम् वर्गीय उत्पीडनलाई व्यङ्ग्यकलाका माध्यमबाट पर्दाफास गर्नु र जीवनको सार्थकता पस्कनु उनका फुटकर कविताका विशेषता हुन्। तर यतिखेर युवा स्रष्टा खगेश्वर भण्डारी फरक विषय, भाव र शैलीमा प्रस्तुत भएका छन् 'रातो सिपाही' मार्फत। एउटा गाउँले परिवेशको युवा जनमुक्ति सेनामा भर्ती भएर सर्वहारा वर्गीय मुक्ति आन्दोलनमा समर्पित भएर युद्धमोर्चामा लड्दा लड्दै वीरगति प्राप्त गरेको कथावस्तुलाई खण्डकाव्यका रूपमा रातो सिपाहीलाई प्रस्तुत गरेका छन्, कवि भण्डारीले। तथापी कवि खगेश्वर भण्डारीले रातो सिपाहीमार्फत् खण्डकाव्य रचना गरेर युद्ध साहित्यमा एउटा ईँटा थप्न सफल भएका छन्।

प्रस्तुत कृति 'रातो सिपाही' खण्डकाव्य जनयुद्धको क्रममा अग्रभागमा रहेर निर्णायक भूमिका खेलेको जनमुक्ति सेनाको जीवनमा आधारित छ। खण्डकाव्य हुनका लागि एउटा निश्चित चरित्र र परिवेशको आवश्यकता पर्दछ। सीमित कालखण्डमा घटित घटनालाई सिलसिलेबार कथानकरूपमा प्रस्तुत गर्न सकेमा मात्र खण्डकाव्य बन्न सक्छ। 'रातो सिपाही' मार्फत् कविले महान् जनयुद्धमा समर्पित योद्धाको जीवनवृत्तलाई सुन्दर ढंगले काव्यका माध्यमबाट पस्कन सफल भएका छन्। जब जनयुद्धले उच्चता प्राप्त गर्दै जान्छ र गाउँ वस्तीहरूमा प्रभाव पार्छ विकासवान् गतिमा अघि बढ्छ तब जनमुक्ति सेनाले विशाल आकार ग्रहण गर्न पुग्छ। यस्तैमा जनमुक्ति सेनाको एउटा पल्टन ग्रामीण वस्तीमा पुग्छ त्यसले गाउँका युवाहरूलाई आकर्षित गर्छ। गाउँमा जनमुक्ति सेनाको लस्कर पसेपछि भयभित हुने एउटा पंत्तिः पनि हुन्छ भने जनमुक्ति सेना गाउँमा आएका कारण शाही सेना आउँछ र भिडन्त हुन्छ भन्ने त्रास पनि गाउँलेहरूमा पर्छ, तर यो कुरा अव्यक्त शैलीमा प्रस्तुत गर्न कवि सफल भएका छन्। जनमुक्ति सेना गाउँ पसेपछि गाउँको एक युवा जनमुक्ति सेनासँगको सम्वादमा आकर्षित हुन्छ। त्यसपछि उसले पनि जनमुक्ति सेनामा भर्ती भएर मुक्तियुद्धमा समर्पित हुन्छ। जनमुक्ति सेना गाउँमा आउँदा सुरक्षित महसुस गर्ने आफ्नो भरोसा, ठान्ने र सुखद् अनुभूति लिने जनताको पङ्क्ति पनि हुन्छ। जनमुक्ति सेनाले जनताको मन कसरी जितेको छ भन्ने कुरा पनि यस खण्डकाव्यमा प्रस्तुत गर्न कवि सफल भएका छन्।

नौ सर्गमा विभाजित खण्डकाव्यमा जनमुक्ति सेनामा संलग्न एक युवक जगतको जीवनवृत्तलाई राम्रोसँग उल्लेख गरेका छन्। जनमुक्ति सेनाले युद्धमा लाग्नुपर्दाको कारण स्पष्ट गर्दै टीम कमाण्डरले सेनाको जीवनबारे भन्छन्-

*नेपाली चुचुरा पहाडि बुकुरा हेर्दै मजाको पुर,*
*लालसेना भनि चिन्दछन् सब मिली घुम्छौं गरीब्का घर।*
*वनजंगल् हरिया नदी र छहरा हिम्का चुली घुम्दछौं,*
*बम् गोला सित खेल्दछौं पिडितका हात्पाखुरा चुम्दछौं।।*



यसरी जनमुक्ति सेनाले लडाइँको औचित्य पुष्टि गरेपछि जनतामा ठूलो उत्साह पैदा हुन्छ। युवाहरू जनमुक्ति सेनामा जाने निश्चय गरेपछि आफ्नो बाबा-आमाबाट विदा माग्दै भन्दछन्-

*यो आधा धरती भरी भुवनमा आमाहरू बस्दछौं,*
*जन्मन्छौं जब है सबै पुरुषले तीम्रो दया चुम्दछौं।*
*आमाकै दूधले जवान म भएँ पाप लाग्छ यो बिर्सिए,*
*छोराको मतलव् विशिष्ट हुन पो रातो सिपाही बने।।*

यसरी जगतले रातो सिपाही हुनुको अर्थ प्रष्ट्याउँछ। यस्ता हजारौं र लाखौं युवाहरू जनयुद्धमा सामेल भए। कोही पार्टी संगठनमा काम गरे भने कोही जनमुक्ति सेनाका साङ्गठनिक भए। अन्तमा सशस्त्र युद्धमा सेनाकै प्रमुख भूमिका हुने कुरा स्वाभाविक भयो। त्यसैले यस खण्डकाव्यमा जनमुत्तिः सेनाकै भूमिकालाई सजीवरूपमा चित्रण गर्न कवि खगेश्वर भण्डारी सफल भएका छन्।

जब जगत जनमुक्ति सेनामा सामेल हुन्छ तब उसले आफ्नो कर्तव्य दृढतापूर्वक लागू गर्छ। उसले आफूलाई जस्तोसुकै कठिनाईको पनि सामना गर्ने र बलिदानी हुन पनि तयार पारेर एउटा क्रान्तिकारीको उच्च र फलामे अनुशासनूलाई प्रदर्शन गर्दछ। युद्धमोर्चामा सामेल भएपछि दुश्मनको घेरामा पर्दा पनि बहादुरीपूर्वक लडेर सहयोद्धाहरूलाई बचाएको, दुश्मनको घेरामा पर्दा पनि लासको अभिनय गरेर उम्कन सफल भएको घटनाक्रम देखाएर कविले प्रत्यक्ष युद्धमोर्चाको सजीवता देखाएका छन्। दुश्मनको क्याम्पबाट बचेर गाउँमा आउँदा जनताले जगतलाई गरेको आशंका र पार्टीप्रतिको बफादारिता एवम् जगतले जनतासँग गरेको व्यवहार र पछि पार्टी सम्पर्कसम्म पुग्दाका दृष्टान्तलाई अत्यन्तै सजीव र जिवन्तढंगले कलात्मक रूपमा राखेर खण्डकाव्यलाई ऐतिहासिकता दिन सक्नु कविताको सवल पक्ष हो। जगतले भोगेका र जनताले गरेको व्यवहारजस्ता दृष्टान्तहरू युद्धकलामा दर्जनौं भएका छन्। अपरिचित मान्छे गाउँमा पसेर माओवादी योद्धाहरूका विरुद्ध सिआइडी गरेको र ठूलठूला क्षेति भएका थुप्रै घटनाहरू युद्धकालमा पार्टी र जनताले व्यहोर्नु परेको छ। त्यसैले जनताले अपरिचित व्यक्तिलाई गर्ने व्यवहार पनि यस खण्डकाव्यमा सजीव ढंगबाट प्रस्तुत गरिएको छ। तर सचेत जनताको भूमिकालाई पनि असाध्य सुक्ष्म, मार्मिक र सचेततापूर्वक कविले काव्यमा प्रस्तुत गरेका छन्।

गाउँमा विभिन्न किसिमले जगतलाई शंका, विश्वास आदि गरे तापनि सचेततापूर्वक उसलाई गाउँलेहरूले पार्टी सम्पर्कमा पुऱ्याउँछन्। पार्टी सम्पर्कमा पुगेपछि जगतले घटनाको सम्पूर्ण वृतान्त सुनाउँदा पनि कमाण्डरको संकीर्णताको बुझाइले गर्दा जगतमाथि आरोप लगाइन्छ। अन्तमा आफू निर्दोष सावित गर्न जगतको सहीद बनेर भए पनि युद्धमा होमिने वाचा गर्छ। नभन्दै गाउँमा कार्यक्रम चल्दै गर्दा दुश्मनले घेरा हाल्न आइपुग्छ। त्यतिबेला जगतले अत्यन्तै कुशलतापूर्वक युद्ध रणनीति तयार गर्छ र आफू घाइते भएर पनि युद्धकला प्रदर्शन गरेर दुश्मनको आधुनिक हतियार खोस्न सफल भई दर्जनौं दुश्मन सेनालाई सोत्तर पार्छ र आफू पनि गम्भीर घाइते हुन्छ। अन्तमा पार्टीलाई बचाई आफू सहीद बन्छ। घाइते अवस्थामा पनि पार्टी र क्रान्तिकै चिन्ता गर्दै भन्दछ-

*यो देशमा खुन चाहियो यदि भने कम्ती नहोस् क्वै यहाँ,*
*छोराको वलि चाहियो पनि भने हाँस्दै चढून् शूलिमा।*
*क्वै छोरा पनि देशको अपशकुन् सोच्दै नसोचून् यहाँ,*
*धर्तीमा खुन दानको कमि नहोस् यै भन्छु मैले यहाँ।।*

यसरी मृत्युशैयामा छटपटिदा पनि पार्टी युद्धप्रति जुन आस्था प्रकट गर्दछ, त्यसले क्रान्तिकारीहरूलाई गम्भीर बनाउँछ। यो खण्डकाव्य पढ्दैगर्दा जगतको त्याग र समर्पण एवम् क्रान्तिप्रति सचेत चिन्ताभाव देख्दा रोल्पा लिस्ने गामको भिडन्तमा कम्पनी कमाण्डर रोषणले आफूलाई गोली लागि मृत्युसँग सङ्घर्ष गरिरहेको बेला आफ्ना सहयोद्धाहरूलाई अघि बढ्न कासन् गर्दै गरेको दृश्य आँखामा झलझल्ती नाचिरहन्छ। अन्तमा कासन् गर्दागर्दै रोषणको सहादत भएको थियो र जगतले जस्तै जनयुद्ध जिन्दावाद भनेर नारा लगाउँदै शहादत प्राप्त गरेका थिए।

अन्तमा, प्रस्तुत खण्डकाव्य पढेपछि जनयुद्धको ताजा र जीवन्त अनुभूति हुन्छ यहाँ कविले सचेततापूर्वक जनयुद्धको घटनाक्रमलाई काव्यका माध्यमबाट पस्केका छन्। जनयुद्धको शुरुवातको क्रममा जनमुक्ति सेनाको निर्माण र त्यसको महिमा, जनतामा पारेको प्रभाव, लडाइँका मोर्चाहरू, दुश्मनको घेराबन्दी र प्रतिरोध, जनमुत्तिः सेनाभित्रको दिनचर्या, सेनाको जीवनभित्र गरिने युवा युवतीहरूको प्रेमसम्बन्ध जस्ता कुरालाई अत्यन्तै सजीव ढंगबाट प्रस्तुत गरिएको छ। त्यसैले कवि मार्क्सवादी विचारप्रति सचेत त छँदै थिए सैन्यकलामा पनि कुशलतापूर्वक आफूलाई प्रस्तुत गर्न सफल भएका छन्। त्यसैले प्रस्तुत खण्डकाव्य जनयुद्धको जीवन्त कथा हो। जनमुक्ति सेनाको जिउँदो इतिहास हो। र, जनयुद्ध सिर्जित नवीन यथार्थवादी धाराको एउटा नौलो र सुन्दर कृति हो यो 'रातो सिपाही' खण्डकाव्य। सबैले एकपटक पढ्नैपर्ने कृतिको रूपमा यसलाई लिएको छु मैले। कवि खगेश्वर भण्डारी यस मानेमा धन्यवादका पात्र बनेका छन्। म उनको उत्तरोत्तर प्रगतिको कामना गर्दछु र आगामी दिनमा अझ सवल कृति जन्माउन सकून भन्ने अग्रीम शुभकामना पनि दिन चाहन्छ।

*(खगेश्वर भण्डारीको रातो सिपाही खण्डकाव्यको भूमिकाबाट)*

# रहेनन बरिष्ठ साहित्यकार श्रेष्ठ, क्रान्तिकारी पत्रकार महासंघद्वारा शोक्त ब्यक्त

## देशभक्त कविको अवशानले अपुरणीय क्षति

❑ रवि पाण्डेय



नवलपरासी। बरिष्ठ प्रगतिशिल साहित्यकार तारा प्रसाद श्रेष्ठको ७८ बर्षको उमेरमा निधन भएको छ। उहाँलाई तीन दिन देखि ज्वरो आएको र घरमै उपचार भइरहेको थियो। श्रेष्ठको आइतवार आफ्नै निवास बर्दघाट ९ भुताहामा निधन भएको छोरी सरस्वती श्रेष्ठले जानकारी दिनुभयो। क्रान्तिकारी पत्रकार महासङ्घ पश्चिम नवलपरासीका जिल्ला सल्लाहकार श्रेष्ठ यस क्षेत्रका निकै प्रतिभाशाली साहित्यकारका रूपमा परिचित हुनुहुन्थ्यो। ग्रामीण परिबेशका जनजिविकाका सवालमा चोटिला साहित्य रचना गर्ने उहाँका २ दर्जन बढी कृति प्रकाशित छन्। उहाँ एक एमसीसी बिरोधी अभियन्ता समेत हुनुहुन्थ्यो। विभिन्न राजनैतिक तथा सामाजिक परिवेशलाई आधारित बनाएर साहित्य रचना गर्ने उहाँले आफुलाइए एक देशभक्त राष्ट्रवादीका रूपमा उभ्याउनुभएको थियो। वर्गीय रूपमा निम्न मध्यम वर्गका उहाँका लेख रचनामा वर्ग पक्षधरताले ओतप्रोत छन्।

बामपंथी धारलाइ कहिल्यै नछोडेका श्रेष्ठ पछिल्लो क्रममा बिचार र निष्ठा विनाको राजनीति प्रति निकै चिन्तित देखिनु भएको थियो। उहाँ क्रान्तिकारी माओवादीको जिल्ला सल्लाहकार सदस्यका रूपमा क्रियाशिल हुनुहुन्थ्यो। उहाँको निधनप्रति क्रान्तिकारी माओवादी पश्चिम नवलपरासी, क्रान्तिकारी पत्रकार महासंघ पश्चिम नवलपरासी लगायत दर्जनौ संघसस्थाले शोकबक्तब्य जारी गरेका छन्। यसै बर्ष जिवनसंगिनी गुमाउनु भएको श्रेष्ठका दुई छोरा दुई छोरी र १० नाति नातिनी छ्न। उहाँको शव त्रिवेणीधाममा अत्येष्टि गरिएको पारिवारिक स्रोतले जनाएको छ।

## हेरौं श्रेष्ठको एक रचना
## जागृति सन्देश

*- ताराप्रसाद श्रेष्ठ*

*तराई पहाड सुन्दर हिमाल, " एमसीसीले " खाने भो नेपाल*
*राष्ट्रियता स्वाभिमान बन्धकमा पारी।*
*स्वाभिमानी जनतालाई बोकाइ ऋणको भारी॥*
*पुर्खाका ती गौरवगाथा इतिहास सान।*
*शहिदका सुन्दर सपना लागे वेचि खान॥*

*बहुमतको सरकार आएर, जाने भयो देशलाई खाएर*
*अङ्ग्रेजलाई भगाउने विराङ्गना, विर।*
*युद्धकला कौशलले बनाई उचो शिर॥*
*स्वर्ण अक्षर ईतिहास नेपालको राम्रो।*
*संसारलाई चिनाउने "सगरमाथा" हाम्रो॥*

*जनताका मत गयो खेर, नेपाल आमा रुदैछिन लौहेर*
*कालापानी लिपुलेक लिम्पिया धुरा।*
*देशभरि अतिक्रमण-सिमानाका कुरा॥*
*डस्मिनमा फालीकन राष्ट्रवादि बन्छन्।*
*विकासले झलमल देशपार्ने भन्छन्॥*

*हुन्न भलो "एमसीसी" खाएर, ब्वाँसो सङ्ग मितेरी लाएर*
*संस्कृति र सस्कारलाई बनाई थिलो-थिलो।*
*शिकारीको भाग जस्तो लगाएर विलो॥*
*संघियता, प्रदेश र स्थानिय तह।*
*भ्रष्टाचारी माछा पाल्ने बनाएर दह॥*

*लेण्डुपेको भुतले समायो, बालुवा टार यसरी रमायो*
*जाग उँठ! स्वाभिमानी देशवासी सारा।*
*राष्ट्रघात ( एमसीसी) को विरुद्धमा लगाएर नारा॥*
*स्वाधिनता बचाउन मर्न परे मरौ।*
*राष्ट्रघातको विरुद्धमा सबै अघि सरौ॥*
*जागृतिको सन्देश बोकेर, अघि बढौ, एमसीसी रोकेर।*

२०७६-१०-२१-०३

# ओली...

ललितपुर बस्ने एक कोभिडका विरामीसँग निदान अस्पतालले ६ दिनमा सात लाख रूपैयाँ असुल्यो। धुम्बराही स्थित ह्याम्स अस्पतालले तीन दिनको तीन लाख लिएको छ। यता संक्रमित पत्रकार रोहित दाहालसँग अघिल्लो साताको आइतवार काठमाडौंको थापाथलीस्थित नर्भिक इन्टरनेसनल अस्पतालले एक साताको बेड चार्ज मात्रै साढे तीनलाख असुलेको छ।

कोभिडका विरामीको भिडभाड बढिरहेका बेला अस्पतालहरूले विरामीबाट निजी अस्पतालहरूले यसरी चर्को शुल्क असुल्न थालेका छन्। कतिपय अस्पतालले त सुचना नै जारी गरेर कोभिड संक्रमितको उपचारको दर सार्वजनिक गरेका छन्।

ह्याम्स हस्पिटलले दैनिक ५० हजार रूपैयाँसम्म लिनेगरी २१ वैशाखमा उपचारको मूल्यसूची नै जारी गऱ्यो। मूल्यसूचीअनुसार कोरोनाका विरामीले दैनिक ७ देखि ५० हजारसम्म शुल्क तिरेर कोरोना उपचार गराउनुपर्ने देखिन्छ।

जनरल वार्डको लागि ७ हजार, दुई वटा वेड भएका कोठाको लागि १५ हजार, ३ र ४ वटा बेड भएको कोठाको लागि प्रतिदिन ११ हजार रूपैयाँ बुझाउनुपर्ने मूल्यसूचीमा उल्लेख छ।

त्यस्तैगरी आइसोलेसन-निजी कोठाको लागि २१ हजार, आइसोलेसन डिलक्सको लागि २६ हजार, आइसोलेसन सुइट रुमका लागि ५० हजार र आईसियूका लागि २२ हजार रूपैयाँसम्म मूल्य तोकिएको छ।

यसरी उपचारको मूल्यसूची जारी गर्नेमा काठमाडौं मेडिकल कलेज पब्लिक हेल्थ लिमिटेड पनि छ। उक्त अस्पतालले १९ गते सूचना जारी गर्दै नयाँ भर्ना हुने कोभिडका बिरामीका लागि प्रति दिन न्यूनतम ३० हजारसम्म शुल्क निर्धारण गरेको थियो। मूल्यसूचीमा सिंगल क्याबिनका लागि २० हजार, डबल क्याबिनका लागि १० हजार, क्याबिन डिलक्सका लागि २५ हजार र कोभिड क्याबिन सुपर डिलक्सका लागि प्रति दिन ३० हजार रूपैयाँ शुल्क तोकिएको थियो।

काठमाडौंका अन्य अस्पतालहरूले लिएको शुल्क पनि योभन्दा कम छैन। यस्तो छ काठमाडौंका केही ठूला निजी अस्पतालहरूको उपचारको दैनिक बेड शुल्क :

**ग्रान्डि इन्टरनेसनल हस्पिटल**

*जेनेरल सिंगल वेड - १३ हजार पाँच सय*
*जेनेरल डबल वेड - १८ हजार दुई सय*
*सिंगल क्याबिन - २२ हजार चार सय*
*आईसियु - १८ हजार सात सय*
*भेन्टिलेटर - ३५ हजार*

**नेपाल मेडिसिटी हस्पिटल**

*जेनरल सिंगल वेड - १० हजार तीन सय*
*आईसियु - १५ हजार पाँच सय*
*भेन्टिलेटर - २५ हजार*

(यो अस्पतालले विरामीको उपचार गर्ने डाक्टरले लगाउने व्यक्तिगत स्वास्थ्य सुरक्षा सामग्री (पीपीई) पनि विरामीबाट असुल्छ। एउटा पीपीईकै एक हजार पाँच सयदेखि दुई हजार पाँच सय रूपैयाँसम्म पर्छ। यस्तो पीपीई दिनमै ६ देखि सात वटासम्म आवश्यक पर्छ।)

**वयोदा हस्पिटल**

*नर्मल आइसोलेसन बेड - ८ हजार पाँच सय*
*कोभिड आईसियु वेड - ३५ देखि ४० हजार*
*कोभिड भेन्टिलेटर - ४५ हजार*

**बी एण्ड बी हस्पिटल**

*नर्मल आइसोलेसन वार्ड - ५ देखि १४ हजार*
*आईसियु - २५ हजार*

*निदान हस्पिटल*

*जेनेरल वार्ड - नौ हजार पाँच सय*
*क्याबिन - १७ हजार*
*हाई केयर आइसोलेसन - २५ हजार पाँच सय*
*आईसियु - ३५ हजार पाँच सय*

*नेपाल भारत हस्पिटल*

*जेनेरल वार्ड - २५ हजार*
*आईसियु - ४५ हजार*

**गरिबले कसरी उपचार पाउने ?**

तीन लाख रूपैयाँ तिरेर नर्भिक अस्पतालमा कोरोना उपचार गराएका रोहित दाहालले फेसबुकमा स्टाटस नै लेखे, 'सरकारी अस्पताल जानुस् ज्यान घर आउँदैन, निजी अस्पताल जानुस् आउँदा घर रहँदैन।' सामान्य आयस्तरका कोभिड संक्रमितले उपचारै नपाउने परिस्थिति बनेको भन्दै दाहाल भन्छन्, 'मैले उपचार गर्ने हैसियत राखें र बाँचे। उस्तै मान्छे हो भने कसरी उपचार गर्छन् ?,' दाहालले फेसबुकमा लेखेका छन्। यस्तो अवस्थामा कोभिडका कारण विहान बेलुकाको छाक टार्न नसक्ने हैसियतका जनताले कसरी उपचार पाउँछन् ? यस्तो अवस्था भनेको मानवीय संकटको अवस्था हो। जनसर्वसाधारण उपचार पाउने स्थिति नहुनु भनेको निकै गम्भिर स्थिति हो। यसबारे सिंगो देशले गम्भिर भएर सोच्नुपर्ने स्थिति पैदा हुन पुगेको छ।

**मेडिकल माफियाको सिकञ्जामा सरकार**

अरबौको कमिसनको चक्करमा परेर सरकारले यसअघि चार डलरमा ल्याएको खोप चार गुणा बढी मूल्यमा बेच्ने गरी निजी कम्पनीलाई जिम्मा दिएको छ। खोप ल्याउन अवरोध गरेको भनेर दण्डित हुनुपर्ने माफिया कम्पनी हुकमलाई पुरस्कृत गर्दै सरकारले नै चार गुणा बढी मूल्यमा खोप बेच्न अनुमति दिएको छ।

सरकारले भारतको सेरम इन्स्टिच्युट अफ लाइफ साइन्सबाट प्रतिडोज चार डलर अर्थात् चार सय ७२ रूपैयाँमा खोप ल्याएको थियो। तर, अब भने जनताबाट प्रतिडोज १७ सय नौ रूपैयाँ शुल्क उठाउन हुकमले स्वास्थ्य सेवा विभागबाट अनुमति पाएको छ।

सरकारले सस्तोमा ल्याएर जनतालाई निःशुल्क दिन सकिने खोप विभिन्न बहानामा किन रोकिएको थियो भन्ने कुराको जवाफ आएको छ- एजेन्टलाई नाफा दिलाउन। अब सेरमकै दुई डोजका लागि नेपाली नागरिकले निजी कम्पनीलाई ३४ सय १८ रूपैयाँ भुक्तान गर्नुपर्नेछ।

यसरी सरकार नै जनताको स्वास्थ्यमाथि गम्भिर खेलवाड गर्न र व्यापार गर्न लागिपरेपछि जनतामा ओली सरकारप्रति तीव्र घृणा जागेको छ र सर्वत्र विरोधका स्वरहरू देखिन थालेका छन्। निषेधाज्ञाका कारण जनता सडकमा ननिस्के पनि सामाजिक सञ्जाल, युटुब लगायत अभिव्यक्तिका विभिन्न माध्यममार्फत् तीव्र आक्रोश पोखिरहेका छन्। मरता तो क्या नइ करता स्थिति भयावह रूपमा बढ्दै जाँदा जनताको आक्रोश र धैर्यताको बाँध फुट्ने स्थिति आउने देखिन्छ। र, जनताले जनस्वास्थ्य विरोधी अपराधमा संलग्न दलाल शासकहरू र माफियाहरूलाई आफैले कारबाही गर्नुपर्ने दिन नआउला भन्न सकिन्न।

गीत

## पिंजडाको देशमा

● खगेश्वर भण्डारी ●



कित बाँच्लान् सरकारका दायाँबायाँ हिँड्ने
कित बाँच्लान् पैसावाला अस्पत्तालै किन्ने
मेरा लागि दुबै कुरा तारा बस्ने घर
टिपी खान नपाइने के अर्थको छ र ?

पहुँच पनि छैन हजुर धन पनि छैन
अकालमा मरिजाने मन पनि छैन
छोराछोरी श्रीमतीले परैबाट हेर्छन्
उठ् बाबा भन्दै आँशु परेलीले सोर्छन्

भोट माग्न आउनेले दिन आए हुन्थ्यो
आजसम्म दिएँ जति फिर्ता पाए हुन्थ्यो
यो बेलामा पनि देशको माया भेटिदैन
देश भन्ने पिँजडाको छायाँ मेटिदैन

एक घुट्की सास पनि पाइदैन भने
तीन हाते सुत्ने ठाउँ मेरो हैन भने
किन मैले मेरो देश भनी भर पर्ने ?
किन मैले गासबास काटी कर तिर्ने ?

जसलाई मैले देश भन्थैं पिँजडा पो रैछ
जहाँ पनि पिँजडा छन् भाग्ने ठाउँ छैन
पिँजडाका मालिक हो मेरो कुरा सुन
तिम्रो हातको यो पिँजडा टुट्छ कुनै दिन

## संसदीय...

निरंकुश, यती पाखण्डी सरकार त सायद अरु कुनै संविधानले जन्माएको थिएन होला। यो संविधानको प्रकाशमा निर्वाचन भएर बनेको झण्डै दुई तिहाई बहुमत प्रदर्शन गरेर बनेको ओली सरकारले गरेका राष्ट्रघात र जनघातको पुराण त धेरै लामो हुन्छ। यो संक्षिप्त आलेखमा त्यसको व्याख्या गर्नु संभव छैन। संसद केहि व्यक्तिको खेलौना !

निर्दलीय पंचायती व्यवस्थाले ३० वर्ष शासन चलाएको समयलाई कटाउने हो भने २००७ सालदेखि अहिले सम्मको ऐतिहासिक कालमा नेपालमा संसदीय व्यवस्था नै कायम छ। अब त यो तथ्य घाम जत्तिकै छर्लंग भैसकेको छ कि कथित दोस्रो संविधानसभाको निर्वाचन पछि केहि 'प्रमुख दलका शिर्ष नेता'ले 'फाष्ट ट्र्याक'बाट बनाएर जारी गरिएको २०७२ सालको संविधान पनि त्यहि विगतको ४० वर्षको संसदीय व्यवस्थाकै निरन्तरता सिवाय अरु केहि होइन।

संसदीय व्यवस्थाका पुराना पुजारीहरू त छँदै थिए उनीहरूले त यो व्यवस्थाको गुणगान गाउनु स्वाभाविकै हो। त्यस बाहेक, केहि वर्ष अघि मात्र 'संसदीय व्यवस्था खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने थलो हो' भन्ने भनाइ ठीक हो भनेर त्यही गीत गाउनेहरू पनि 'यही संविधान उत्कृष्ट हो। यही संसदीय व्यवस्था उत्कृष्ट हो।' भन्ने गीत गाउन थाले पछि यो संसदीय व्यवस्थाको वखान गर्नेहरूको कमी छैन। उनीहरू सबै संसदीय व्यवस्थालाई सर्बोच्च ठानेको बताउँछन्। केपी शर्मा ओली प्रधान मन्त्री भैसकेपछिको तीन वर्षका घटनाक्रमको मात्र मूल्यांकन गर्ने हो भने पनि त्यहि सर्वोच्चता माथि केहि व्यक्ति सवार भएर उनले त्यसलाई घोडा जस्तो बनाइरहेका छन्। प्रधान मन्त्री र उनका हरेक कदममा साथ दिने सम्माननीय राष्ट्रपति भै सके पछि यो व्यवस्थामा जे गरे पनि हुँदो रहेछ। उनीहरूले जे गर्छन् ती 'संवैधानिक' नै हुने गरेका छन्। ती सबै 'संसदको सर्वोच्चता कायम गर्न' कै लागि गरिएको भन्ने मानिने गरेको छ। यो संविधान त उनीहरूको खेलौना बनेको छ।

तत्कालिन एमालेमा माओवादी केन्द्र मिसिएर डबल नेकपा बनेपछि त्यसबाट हुनेसम्मको फाइदा केपी ओलीलाई भयो। पार्टीको अध्यक्ष र प्रधान मन्त्री दुबै पद उनैले हात पारे। पार्टी र सरकार दुबै तिर हैकम जमाउने काम गरे। यसलाई कायम राख्नकालागि उनी जे सुकै गर्न पनि तयार भए। तर यो उनका लागि निकै महँगो सावित भयो। पार्टीको सबै केन्द्रीय निकायमा उनी अल्पमतमा परे। संसदीय दलमा पनि एक्लिए। उनका विपक्षीहरूले सोचेका थिए, ओली साइजमा आउँछन् अब। तर उनले अर्कैबाटो समाते।

त्यस पछि उनले पार्टी विभाजन गर्न सजिलो पर्ने गरी एउटा अध्यादेश र संवैधानिक पदहरूमा नियुक्ति गर्दा आफु र आफ्नै मन्त्री उपस्थित भए पुग्ने अर्को अध्यादेश ल्याए, संसदलाई छलेर। त्यसको सर्वत्र विरोध भएपछि थेग्न नसकेर फिर्ता गरे। विभिन्न किसिमका तिक्डम गरे, एकल निर्णय गर्दै गए, अधिकारको दुरूपयोग गरे, निरंकुशता लाद्ने काम गरे, उनले आफ्ना विरोधीहरूको हुर्मत लिने काम गरे। अन्तमा, सबैलाई सर्प्राइज दिँदै विद्यमान संसदलाई विघटन गरी संसदको नयाँ निर्वाचन गर्ने घोषणा गरे। सर्वोच्च अदालतले उक्त निर्णयलाई 'असंवैधानिक' भन्ने मूल्यांकन गर्दै उल्टाइ दियो। धेरैले अनुमान लगाएका थिए कि नैतिकताका आधारमा पनि ओलीले प्रधान मन्त्रीको पदबाट राजीनामा दिने छन्। प्रचण्ड र माधव नेपालले खुसीयालीमा एकले अर्कोलाई मिठाई ख्वाएको फोटो भाइरल भयो। तर, ओलीले राजीनामा गरेनन्। 'असंवैधानिक' काम गर्नेहरूलाई सजाय गर्ने प्रचलन हुन्छ। तर ओली पुरस्कृत भए। नेपालको राज्यव्यवस्था र संविधान कस्तो रहेछ भन्ने तथ्य बाहिर आयो।

त्यहि सर्वोच्च अदालतको अर्को बेंचले पार्टीको नाम सम्वन्धी विवादमा पार्टी एकतालाई नै खारेज गरी, माओवादी केन्द्र र एमालेलाई 'एकता पूर्वको अवस्थामा फर्कनु पर्ने' फैसला गरिदियो। त्यो फैसला केपी शर्मा ओलीका लागि चिट्ठा परे जस्तो भयो। पार्टीको अध्यक्ष र संसदीय दलको नेताको पदलाई प्रयोग र दुरूपयोग गर्दै आफु सँग आत्म समर्पण नगर्ने माधव-झलनाथ पक्षका सांसद र केन्द्रीय स्तरका कमिटीहरूमा रहेकाहरूलाई धमाधम कारवाही गरे र अझै गरिरहेका छन्।

ओलीको विश्वासको मतको प्रस्ताव

सर्वोच्च अदालतले पार्टीहरूलाई पुरानै अवस्थामा जानु पर्ने फैसला गरे पछि केपी ओलीले विश्वासको मत लिनै पर्ने संवैधानिक वाध्यता थियो। तर, त्यतिखेर उनले फेरी अर्को असंवैधानिक काम गरे, विश्वासको मत लिने प्रस्ताव ल्याएनन्। तर, यतिखेर आवश्यकता नै नपरेको बेलामा आगामी वैसाख २७ गते विश्वासको मत लिने प्रस्ताव किन ल्याए त ? यो रहस्य कै विषय बनेको छ। यो पनि एउटा नौटंकी नै हो जस्तो लाग्दछ। ओली नेतृत्वको यो सरकार माओवादी केन्द्रको समर्थनबाट चलिरहेको थियो। माकेका नेताहरूले किन त्यसो गरे त ? उनीहरूलाई के कुराको आशंका थियो भने समर्थन फिर्ता लिंदा ओली नेतृत्वको सरकार ढल्छ। सरकार ढलेपछि फेरी पनि ओलीजीकै नेतृत्वमा काम चलाउ सरकार बन्छ। त्यो अवस्थामा फेरी संसद भंग गर्ने निर्णय गर्छन् ओलीले। स्थिती फेरी पुरानै अवस्थामा फर्कन्छ। ओली सरकारलाई कति दिन काँधमा राखेर बस्ने ? माकेले समर्थन फिर्ता लिने औपचारिक निर्णय गएर त्यसको जानकारी संसद सचिवालयलाई पनि गराइ सकेको छ।

अब के हुन्छ ?

ओलीको पहिलो प्रयास सदनमा बहुमत ल्याएर सरकार कायम राख्ने नै हुने देखिन्छ। यसको निमित्त उनले एमालेको सूर्य चिन्हमा चुनाव लडेर सांसद बनेका १२१ जनालाई साम, दाम, दण्ड, भेद सबै प्रयोग गरेर उनीहरूलाई आफ्नो पक्षमा भोट हाल्न वाध्य गराउन सके भने र अरु थप १५ जनाको मत भयो भने उनको बहुमत पुग्छ। ओलीले रा स पा लाई फूटको अवस्थामा पुर्‍याइसकेका छन्। उपेन्द्र - बाबुराम पक्ष विरोधमा छन् र ठाकुर र महतो पक्ष ओलीको पक्षमा छन्, जो सँग झण्डै १५ सांसद छन्। अब निर्णायक भूमिका सूर्य चिन्ह लिएर लडेका र अहिले पनि एमाले कै पहिचानमा बसेका नेपाल - खनाल पक्षको हुने देखिन्छ। विपक्षमा मतदान गर्दा ओलीले उनीहरूको सांसद् खोसि दिने खतरा छ। यो खतरा मोल्न उनीहरू तयार हुन्छन् कि हुँदैनन् ? भोटिङ् हुनु भन्दा अगाडि नै सांसदको पदबाट सामुहिक राजीनामा दिने विषयमा पनि छलफल चलिरहेको छ। त्यो हुन सक्यो भने पनि ओलीको सरकार ढल्ने निश्चित छ। सरकार ढल्ने वा नढल्ने ? ढले पछि पनि ओली नै प्रधान मन्त्री हुने र उनले फेरी पनि नयाँ चनावको घोषणा गर्ने तर चुनाव चाहिँ नगराएर निरंकुश शासन् संचालन गर्ने संभावना बढी छ भन्ने अनुमान गरिँदै छ। यो नौटंकी कसरी अघि वढ्छ, अहिले नै भनी हाल्न सकिने स्थिति देखिँदैन।

यो र यस्तै संसदीय व्यवस्थाले ल्याउने नौटंकी हेरेर बसिरहने कि नयाँ विकल्प तिर जाने भन्ने प्रश्न अब गंभीर रूपमा उठिरहेको छ। अबको वहश नयाँ विकल्पका विषयमा हुनु आवश्यक छ। नेपालको लागि नयाँ विकल्प के हुन सक्छ, सबै देशभक्त र प्रगतिशीलहरू आपसमा छलफल गरी निष्कर्षमा पुग्नु पर्ने बेला भैसकेको छ।

*२०७८ / १ / २१*

## सत्ता...

आफु वरिपरी एकितृत गरी देशको राज्यसत्ता कब्जा जमाउँदै, देशको राष्ट्रिय स्वाधिनता माथि साम्राज्यवाद, विस्तारवाद र विदेशी प्रतिक्रियावादीहरूको अत्यधिक चलखेलको आफु तमासे बनी गैरराजनैति हरकत भित्र गौरवान्वित हुँदै आइरहेको प्रष्ट देख्नमा आएको छ। खासमा भन्नै पर्दा, यसैको परिणाम स्वरूप नेपालका आम जनसमूदायको स्थिति आजसम्म पनि चौतर्फि रूपमा जीवन मरणको जतिल समस्यामा जेलिएर जीवन यापन गर्न वाध्य हुन परिहेको छ।

देशमा बितिरहेको वर्तमान स्थितिलाई लिएर भन्ने हो भने संसद र संसदीय समितिका बैठकहरूमा देशको आवश्यक्त अनुरूप सशक्त र प्रभावकारी भूमिका बिना जनताले तिरेको कर आँखा चिम्लेर हसुर्न यिनीहरूलाई लाज लाग्नु पर्ने हो। कामै नगरी राज्यकोषबाट सेवा सुविधा लिन नैतिक रूपले मिल्ने कुरो होइन र मिल्दैन। सत्तारुद्ध दलका विगत तिनवर्षे क्रियाकलाप हेर्ने हो भने, जनताका काम होइन, भाषण र अहंकारी स्वरूप प्रदर्शन त्यतितः भइरहेको छ। उनीहरूको आक्रोस, गालि-गलौजले पुरै समाजलाई प्रदुषित तुल्याएको छ।

मान्छे सामाजिक प्राणि हुनुको सँगै प्रकृतिकै उपज र सदस्य भएकाले, प्रकृतिसँग शत्रुता कायम गर्‍यो भने मान्छे पनि दढेलो लागेको बनको बाघ जस्तै असुरक्षित हुन्छ। कोरोना जिवाणु महामारिले त्यो पाठ सिकाएकै छ। वायु प्रदुषण गराउने पुख्य कारणमा, देशका गैरजिम्मेवार सरकारहरूको कार्यविधि बढ्दो अव्यवस्थित शहरिकरण, मापदण्ड बिपरितका कलकारखाना संचालन, दिनानुदिन बन बिनाश अवैज्ञानिक एवम् अविवेकशील विकासका गतिविधि संचालन हुनु हो। त्यस बाहेक डिजलबाट संचालित हुने गाडिको संख्या दिनप्रतिदिन बढिरहनु, आम जनतामा वातावरण संरक्षण र संवर्द्धन प्रति न्यून चासो हुनुले पनि काठमाडौं लगायत तराई र पहाडि क्षेत्रमा प्रदुषण बढिरहेको आंकलन गर्न सकिन्छ।

वायु प्रदुषणले गर्दा काठमाडौंको परिचय 'विश्वकै सबैभन्दा प्रदुषित शहर' बन्नु भनेको चानचुने कुरा होइन। नेपालको वर्तमान संविधानको धारा ३० मा मोलिक हकको रूपमा स्वच्छ वातावरणको हकको व्यवस्था गरिएको छ। तर, देश र जनता प्रतिको गैरजिम्मेवार वर्तमान सरकारको क्रियाकलापले गर्दा यो देशका नागरिकहरू स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक केवल कागजमा मात्र सिमित हुन पुगिरहेको छ।

कम्युनिस्ट नामधारी सरकार, सत्तासिन् हुन आइपुगेदेखि जनतालाई यसो गर्नु, त्यसो नगर्नु भन्ने आदेश दिन्दै गर्ने, तर आफुचाहिं गतिछाडा तालले हिंड्ने तौरतरिकाले देशका आम जनतामा देशमा सरकार मौजुद्ध रहेको आभाससम्म दिन सकिरहेका छैनन्। अहिले देशभर दोश्रो कोरोना संक्रमण देखा पर्नुको सँग काठमाडौं उपत्यकामा संक्रमितको दर बढ्दै जाँदा, सरकारले नै २५ जनाभन्दा बढी भेला हुन रोक लगाएको थियो। तर, सरकारी पक्षबाट नै आफ्नो आदेश, निर्देशन पालना गरिएन। भन्नुको मतलव प्रधानमन्त्री स्वयम् आफै उपस्थित भई निर्माण कार्य अधुरो छँदै धरहरा उद्धाटन गर्दैगर्दा कार्यक्रम स्थलभित्र भिड त थियो नै कार्यक्रम स्थल बाहिर पनि उद्धाटन हेर्न आउनेको उतिकै घुइँचो थियो। यो त भयो बाहिरको कार्यक्रम। यो भन्दानी सुन्दासम्म पनि दिक्क लाग्दो कुरा के हो भने, सरकारी प्रधानमन्त्री क्वाटर बालुवाटारभित्रबाटै स्वास्थ्य मापदण्ड उलंघन गर्दै बिभिन्न बैठक र भेला संचालन गर्दै आएका छन्।

गर्नेलाई भन्दा देख्नेलाई लाज भने जस्तै हाम्रोमा प्रधानमन्त्री तथा मन्त्रीहरू नै यस्ता नियम उलंघन गरिरहेका छन्। गत सोमबारको मन्त्रीपरिषदको बैठकले मठमन्दिर, मस्जिद, चर्च लगाएतका धार्मिक स्थलमा नित्यपुजा मात्रै गर्ने भिडभाड नगर्ने निर्णय गर्‍यो। तर, प्रधानमन्त्री तथा मन्त्रीहरूले राम-सीताको मन्दिर हस्तान्तरण सम्बन्धी धार्मिक अनुष्ठान गर्ने नाममा हजारौंको भिड गरिरहेका छन् र हजारौंको लावालस्कर सहित प्रदर्शन देखाइरहेका छन्। के यहि हो जनताले सरकारसँग गरेको अपेक्षा ? जनताको अपेक्षा यस्तै बेमौसमि कामबाट परिपूर्ति हुन्छ ?

देशमा बितिरहेको वर्तमान स्थितिलाई लिएर भन्नुपर्दा शासन्सत्तामा हाबी बन्दै आइरहेका कार्यकारी प्रमुख केपी शर्मा ओलीको सोच र कार्यविधि हेर्दा जनताको पिडालाई बुझ्न नचाहने र बुझेर आत्मासात गर्न नचाहने मानवता बिहिन शासकका कारण, अहिले दिनदिनै कोरोना संक्रमण बढ्दै आइरहेको छ मात्र होइन संक्रमितहरूको मृत्युदर पनि बढ्दै गइरहेको छ। खासमा भन्नुपर्दा, यो कोरोनाले मारेको होइन। यो त शासकले गरेको नागरिक (जनता) हत्या गर्ने जस्तो जधन्य अपराध गर्न समेत पछि नपर्ने यी मानवता बिहिन भसमासुर नै हो। जबसम्म जनताको पीडालाई आत्मसात गर्ने शासक र त्यसै अनुसारको शासन् प्रणाली विकास हुन र गर्न सक्दैन, तबसम्म यसै गरी हामी मध्येका कैयौं असामायिक मृत्यु हुने निश्चित छ। यस्ता देश र जनविरोधिलाई शासन्सत्तामा तिकाई राख्ने सत्तारुद्ध दल र प्रतिपक्षदलहरू पनि कम जिम्मेवार छैनन्।

यसै सन्दर्भमा भन्नुपर्दा देश र जनताप्रति गैरजिम्मेवार वर्तमान सरकारको कार्यविधि अहिले कोरोनाको संक्रमणको स्थिति भयावह हुनुको सँगै संक्रमितहरूको मृत्युदर बढीरहँदा समेत, वर्षौं देखि बिग्रेर काठमाडौं उपत्येका भित्रका अस्पतालहरूमा थन्को परिरहेको अक्सिजन प्लान्ट अझैसम्म मर्मत-सम्भार गर्ने कुनै सुरसार गर्ने तरखर देखिएको छैन। उता पोखरा स्वास्थ्य विज्ञान प्रतिस्थानले दुई करोड रूपैंयाको अभावमा अक्सिजन प्लान्ट किन्न सकेको छैन। यता भने राम-सीताको अनुस्थान गर्ने र पशुपतिमा जलहरि चढाउने नाममा करोडौं रूपैंया खर्च गर्न भ्याइसकेका छन्।

ध्वाँसे वर्तमान सरकारसँग हरेक स्थानीय तहमा अस्पताल बनाउने योजना छ। योजना बनाउनु र जनतालाई सुनाउनु कुनै नौलो कुरा होइन। विकासका भाषण त पञ्चायती व्यवस्थामा पनि हुने गर्दथे। विकासको मूल फुटाउने नारा राजाको पालामा पनि सुनिने गर्थ्यो। अहिले देश र जनविरोधी भसमासुर सरकार देशको राष्ट्रिय स्वाधिनता समुल नष्ट ध्वष्ट पार्न साम्राज्यवाद र विस्तारवादको दलालि गर्दै एमसीसी परियोजना संघीय संसदबाट पास गर्न गराउन कम्मर कसेर लागि पर्दैछन् भने नेपाली काँग्रेस पनि यसै कार्यमा संलग्न हुन दिलोज्यानले तत्परता देखाइरहेका छन्। देश र जनताको अपेक्षा यस्तै हावादारी कामकुरोमा निहित रहेको छ त ?

जब पर्‍यो राति तब बुढी ताति भने जस्तै गरी अहिले आएर देशमा स्वास्थ संकटकाल लागु गर्ने सरकारी तर्फबाट चर्चा परिचर्चा भए गरेको सुन्नमा आएको छ। दुःख लाग्दो कुरो देशमा कोरोना संक्रमणको दोश्रो लहर फैलिँदै गएको देखिएपछि र त्यसका लागि सरकार समय छँदा गैरजिम्मेवार बनी निर्धक्क भई बस्नु र आम जनता लापरवाह भए पछि बन्दको विकल्प थिएन नै तर सरकारसँग यस्तो स्थितिमा पनि परिक्षण, राहत र व्यवस्थापनका लागि कुनै योजना छ त, केवल राज्यसत्तामा कसरी तिक्ने र बिरोधी दललाई कसरी लज्जित बनाउने भन्ने खेलको।

सचेत स्वाभिमानी देशभक्त क्रान्तिकारी नेपाली जनसमूदायको चाहना भनेको देशमा सर्वहारा वर्गिय अधिनायकत्वमा आधारित जनवादी व्यवस्था कायम गरी संघीय जनगणतन्त्रीय राज्यव्यवस्था मार्फट देशमा आजसम्म पनि चौतर्फि रूपमा जीवन-मरणको जतिलतम् समस्यामा जेलिएर जीवन यापन गर्न वाध्य नेपाली जनसमूदायलाई स्वतन्त्र र सौहार्दपूर्ण तौरतरिका अपनाई, प्रत्येक जनको आ-आफ्नो क्षमता अनुरूपको बिना भेदभाव काम र मामको व्यवस्था मिलाई सुख-सयल जीवन ज्युन पाउने स्थिति सृजना गर्न देशका तमाम् क्रान्तिकारी कम्युनिस्ट, बाम्पन्थि एवम् सम्पूर्ण व्यक्ति समूह र पार्टीहरू एकजुतभई अग्रगामी क्रान्तिकारी छलाङमारी अगाडि बढ्नु नै आजको राष्ट्रिय आवश्यक्ता हो र यो नै सबै क्रान्तिकारीहरूको मूल उद्देश्य रही आएको छ। २०७८/१/२१

*ताहाचल, काठमाडौं*

## मनाङेको...

त्यसैले यो समय मित्रमणिलाई सम्झने समय होइन। मनाङेलाई जयजयकार गर्ने समय भएको छ। जीवनभर मित्रमणिहरू जसका विरुद्ध लडे र अन्ततः लड्दालड्दै जीवनको इहलिला नै समाप्त गरे आज हाम्रो समाज त्यस्तै मान्छेहरूलाई बोकेर वैतर्नी तार्न अभिशप्त छ। यो शैली राजनीति र निष्ठाको स्खलनको समय हो।

को थिए मित्रमणि आचार्य ?

सानैदेखि अत्यन्तै तिक्ष्ण बुद्धि, गहिरो अध्ययन, प्रखर वक्तृत्वकला र जुझारु व्यक्तित्व भएका आचार्यले वि.स. २०१९ असार ३ गते धर्तीमा पहिलो पटक पाइला टेकेका थिए। पिता रेशमराज आचार्य र माता पिताम्बरादेवी आचार्यको कोखबाट प्यूठानको तत्कालीन रम्दी गाविसस्थित रुद्रपुर गाउँमा उनको जन्म भएको थियो। २०३६ सालमा एसएलसी उत्तीर्ण गरेसँगै अनेरास्ववियुको सदस्यका रूपमा उनको राजनीतिक यात्रा प्रारम्भ गरेका आचार्य २०३६ मा कृषि क्याम्पस पक्लिहवा क्याम्पसको इकाई अध्यक्ष, २०३७ मा स्ववियु सभापति तथा रूपन्देही जिल्ला सचिव भएका थिए। अध्ययनको सिलसिलामा केन्द्रीय कृषि क्याम्पस रामपुर चितवनमा पुगेपछि उनी चितवन जिल्ला कोषाध्यक्ष हुँदै २०४० मा जिल्ला उपाध्यक्ष भए। यससँगै उनी अनेरास्ववियुको आठौं राष्ट्रिय सम्मेलनबाट केन्द्रीय सदस्यमा निर्वाचित भए। विद्यार्थी माझ अत्यन्तै लोकप्रिय आचार्य २०४१ मा रामपुर क्याम्पसको पनि स्ववियु सभापतिमा निर्वाचित भएका थिए।

सानो उमेरमा नै क्रान्तिकारी विद्यार्थी आन्दोलनको चम्किलो ताराको रूपमा उदाएका आचार्य एकातिर आम शोषित पीडित विद्यार्थी एवम् जनतामाझ आँखाको नानी र केही मुट्ठीभर जनविरोधीका लागि आँखाको कसिङ्गर बन्दै गए। दलहरू प्रतिबन्धित भएको त्यस पञ्चायती कालरात्रिमा जनताका आवाज बोल्ने र शोषक सामन्तका विरुद्ध जेहाद छेड्ने अग्रणी शक्ति विद्यार्थी मात्र थियो। आचार्य त्यस क्षेत्रको एक चर्चित कमाण्डर थिए। शासकहरू मित्रमणिहरूले बालेको विद्रोहको मसालदेखि आतंकित थिए। तिनका मतियारहरू मित्रमणिहरूले सिर्जना गरेको पंचायत विरोधी आन्दोलनको राप र तापबट त्रसित थिए। शासकहरूको जुठो खाएर परिवर्तनको यात्रा रोक्ने खोज्नेहरू पनि थिए। तर ती सबैका हर्कतका विरुद्ध मित्रमणि सत्तिसाल जस्तै ठिङ्ग उभिएका थिए। उनी परिवर्तन विरोधी शक्तिसँग झुकेनन्। सायद उनको त्यही अडान, २०४२ वैशाख १८ गते चितवनको मेघौली माविमा आयोजित कार्यक्रममा जाँदै गर्दा पर्साढाप भन्ने ठाउँमा उनीमाथि सत्तासंरक्षित गुण्डाबाट सांघातिक आक्रमण भयो। ती गुण्डाले उनलाई खुकुरी, चेन, चुप्पीसहितका धारिलो हतियार प्रयोग गरी निरसंश आक्रमण गरेर मरणासन्न बनाई फालेर हिँडे। पछि त्यहाँका गाउँलेहरूले उनलाई भरतपुर अस्पतालमा पुर्‍याएर उपचार गर्दै गर्दा १८ गते राति १२ बजे उनको निधन भयो।

महान सहिद मित्रमणि आचार्य नेपाली विद्यार्थी आन्दोलनका एक कहिल्यै नअस्ताउने चम्किला तारा हुन्। नेपालको वामपन्थी विद्यार्थी आन्दोलनको इतिहासमा उनको नाम स्वर्ण अक्षरले लेखिएको छ। राष्ट्रिय स्वाधीनता, अग्रगन, जनजीवीका र शैक्षिक रूपान्तरणको आन्दोलनमा उनले खेलेको उल्लेखनीय भुमिकाकै कारण उनको नाम अजर र अमर छ। तत्कालीन निरङ्कुस शक्तिहरूसँग अपवित्र साँठगाँठ गर्दै पञ्चायती सत्ताको भत्ता खाएर मैमत्ता भएका सुण्ड मुसुण्डहरूको निशानामा परी आचार्यले सहादत प्राप्त गरेका थिए। आजको दिनमा महान् सहिद मित्रमणि आचार्यले देखाएको न्याय, स्वतन्त्रता र समानताको वाटोमा दृढतापुर्वक हिड्ने प्रण गर्नु नै उनीप्रति सम्मान र श्रद्धाञ्जली हुनेछ।

विद्यार्थी आन्दोलनका आइकन : मनाङे कि मित्रमणि ?

राणाशाही विरुद्ध गंगालालको बलिदानको धारा र राष्ट्रिय स्वाधीनताका निम्ति चिनियाँकाजीको उत्सर्गको धारा नेपालको विद्यार्थी आन्दोलनको प्रेरणपुञ्ज हो। विद्यार्थी हकहित र परिवर्तनका निम्ति मित्रमणिको त्यागको धारा र गणतन्त्रका निम्ति सहिद वेनोज अधिकारीको बलिदानको धारा नेपाली वाम विद्यार्थीको आधारभूमी हो। तर दीपक मनाङे जस्ता पात्रहरूलाई सामान्य संरक्षण मात्र होइन मन्त्री पदमै विराजमान गराउने प्रवृत्तिले मित्रमणिहरूको घोर अपमान भएको छ।

आज नेपाली विद्यार्थी आन्दोलनमा सत्ताको सलामी र गुलामी गर्ने प्रवृत्ति मौलाएको छ। पैसा र बलवाहुका आधारमा जनपक्षीय राजनीतिलाई धुमिल पार्न उद्धत प्रवृत्तिलाई परास्त गर्ने तत्परता लिनुको सट्टा 'मनी र मसल' सँग आत्मसमर्पण गर्ने प्रवृत्तिले टाउको उठाउन खोज्दैछ। गौरवशाली विद्यार्थी आन्दोलनलाई दासहरूको लस्करमा परिणत गर्न खोज्नेबाट हरहालतमा जोगाउनु पर्दछ।

आज विद्यार्थी आन्दोलनलाई केही दिन खोज्ने हैन केवल लिन मात्र खोज्नेको चंगुलबाट अलग गर्न जरुरी छ। हिजोका मण्डलेसँग सम्झौताहीन सङ्घर्ष गर्दै उदाएको गौरवमय विद्यार्थी आन्दोलनलाई नव मण्डलेहरूको झुण्डमा बदलिन कुनै हालतमा दिनहुँदैन। राष्ट्रियता, लोकतन्त्र, जनजीवीका र शैक्षिक रूपान्तरणका निम्ति विद्यार्थी आन्दोलनले सदैव दबाब, जागरण र खबरदारीको भुमिका खेल्नुपर्दछ। सारमा विद्यार्थी आन्दोलनमा अब यस्तो शुद्धिकरण आवश्यक भइकेको छ कि जसले समाजको हिरो फेरि पनि मनाङे होइनन्, मित्रमणि आचार्यहरू नै हुन् भनेर निसंकोच भन्न सकोस्।

*(लेखक अनेरास्ववियू (क्रान्तिकारी) का केन्द्रीय उपाध्यक्ष हुन्)*

## कार्लमार्क्सको...

जर्मनीको एउटा सानो शहर ट्रियरमा जन्मनु भएको थियो। उहाँ मार्क्सवादका प्रवर्तक तथा साम्यवादी क्रन्तिका महान् शिक्षक हुनुहुन्छ। उहाँले दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका तीनवटै क्षेत्रको समष्टिगत विकास गरी मार्क्सवादको प्रतिपादन गर्नु भयो। मार्क्सवाद विश्व सर्वहारा क्रान्ति र आम उत्पीडित जनताको सङ्घर्षको दर्शन हो। आज मार्क्सवाद, मार्क्सवाद-लेनिनवाद-माओवादमा विकास भएको छ। यो हाम्रो पार्टीको मात्र नभएर विश्व सर्बहारा क्रान्तिको पथप्रदर्शक सिद्धान्त हो।

मार्क्सवादको प्रादुर्भावसँगै संशोधनवादको पनि जन्म भएको छ। विभिन्न रूप र रङ्गका संशोधनवादीहरूले विश्वव्यापी रूपमा मार्क्सवादमाथि भीषण हमला गर्दै आएका छन्। रूस, चीन लगायतका देशहरूमा भएका प्रतिक्रन्तिका घटनालाई देखाएर संसारभरिका प्रतिक्रियावादीहरूले मार्क्सवाद असफल भएको र साम्यवाद ढलेको भन्ने एकोहोरो प्रचारबाजी गर्दै आएका छन्। प्रतिक्रान्तिको कारण मार्क्सवादको असफलता होइन, मार्क्सवादको नाममा संशोधनवादको असफलता हो। वर्तमान विश्वमा साम्राज्यवादी नवउदारवाद भयावह सङ्कटको भुमरीमा फस्दै गएको छ र विश्वमा १९३०को जस्तै आर्थिक सङ्कट आउँदैछ भनेर विभिन्न अर्थशास्त्रीहरूले भन्दै आएका छन्। यस प्रकारको सङ्कटको समाधान पुँजीवादमा छैन। सङ्कट समाधानको एकमात्र उपाय वैज्ञानिक समाजवाद हो। विश्वव्यापी रूपमा समाजवादी क्रान्तिको आवश्यकता र मार्क्सवाद प्रतिको आकर्षण झनै बढिरहेको छ।

गएको दुई वर्षदेखि पुरा विश्वलाई कोभिड-१९ महामारीले गाँजेको छ। यो महामारी अति मुनाफाका लागि नवउदारवादी साम्राज्यवादले प्रकृतिमाथि गरेको अनियन्त्रित दोहनका कारण पैदा भएको पर्यावरणीय असन्तुलनको अनिवार्य परिणाम हो। यसलाई वैज्ञानिकहरूले तथ्य सहित पुष्टि गरेका छन्। कोभिड-१९ महामारीले पुरा विश्वलाई नै डरलाग्दो गरी लपेटेको बेला साम्राज्यवादी लुटेराहरूको ध्यान भने महामारी नियन्त्रण र जनताको जीवन रक्षा भन्दा पनि खोपको उत्पादनबाट अकुत सम्पत्ति कमाउने तिर केन्द्रित भएको छ। साम्राज्यवादीहरूले महामारी निन्त्रणमा होइन विश्वमा आफ्नो वर्चश्व स्थापित गर्नका लागि सैन्य खर्चमा प्रतिस्पर्धा गरेका छन्। कोभिडबाट संक्रमित कैयौं जनताहरू अक्सिजनको अभावमा सासफेर्न नपाएर अस्पतालमा लासपरेका बेला साम्राज्यवादी लुटेरा र तिनका कठपुतली शाषकहरूले २०२०मा विश्वको सैन्य बजेट २.६ प्रतिशतले बढाएर १९ खरब ८१ अरव डलर पुर्‍याएका छन्। साम्राज्यवादीहरूको ध्यान कहाँ केन्द्रित छ भन्ने कुरा यसले स्पष्ट गर्दछ। साम्राज्यवाद नै सबै समस्याको कारण हो र यसबाट वर्तमान आर्थिक र स्वास्थ्य सङ्कटको समाधान हुँदैन। समस्याको समाधान मार्क्सवाद-लेनिनवाद-माओवादको मार्ग निर्देशनमा हुने विश्व समाजवादी क्रान्ति हो।

अहिले नेपालमा कम्युनिस्टको नाममा घोर प्रतिक्रियावादी सरकार सत्तासीन छ। देशमा जनतन्त्र, जनजीविका तथा राष्ट्रिय स्वाधीनताका समस्या गम्भीर बन्दै गएका छन्। जतातते कोभिड-१९ महामारीले जनतालाई आक्रान्त बनाएको बेला कम्युनिस्ट नामधारी ओली सरकारले जनताको उपचार गर्न नसक्ने घोषणा गरेर आफ्नो प्रतिक्रियावादी सार अनुसारको रूप देखाएको छ। हामी प्रतिक्रियावाद र सबैखाले संशोधनवादसित संघर्ष गर्दै नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवादको स्थापना र साम्यवादको महान् उद्देश्य प्राप्तिका लागि अगाडि बढिरहेका छौं।

आज हामीले विश्व सर्वहारा वर्गका महान् नेता कार्ल मार्क्सको स्मरण गरिरहेका छौं। विश्वभरिका प्रतिक्रियावादी शासकहरू तथा सबै खाले संशोधनवादका विरुद्ध निर्मम सङ्घर्ष गर्नु र नयाँ जनवादी क्रान्तिको दिशामा अगाडि बढ्नुमा नै कार्ल मार्क्सका ऐतिहासिक तथा युगान्तकारी योगदानहरूको पुनः संस्मरण र मार्क्सवादप्रति निष्ठा जाहेर गर्नुको सार्थकता निहित छ। यस अवसरमा हाम्रो पार्टी नयाँ जनवादी क्रान्तिको कार्यदिशालाई समृद्ध तुल्याउँदै र सच्चा कम्युनिस्टहरूलाई एकताबद्ध तथा ध्रुवीकृत गर्दै मार्क्सले देखाएको युगान्तकारीपरिवर्तनको बाटोमा दृडताका साथ अगाडि बढ्न सम्पूर्ण पार्टी पङ्क्ति तथा आम उत्पीडित जनतामा आर्दिक आह्वान गर्दछ।' *मिति बैशाख २२, २०७८*

*किरण*
*महासचिव*
*नेकपा (क्रान्तिकारी माओवादी)*

## आलोपालो

# सत्ता लिप्सामा रूमलिंदै वर्तमान सरकार



● पुष्प गोपाल श्रेष्ठ ●

आखिर सही बिचार कहाँबाट आउँछ ? के आकाशबाट फुत्त झर्छ ? अहँ त्यस्तो हुँदैन। के त्यो धर्तिबाट सुटुक्क पलाउँछ ? अहँ, त्यसरी पनि पलाउँदैन। के त्यो हाम्रो दिमागमा आफसेआफ पैदा हुन्छ ? अहँ त्यस्तो पनि हुँदैन। सही बिचार त सामाजिक व्यवहारबाट पैदा हुन्छ। सामाजिक व्यवहार नै सही बिचारको निर्बिकल्प मूहान हो।

मान्छेको सामाजिक अस्तित्वले नै उसका बिचारको निर्धारण गर्छ। अर्थात यसो भनुँ, जव आमजनताले अग्रगामी वर्गको सही बिचार आत्मासात गर्छ, तब त्यो बिचार समाज र संसारलाई बदल्ने भौतिक शक्तिमा बदलिन्छ। सामाजिक व्यवहारका क्रममा मान्छेले बिभिन्न प्रकारका संघर्ष गरिरहेको हुन्छ। उसका सफलता र असफलताद्वारा प्राप्त अनुभवका आधारमा समृद्ध हुन्छ। ज्ञान सुरुमा इन्द्रीयग्राह्य हुन्छ। अर्थात, मान्छेका पाँच ज्ञानेन्द्रीय - आँखा, कान, नाक, जिब्रो र छालाद्वारा वस्तुगत बाह्य संसारका असंख्य घटनाको प्रतिबिम्ब मस्तिस्कमा ग्रहन गर्छ। अब धारणाका रूपमा रहेको ज्ञान अर्थात बिचारले त्यहि बेला छलाङ मार्छ, जब इन्द्रीयग्राह्य ज्ञान ठूलो परिमाणमा सङ्गहित हुन्छ। यो ज्ञान प्राप्तिको एउटा प्रक्रिया हो।

कुनै व्यक्तिको चेतना या बिचार (जसमा सिद्धान्त, नीति, योजना, उपाय पर्छ) ले वस्तुगत बाह्य संसारको नियमलाई सही रूपमा प्रतिबिम्वन गर्छ कि गर्दैन, यस चरणमा टुङ्गो लाग्दैन। यस चरणमा व्यक्तिको चेतना या बिचार सही छ या गलत भनेर खुट्याउन सकिंदैन। यस्को निम्ति ज्ञानप्राप्तिको दोश्रो चरण, जुन चरणमा हामी चेतनाबाट पदार्थतर्फ फिर्ता हुन्छौं, बिचारबाट अस्तित्व तर्फ फर्कन्छौं र पहिलो चरणमा प्राप्त ज्ञान सामाजिक व्यवहारमा उतार्छौं। जसबाट हामी हाम्रो सिद्धान्त, नीति, योजना र उपायले सफलता प्राप्त गर्न सक्छ कि सक्दैन भन्ने हेर्छौं। सामान्यतः जसमा जो सफल हुन्छ, उ सही ठहरिन्छ, जो असफल हुन्छ उ गलत हुन्छ। यो कुरा प्रकृतिसँग मनुष्यको संघर्षका सन्दर्भमा विशेष रूपमा सत्य ठहरिन्छ।

हाम्रा कतिपय साथीहरू छन्, जो यो ज्ञान सिद्धान्त बुझ्दैनन्। उनीहरूको बिचार, अभिमत, नीति, तरिका, योजना र निष्कर्ष, त्यस्तै गरेर उनीहरूले गर्ने धाराप्रवाह भाषण र लामालामा लेखको मूल आधार वाक्य के हो भनेर सोधियो भने उनीहरूलाई यो प्रश्न नै अनौठो लाग्छ, उनीहरू नाजवाफ हुनुपुग्छन्। न त उनीहरू पदार्थको चेतनामा रूपान्तरण र चेतनाको पदार्थमा रूपान्तरण हुन्छ भन्ने कुरा नै बुझ्न सक्छन्। जवकि यस प्रकारको छलाङ हाम्रो दैनन्दिनको जिन्दगिमा विद्यमान रहेको हुन्छ। खास उनीहरूमा यस प्रकारको कमी-कमजोरी रही आउनुको कारण के हो त भने द्वन्द्वात्मक भौतिकवादको गहिराइलाई बुझ्न नसक्नु हो।

वर्ग-संघर्ष, सामाजिक क्रान्ति पुँजीवादबाट समाजवादमा रूपान्तरण आदिको सबै देशहरूमा समान आधारभूत सिद्धान्त हुन्छ। तर जतिबेला केही गौण तथा प्रधान सिद्धान्त माथि आधारित भएर तिनको प्रयोगको कुरा आउँछ, त्यतिबेला प्रत्येक राष्ट्रमा भिन्नता दृष्टिगोचर हुन्छ। रुसमा भएको अक्टोवर क्रान्ति र चिनमा भएको नयाँ-जनवादी क्रान्ति त्यस्तै उदाहरण हुन्। आधारभूत सिद्धान्तको सन्दर्भमा यी दुबै क्रान्तिका थुप्रै भिन्नता छन्। उदाहरणका लागि रुसमा भए गरेको अक्टोबर क्रान्ति सहरबाट गाउँतिर विस्तारित भयो भने चिनमा भएको नयाँ जनवादी क्रान्ति गाउँबाट सहरतिर विस्तारित भयो। यी दुई क्रान्तिका थुप्रै भिन्नता मध्ये एक हो यो।

नेपालमा पनि देशभक्त स्वाभिमानि नेपाली जनसमूदाय पटक पटक मुक्ति र स्वतन्त्रताको निम्ति जन-संघर्ष र सशस्त्र संघर्षमा दिलोज्यानले नउत्रेका होइनन्, उत्रेकै हुन्। तर हर संघर्षका नेतृत्वदायी भूमिकामा रही आएकाहरू क्रान्तिकारी सिद्धान्तबाट बिचलित भई, आफ्नो व्यक्तिगत स्वार्थमा लिप्तभई पुँजीवादी सोचमा परिणत हुनुपुग्नुको परिणाम, जुन वर्ग र व्यवस्थाको विरुद्ध संघर्ष गर्‍यो अन्ततः उनै वर्ग र व्यवस्थासँगको सम्झौतामा क्रान्तिकारी संघर्षहरू टुङ्ग्याउँदै आइरहेको स्थिति हो यो। यसको निम्ति हाम्रो सामू ज्वलन्त उद्धाहरणको लागि २००७ साल देखि २०६२/०६३ सालसम्म भए गरेका जन संघर्ष र सशस्त्र-जनसंघर्षलाई धोका-धाडी दिंदै, देशमा प्रजातन्त्र र गणतन्त्र प्रादुर्भाव भयो भनि भ्रमपूर्ण घोषणा गरी ब्रम्हलुट गर्दै आइरहेको वर्तमान स्थिति हो।

नेपालको वर्तमान स्थिति, दुई तिहाई बहुमतिय सरकारको नेतृत्वकारी डबल नेकपाका अध्यक्ष कार्यकारी प्रमुख केपी शर्मा ओलीले (हाल एमाले) पुरै असंवैधानिक तौरतरिका अपनाउँदै आफ्ना आसेपासे (दास, दासीहरू) हरूलाई *बाँकी ७ पेजमा*


# गोकर्णेश्वर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

जोरपाटी, काठमाडौं, बागमती प्रदेश, नेपाल



## सूचना



१. स्वास्थ्य र पौष्टिक खान खाऔं, नियमित स्वास्थ्य जाँच गरौं,

२. हाम्रो नगरको पहिचान संस्कृति, गौरव र अस्तित्व विशिष्ट मौलिकता बोकेको गोकर्णेश्वर नगर

३. सुशासन, सरसफाइ र विकास निर्माणमा सबै स्थानीय जनता जागरुक होऔं,

४. बच्चा ५ वर्ष नपुगुञ्जेल नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी बच्चालाई खुवाउनुपर्ने पोषिलो खानेकुराबारे जानकारी लिई पोषण स्थिति थाहा पाउन तौल लिई वृद्धि अनुगमन गरौं,

५. म्याद गएको सामग्रीहरूको बिक्रीवितरणमा रोक लगाऔं, उपभोक्ताको जीवनसँग खेलवाड नगरौं,

६. बोटबिरुवा रोपौं, गोकर्णेश्वर नगरपालिकालाई स्वच्छ, सफा र हराभरा बनाऔं।

७. नगरपालिकाबाट सञ्चालित हरेक गतिविधिहरूमा सहभागी बनौं, जिम्मेवार नागरिकको कर्तव्य पूरा गरौं।

८. समयमै नगरपालिकामा कर तिरौं, आफ्नो सम्पत्तिको वैधता स्थापित गरौं।

# गोकर्णेश्वर नगरपालिका






www.nepalwelhope.com.np

तपाईको सन्तुष्टि हाम्रो शान हाम्रो पहिचान

# बिजय

पेलेट दाना




# नेपाल वेलहोप एग्री-टेक प्रा.लि.

भरतपुर-५ चितवन कल्याणपुर फोन नं. ०५६-५९११५३, ५९१७६६, E-mail : info@nepalwelhope.com.np

| मुख्य कार्यालय | शाखा उद्योग-१ | शाखा उद्योग-२ |
|---|---|---|
| गैरीधारा, काठमाडौं | टंकीसिनवरी-२, विराटनगर, मोरङ | कोहलपूर-१४, पार्वतीपूर, बाँके |
| फोन: ०१-४४२२९४०/४४२२६०५ | फोन: ०२१-४२०७००/४२०६९४ | फोन: ०८१-४०३०८४ |

नेपालमा पहिलोपटक चिनीयाँ तथा नेदरल्याण्डको उच्च प्रविधिबाट तयार पारिएका कुखुरा, बंगुर तथा गाई भैंसीको दानाको लागि


**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं।